सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ भदौ २०८२, बिहीबार (11 Sep 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १५१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

संकटको निकास संविधानबाटै खोज्न राष्ट्रपतिलाई कांग्रेस-एमालेको सुझाव

संविधानबाहिर समाधान खोजिए अर्को विद्रोह हुने चेतावनी

■ कांग्रेस महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले संयुक्त विज्ञप्तिमार्फत भने-



शर्मा



थापा

राष्ट्रपतिज्यू र जेन-जी पक्षलाई हामी आग्रह गर्छौं– अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस्। त्यसमा हाम्रो समर्थन रहनेछ।

गणतन्त्र आइसकेपछि सत्तामा पुगेका व्यक्ति र पार्टीहरूले जनअपेक्षाको गतिमा काम गर्न नसकेको, बेथिति र भ्रष्टाचार मौलाएको विषयलाई गम्भीर आत्मसमीक्षा गरिरहेका छौं। त्यस क्रममा सत्तालाई जवाफदेही बनाउन गरेका हाम्रा प्रयास पनि अपूर्ण रहेको, पर्याप्त हस्तक्षेप गर्न नसकेको र नयाँ पुस्ताको लय र चाहना समयमै बुझ्न नसकेकोमा हामी आत्मालोचित छौं।

■ एमाले महासचिव शंकर पोखरेल र उपमहासचिव प्रदीप ज्ञवालीको संयुक्त विज्ञप्तिमा भनिएको छ-



पोखरेल



ज्ञवाली

प्रधानमन्त्रीको राजीनामापछिको राजनीतिक निकास संविधानसम्मत र लोकतान्त्रिक विधिबाट खोजिनुपर्छ। सार्थक संवाद सुरु गर्न एवं परिणाममुखी संवादकै माध्यमबाट सुशासन, सहज सेवा प्रवाह र तीव्र विकासको आकांक्षालगायतका युवा पुस्ताका मागलाई संविधानसम्मत रूपमा सम्बोधन गर्न आवश्यक पहलका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई ध्यानाकर्षण गराउँछौं। लोकतान्त्रिक गणतन्त्र र बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीलाई कुनै पनि अर्थमा कमजोर गर्नुहुँदैन र समाधानका प्रत्येक प्रयासले लोकतन्त्रलाई थप सुदृढ गर्नुपर्छ।

लोकतन्त्रका आधारभूत मूल्य-मान्यता र राजनीतिक सहअस्तित्वकै आधारमा अगाडि बढ्नुपर्छ : रास्वपा

रास्वपाले नयाँ परिस्थितिमा लोकतन्त्रका आधारभूत मूल्य-मान्यता एवं राजनीतिक सहअस्तित्वकै आधारमा अगाडि बढ्नुपर्ने बताएको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीले बुधबार जारी गरेको विज्ञप्तिमा पछिल्लो घटनाक्रमबारे रास्वपा गम्भीर छलफल र विश्लेषणकै क्रममा रहेको भन्दै नयाँ राजनीतिक कोसेबारे पार्टीका धारणा छिट्टै सार्वजनिक गर्ने उल्लेख छ।

'नयाँ परिस्थितिमा पनि मुलुक विधिको शासन, कानुनी सर्वोच्चता, मानव अधिकार, आवधिक निर्वाचन, अभिव्यक्ति स्वतन्त्रताजस्ता लोकतन्त्रका आधारभूत मूल्य-मान्यता एवं राजनीतिक सहअस्तित्वकै आधारमा अगाडि बढाउनुपर्छ भन्नेमा रास्वपा दृढ छ,' विज्ञप्तिमा भनिएको छ। युवा पुस्ताको चाहना राजनीतिक रूपमा सम्बोधन गर्ने/गराउने वातावरण निर्माणमा पनि सचेत रहेको रास्वपाले जनाएको छ। 'राष्ट्रिय स्वतन्त्र पार्टी सधैं शान्तिपूर्ण र रचनात्मक राजनीतिको पक्षमा छ। र, आन्दोलनका क्रममा युवा पुस्ताले व्यक्त गरेको चाहनालाई राजनीतिक रूपमा सम्बोधन गर्ने/गराउने वातावरण निर्माणमा पनि सचेत छ,' विज्ञप्तिमा भनिएको छ, 'राजनीतिक कोर्सलाई सही दिशामा अगाडि बढाउन, शान्ति-सुव्यवस्था कायम राख्न र सामाजिक सद्भाव अभिवृद्धिमा जनस्तरबाट निरन्तर खबरदारी र पहलकदमीका लागि पनि हार्दिक अपिल गर्दछौं।'

अबको राजनीतिक प्रक्रियालाई शान्तिपूर्ण, रचनात्मक, सहभागितामूलक र पारदर्शी बनाउन नसके दिगो र संस्थागत हुन नसक्ने रास्वपाको भनाइ छ। 'जनताभाझ आशाको सञ्चार गर्न सकिएन भने नयाँ नेपाल निर्माण फेरि पनि आकांक्षामै सीमित हुनेछ। अबको राजनीतिक प्रक्रियालाई शान्तिपूर्ण, रचनात्मक, सहभागितामूलक र पारदर्शी बनाउन सकिएन भने परिवर्तनको चाहना दिगो रूपमा संस्थागत हुन सक्दैन,' विज्ञप्तिमा छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

दुईदिने जेन-जी आन्दोलन उत्कर्षमा पुगेपछि सत्ताच्युत प्रमुख दुई दल कांग्रेस र एमालेले संविधानसम्मत, संसदीय, कानुनी र लोकतान्त्रिक मार्गबाटै समाधान खोज्नुपर्ने भन्दै राष्ट्रपति रामचन्द्र पौडेल र जेन-जी अभियन्ताहरूको ध्यानाकर्षण गराएका छन्। कांग्रेस महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले एउटा तथा एमाले महासचिव शंकर पोखरेल र उपमहासचिव प्रदीप ज्ञवालीले अर्को विज्ञप्ति जारी गरी आन्दोलनको समाधानका लागि सबै पक्षलाई जिम्मेवार बन्न आग्रह गरेका छन्।

विधिहीनताले देश थप अराजकताको भुमरीमा पर्नेतर्फ उनीहरूले सचेत गराएका छन्। त्यति मात्र होइन, देशलाई षड्यन्त्रमूलक ढंगले अलोकतान्त्रिक, गैरसंवैधानिक र अराजकताको बाटोमा हिँडाउन खोजिएको संकेत गर्दै उनीहरूले व्यवस्था बचाउन अर्को विद्रोह सुरु हुन सक्ने चेतावनीसमेत दिएका छन्। संवैधानिक रिक्तता र शून्यता आउन नदिन उनीहरूको सुझाव छ।

» पृष्ठ २ मा क्रमशः

नयाँ सरकार गठनको संवादमा सेनापति

जेन-जीको ठुलो समूहले प्रस्ताव गऱ्यो पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाम, बालेनले पनि जनाए समर्थन, प्रधानसेनापति सिग्देललेे आज सबै पक्षसँग संयुक्त छलफल गर्ने

■ प्रधानमन्त्रीमा सुशीलालाई समर्थन गर्दै राष्ट्रपतिलाई बालेनको आग्रह-



सम्माननीय राष्ट्रपतिज्यू, जेन-जीहरूले ल्याएको ऐतिहासिक क्रान्तिलाई संरक्षण गर्न अन्तरिम सरकारको गठन र संसद्को विघटन अविलम्ब गर्नुहोला।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएपछि नयाँ सरकार गठनका लागि प्रधानसेनापति अशोकराज सिग्देलले छलफल अघि बढाएका छन्। मंगलबार राति वार्ताका लागि आह्वान गरेका उनले बुधबार दिनभर विभिन्न पक्षसँग संवाद गरेका छन्। थप छलफलका लागि बिहीबार बिहान सबै पक्षको बैठक डाकेका छन्।

सैनिक स्रोतका अनुसार जेन-जीको आन्दोलन र मागअनुसार अन्तरिम सरकार गठनका लागि चरणबद्ध छलफल गरेका प्रधानसेनापति सिग्देलले आन्दोलनरत पक्षलगायत सरोकारवाला सबै पक्षसँग बिहीबार बिहान ८:३० मा जंगी अड्डामा बैठक राखेका छन्। प्रधानमन्त्री ओलीले मंगलबार राजीनामा दिएपछि राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानसेनापति सिग्देलले वार्तामा आउन जेन-जी समूहलाई आह्वान गरेका थिए। आह्वानअनुसार बुधबार जेन-जीका विभिन्न समूह सैनिक मुख्यालय जंगी अड्डा पुगेका हुन्।

भ्रष्टाचारविरुद्ध आन्दोलन थालेका जेन-जीको प्रदर्शन सफल भएपछि अन्तरिम सरकार गठनको गृहकार्य भइरहेको छ। यसैअनुसार प्रधानसेनापति सिग्देलले बुधबार दिनभर आन्दोलनरत जेन-जी पुस्ताका प्रतिनिधिहरू, धरानका मेयर हर्क साम्पाङ र मेडिकल व्यवसायी दुर्गा प्रसाईंलगायतसँग छलफल गरेका

» पृष्ठ २ मा क्रमशः



सम्पादकीय टिप्पणी

राष्ट्रपति कार्यालय सक्रिय बन

जेन-जी पुस्ताको आन्दोलन सफल भएको छ। तर, नयाँ सरकार गठनको स्पष्ट तस्बिर अझै देखिइसकेको छैन। निश्चित रूपमा युवा आन्दोलनको भावना, इच्छा र रुचिअनुसार नै नयाँ सरकार गठन हुनुपर्छ। उनीहरूको अपनत्व हुने गरी गठन हुनुपर्छ। तर, सरकार गठनको संवादका लागि जुन निकाय सक्रिय भइरहेको छ, त्यो सुहाउँदो देखिएको छैन। यस्ता छलफलका लागि राष्ट्रपति कार्यालय नै सक्रिय बन्नुपर्छ। सैनिक मुख्यालय सक्रिय हुँदा लोकतन्त्रलाई राम्रो सन्देश दिँदैन।

अहिले संवैधानिक शून्यताको अवस्था पनि होइन। राष्ट्रपति हुनुहुन्छ, जो संविधानको संरक्षक पनि हो। नयाँ सरकार गठनका लागि राष्ट्रपति कार्यालयले आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। विषम परिस्थितिमा नागरिकलाई शान्ति सुरक्षा दिन सेना सक्रिय बन्नु स्वाभाविक हो। जुन, अहिले गरी पनि रहेको छ। यसका अतिरिक्त राजनीतिक मुद्दामा राष्ट्रिय सेना विवादमा पर्ने अवस्था आउनुहुन्न।

■ सुशीला कार्कीलाई सिफारिस गरेको 'जेन-जी लेट मुभमेन्ट'को कार्ययोजना

संसद् विघटन, अन्तरिम सरकार गठन र संविधानमा व्यापक संशोधन

अन्तरिम सरकारको नेतृत्वका लागि सुशीला कार्कीलाई सिफारिस गरेको 'जेन-जी लेट मुभमेन्ट'ले संसद् विघटन, अन्तरिम सरकार गठन र संविधानमा व्यापक संशोधनसहितका प्रारम्भिक कार्ययोजना ल्याएको छ। प्रधानसेनापतिसँग जंगी अड्डामा छलफल गरेपछि बाहिरिएका 'जेन-जी लेट मुभमेन्ट'का प्रतिनिधिले जेन-जी समूह र उपसमूहमा भएको अनलाइन भोटिङमा सुशीला कार्कीको नाम प्रस्ताव गरिएकोसमेत बताए।

'जेन-जी लेट मुभमेन्ट'ले 'संसद् विघटनको पूर्वसर्त कार्यान्वयन गर्दै सबै समूह र उपसमूहसँग वार्ता गर्ने, वार्तापश्चात् राष्ट्रपतिबाट संसद् विघटन गरी निश्चित समयावधिका लागि जेन-जीको प्रस्तावमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा निश्चित समयावधि तोकेर तत्काल अन्तरिम सरकार घोषणा गर्ने' प्रस्ताव गरेको छ।

यस्तै 'जेन-जी लेट मुभमेन्ट'ले जेन-जी नेतृत्वको सरकार नै आन्दोलनको मूल मर्म रहेको भन्दै 'त्यसका लागि देश-विदेशमा रहेर आन्दोलन गर्ने सबै जेन-जीको राष्ट्रव्यापी सम्मेलनबाट चयन हुने नेतृत्वलाई तत्कालीन अन्तरिम सरकारले जेन-जी लेट अन्तरिम सरकार हस्तान्तरण गर्ने' कार्ययोजना प्रस्ताव गरेको छ। यसका लागि स्पष्ट कार्ययोजनाको मस्यौदा बनाउने 'जेन-जी लेट मुभमेन्ट'को भनाइ छ।

यसबाहेक 'निवर्तमान प्रधानमन्त्री केपी ओलीसहित सम्पूर्ण दलका नेताहरू तथा सबै सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति छानबिन गर्ने तथा सबै दलका नेतालाई फौजदारी अपराधमा कारबाही गर्ने' उनीहरूको भनाइ छ। 'संविधानमा व्यापक संशोधन गर्ने र संविधानले सुरक्षित गरेको जनताको सार्वभौमसत्तामाथि कुनै प्रकारको हस्तक्षेप अस्वीकार गर्ने' उक्त समूहको भनाइ छ।

३३ पुग्यो आन्दोलनमा मृत्यु हुनेको संख्या

एक हजार ६१ घाइतेमध्ये सात सय १९ डिस्चार्ज, दुई सय ७४ उपचाररत

शिवहरि घिमिरे/नयाँ पत्रिका

दुई दिन चलेको जेन-जी आन्दोलनमा प्रदर्शनकारी, प्रहरी र आगजनीमा मृत्यु हुनेको संख्या कम्तीमा ३३ पुगेको छ। विभिन्न अस्पताललेे ३० मृतकको सूची उपलब्ध गराएकोमा बुधबार पोखरामा आगजनी भएका संरचनाभित्र दुई र ललितपुरमा एकको शव जलेको अवस्थामा भेटिएको हो।

प्रदर्शनको पहिलो दिन सोमबार १९ जनाको मृत्यु भएको थियो। मंगलबार यो संख्या थपिएर ३० पुग्यो। बुधबार पोखरा महानगरपालिका- ६ लेकसाइडस्थित एक रिसोर्ट र पोखरा- ९ नयाँबजारस्थित एक सोरुममा गरी दुईजनाको शव जलेको अवस्थामा फेला परेको छ। बुधबारै ललितपुर ढोलाहिटीमा माओवादी अध्यक्ष प्रचण्डकी छोरी गंगा दाहालको घरभित्र एकजनाको शव जलेको अवस्थामा भेटिएको छ।

अस्पतालहरूले स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराएको तथ्यांकअनुसार ट्रमा सेन्टरमा आठ,

» पृष्ठ २ मा क्रमशः

■ अस्पतालहरूले उपलब्ध गराएका ३० मृतकको सूची

- **ट्रमा सेन्टर** (८) : सुलभराज श्रेष्ठ (२१), श्रीयम चौलागाईं (१९), बुद्धि तामाङ (४२) र सनाखत हुन बाँकी पाँचजना।
- **सिभिल** (६) : मिसल सारुमगर (१८), पारुहाङ उत्मल राई (४५) र सनाखत हुन बाँकी चारजना। (तीन शव टिचिङ पठाइयो)
- **भेरी अस्पताल** (५) : (सनाखत हुन बाँकी)
- **एभरेस्ट** (३) : योगेन्द्र न्यौपाने (२४), विनोद महर्जन (३४), दिलनारायण तामाङ (४२) (शव आफन्तलाई जिम्मा)
- **फ्रन्टलाइन** (३) : प्रविन कुलुङ (२१), उमेश महत (२१) र निता गौतम (१७) (शव जिम्मा लगाउन बाँकी)
- **केएमसी** (२) : सौरभकिशोर श्रेष्ठ (२१) र सुवास बोहरा (२८) (शव जिम्मा लगाउन बाँकी)
- **बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान** (२) : (सनाखत हुन बाँकी)
- **टिचिङ** (१) : नीरज पन्त

■ पोखरा र ललितपुरमा आगजनी भएका घरभित्र भेटिए थप तीन शव

बुधबार पोखरा महानगरपालिका- ६, लेकसाइडस्थित रिसोर्ट र पोखरा- ९, नयाँबजारस्थित एक सोरुममा गरी दुईजनाको शव जलेको अवस्थामा फेला परेको छ। बुधबारै ललितपुर ढोलाहिटीमा माओवादी अध्यक्ष प्रचण्डकी छोरी गंगा दाहालको घरभित्र एकजनाको शव जलेको अवस्थामा भेटिएको छ। उनीहरू तीनैजनाको सनाखत हुन सकेको छैन।

१७ जेलबाट भागे १० हजार कैदीबन्दी



नक्खु र केन्द्रीय कारागारबाट मात्रै ४७ सय कैदीबन्दी फरार, आगजनी भएका कतिपय जेलमा बन्दी अभिलेख किताबखानासहितका तथ्यांक नष्ट

(विस्तृत पृष्ठ ३)

खाद्यान्न पर्याप्त, तरकारी आपूर्ति असहज



व्यवसायी भन्छन्- कम्तीमा एक महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ

(विस्तृत पृष्ठ ६)

शून्यताको स्थितिमा सरकारी अड्डा

जले संरचना, सवारी र कागजात, नियमित सेवाग्राहीको चाप हुने जिल्ला प्रशासन, अदालत र कार्यालयहरू सञ्चालन नै गर्न नसक्ने अवस्थामा

सुवास भट्ट/नयाँ पत्रिका

जेन-जीको दुईदिने प्रदर्शनमा आगजनी र तोडफोडबाट महत्त्वपूर्ण सरकारी कार्यालय खण्डहर भएका छन्। भवन तथा संरचना, कागजात र सवारीहरू क्षतिग्रस्त हुँदा केन्द्रीय प्रमुख निकायहरू शून्यताकै स्थितिमा पुगेका छन्।

आधारभूत संरचना र तथ्य-तथ्यांक नामेट भएपछि केन्द्रीय अड्डाहरू तत्काल काम गर्न नसक्ने अवस्थामा छन्। टाइप गर्ने कम्प्युटरसमेत नभएपछि बुधबार सर्वोच्च अदालतले मुद्दाका सुनुवाइ स्थगित गरेको हस्तलिखित सूचना जारी गऱ्यो। क्षतिका कारण कारबाही अघि बढाउन सक्ने स्थितिमा अदालत छैन।

अदालतमा रहेका मुद्दाका मिसिल, सर्भर र इजलाससमेत जलेर नष्ट भएको सर्वोच्चद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। 'आजका लागि तोकिएका मुद्दाका पेसी स्थगित गरिएको र भोलिदेखिका पेसीमा रहेका मुद्दाहरूको सुनुवाइ अर्को सूचना नभएसम्मका लागि

» पृष्ठ २ मा क्रमशः

NIMB AUTO LOAN @6.29% p.a.



सर्वोच्च अदालतमा गरिएको आगजनीबाट बचेका कागजात संकलन गर्दै कर्मचारी। तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

संसद् बैठक बस्ने ठाउँ नै रहेन

दुवै सदनका बैठक अनिश्चितकालका लागि स्थगित, संसद् सचिवालयका कागजात भने सुरक्षित

नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा गरिएको आगजनीले संघीय संसद् भवन पूर्ण रूपमा ध्वस्त भएको छ। संसद्का महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भाडामा सञ्चालन भइरहेको संसद् भवन काम नलाग्ने अवस्थामा पुगेको छ। अब संसद्को बैठक बस्ने ठाउँ नै छैन।

सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा र राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले राष्ट्रिय सभा बैठक अनिश्चितकालका लागि स्थगित गरेका छन्।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार बानेश्वरको संसद् भवनको भित्री संरचना केही पनि बाँकी छैन। सो भवनमा प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठक बस्दै आएको थियो। भवनभित्र कुर्सीहरू केही बाँकी छैन। दर्शकदीर्घा भुइँमा झरेको छ। ल्होत्से हल पूर्ण रूपमा जलेको छ। दलका शीर्ष नेताहरू बस्ने कक्ष पनि बाँकी छैन।

» पृष्ठ २ मा क्रमशः



राजनीतिक समस्या त थियो नै, बैठक चलाउन अब प्राविधिक समस्या पनि आयो



● **एकराम गिरी**, प्रवक्ता, संसद् सचिवालय

संसद् भवनमा सभा सञ्चालन गर्ने सबै कुरा जलेका छन्। माइक, कुर्सी, टेबल, साउन्ड सिस्टम बाँकी रहेन। भिडियो सिस्टम, मिडिया सेन्टर पनि सकियो। कम्प्युटर, ल्यापटप, टिभीहरू जले। कम्प्युटरमा रहेका रेकर्डहरू छैनन्। क्यान्टिन पनि जलाइयो। राजनीतिक समस्या त थियो नै, बैठक चलाउन अब प्राविधिक समस्या पनि आयो।

जेन-जी र महानगरले गरे सडक सरसफाइ



काठमाडौं/ दुईदिने जेन-जी आन्दोलनका क्रममा फोहोर र अस्तव्यस्त बनेका काठमाडौंका मुख्य सडक जेन-जी समूह र महानगर प्रहरीले सरसफाइ गरेको छ। आन्दोलनका क्रममा भएको फोहोर र अवरोध हटाउन जेन-जी समूह आफैं सरसफाइमा निस्किएका हुन्। तोडफोड, ढुंगामुढा र आगजनीका कारण सडक अस्तव्यस्त बनेका थिए। उपत्यकाका सबैजसो सडकमा १७ ट्रकभन्दा बढी फोहोर उठाइएको छ। थुप्रै कबाड सामान उठाइएको छ। सवारीसाधन जलाइएपछि अधिकांश सडकमा फलाम र खरानी थुप्रिएको थियो। सडकनजिकका भवन जलाउँदा सडक फोहोर बनेको थियो। सडकमा ढुंगामुढासमेत थुप्रिएका थिए। अहिले मुख्य सडकहरू सरसफाइ भइसकेको महानगर प्रहरीले जनाएको छ।
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

नेपालमा शान्ति र स्थायित्व होस् : चीन

नयाँ पत्रिका

नेपालमा विकसित घटनाक्रमबारे छिमेकी चीनले प्रतिक्रिया जनाएको छ। घटनाको तेस्रो दिन चीनले धारणा राख्दै शान्ति र स्थिरतामा जोड दिएको छ। यसअघि सोमबार अमेरिकासहित पश्चिमा मुलुक र मंगलबार भारतले नेपालमा विकसित घटनाक्रबारे चासो व्यक्त गरेका थिए।

'चीन र नेपाल एक-अर्काका परम्परागत मित्र र छिमेकी हुन्। हामी आशा गर्छौं कि नेपालका विभिन्न पक्षहरूले आन्तरिक समस्यालाई उचित ढंगले सम्बोधन गरी छिट्टै मुलुकमा शान्ति र स्थायित्व कायम गर्नेछन्,' चिनियाँ विदेश मन्त्रालयले भनेको छ। यद्यपि, चीनले घटना र त्यसक्रममा भएको जनधन क्षतिबारे बोलेको छैन।

भारतले मंगलबार विज्ञप्ति जारी गरी संयम अपनाउन र शान्तिपूर्ण तरिकाले संवादमार्फत समाधान गर्नुपर्नेमा जोड दिएको थियो।

'नेपालको नजिकको मित्र र छिमेकीका रूपमा भारत सबै पक्षले संयम अपनाई समस्याहरूलाई शान्तिपूर्ण तरिकाले र संवादमार्फत समाधान गर्नुपर्ने विश्वास गर्दछ,' भारतीय विदेश मन्त्रालयको भनाइ थियो।

सोमबारै अमेरिका, बेलायत, अस्ट्रेलिया, फिनल्यान्ड, फ्रान्स, जापान, दक्षिण कोरिया नर्वे, जर्मनी र स्विट्जरल्यान्डले चासो राखेका थिए। 'हाम्रा सरकारहरूका तर्फबाट हामी शान्तिपूर्ण सभा र अभिव्यक्तिको स्वतन्त्रताको सार्वभौमिक अधिकारप्रति दृढ समर्थन पुनः व्यक्त गर्दछौं,' उनीहरूको विज्ञप्तिमा भनिएको छ, 'हामी सबै पक्षलाई अधिकतम संयम अपनाउन, परिस्थितिलाई थप बिग्रिन नदिई शान्तिपूर्ण तरिकाले समाधान खोज्न तथा यी मौलिक अधिकारहरूको पूर्ण संरक्षण सुनिश्चित गर्न आग्रह गर्दछौं।'

नयाँ सरकार...

पृष्ठ १ बाट क्रमशः

छन्। प्रधानसेनापति सिग्देलले काठमाडौंका मेयर बालेन्द्र शाह र कुलमान घिसिङलगायतसँग टेलिफोनमा संवाद गरेका थिए। मेयर शाहसँग बुधबार प्रधानसेनापतिको बैठक तय भए पनि उनी जंगी अड्डा नगएको स्रोतले बतायो। नेपाली सेनाका प्रवक्ता सहायकरथी राजाराम बस्नेतले सबै पक्षसँग समन्वय भइरहेको बताए। 'सबै पक्षसँग समन्वय भइरहेको छ,' बस्नेतले नयाँ पत्रिकासँग भने।

बुधबार प्रधानसेनापतिसँगको भेटमा अधिकांशले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भए स्वीकार्य हुने सुझाव दिएका छन्। यद्यपि, तर अन्तरिम सरकारको नेतृत्वबारे जेन-जीका विभिन्न समूहबिच एकरूपता छैन।

जेन-जीको एउटा समूहले सामाजिक सञ्जाल डिस्कर्डमा लामो भर्चुअल छलफल र अनलाइन भोटिङमार्फत सुशीला कार्कीको नाम अनुमोदन गरेर सैनिक मुख्यालय जंगी अड्डामा सिफारिस गरेको छ। १० हजारभन्दा बढी जेन-जी जोडिएको यो समूहका अभियन्ताका अनुसार काठमाडौंका मेयर शाहले नेतृत्वका लागि कुनै प्रतिक्रिया नदिएपछि भोटिङबाट कार्कीलाई छनोट गरिएको हो।

यो समूहले पूर्वप्रधानन्यायाधीश कार्कीको कानुनी पृष्ठभूमि र अनुभवका कारण उनी उपयुक्त पात्र भएको ठहर गरेको छ। यो समूहले युवा अभियन्ता सागर ढकालसँग पनि सम्पर्क गरेको थियो, उनले पनि बालेन वा कार्की उपयुक्त हुने राय दिएका थिए, कोही तयार नभएको अवस्थामा आफूले सोच्ने जवाफ दिएका थिए।

जेन-जी समूहमा काठमाडौं महानगरपालिकाका मेयर बालेन, पूर्वप्रधानन्यायाधीश कार्की, धरानका मेयर हर्क, युवा अभियन्ता सागर, विद्युत् प्राधिकरणका पूर्वनिर्देशक कुलमान घिसिङ, वैज्ञानिक महावीर पुन, नेत्र चिकित्सक सन्दुक रुइतलगायतको नाम चर्चामा छन्। तर, बुधबार राति सामाजिक सञ्जालमार्फत मेयर शाहले कार्कीको नाममा समर्थन जनाएका छन्।

यसैगरी, जेन-जीको अर्को समूहले कार्कीलाई मान्न नसकिने तर्क गरेको छ। कार्कीको नाम सिफारिस भएपछि यो समूह जंगी अड्डाको गेटमै पुगेर असहमति जनाएको थियो। यो समूहले बालेन वा हर्कलाई अन्तरिम सरकारको नेतृत्व दिनुपर्ने माग अघि सारेको छ। उनीहरूले आफू पनि आन्दोलनमा सहभागी भएकाले आफूहरूसँग छलफल गरी सहमतिमा नेतृत्व छान्नुपर्नेमा एउटा पक्षले एकलौटि गरेको भन्दै गेटमै धर्ना दिइरहेका छन्। यो समूहका सदस्यले पहिला संसद् विघटन हुनुपर्ने र त्यसपछि मात्र नेतृत्वका लागि व्यक्ति चयन गरेर जानुपर्ने अडान लिएका छन्।

प्रधानसेनापतिले आन्दोलनरत जेन-जी मात्र नभएर वर्तमान शासकीय प्रणालीसँग असन्तुष्ट रहेका प्रसाईंलगायतसँग पनि छलफल गरेर सबैको मनस्थिति बुझ्ने प्रयास गरेको सैनिक स्रोतको दाबी छ। 'एकथरीको सेन्टिमेन्ट सम्बोधन गर्ने र फेरि अर्काथरी आन्दोलनमा जाने अवस्था नबनोस्। सबैसँग एकसरो कुराकानी गरौं, त्यस आधारमा भविष्यमा ठुलो आन्दोलन वा असन्तुष्टि बाहिर पोखिने अवस्था नआओस् भन्ने उहाँको चाहना छ,' सैनिक स्रोतले भन्यो।

जंगी अड्डाले जेन-जी समूहका प्रतिनिधि तय भइसकेकाले बिहीबार सबै सरोकारवालासँग विस्तृत छलफल गरेर निष्कर्ष निकाल्ने तयारी गरेको जनाएको छ। 'जेन-जी संगठित समूह नभएका कारण उनीहरूका प्रतिनिधि खोज्न र तय गर्न समय लाग्यो, अब उनीहरूसहित विभिन्न समूहसँग बिहीबार छलफल हुन्छ,' सैनिक स्रोतले भन्यो।

प्रधानसेनापति सिग्देलसँगको भेटमा धरानका मेयर साम्पाङले आफू अन्तरिम सरकार प्रमुखका रूपमा रहेर देशलाई निकास दिन सक्ने दाबी गरेका छन्। तर, पूर्वप्रधानन्यायाधीश कार्कीको नाममा उनले विमति जनाएका छैनन्। यसैगरी, साम्पाङले हजारौं जनताले काठमाडौं आउनुपर्छ भनेर अनुरोध गरेकाले आएको र आएर प्रधानसेनापति सिग्देलसँग भेटेर कुरा गरेको बताए। 'मैले कुरा गर्दा उहाँले छलफल गरिसक्नुभएको रहेछ, सुशीला कार्कीलाई अगाडि बढाउने भनेर। त्यस्तो आएको छ,' उनले भने। सुशीला कार्कीलाई समर्थन छ भनेर प्रश्न गर्दा साम्पाङले थपे, 'म को हो र सहमति, असहमति जनाउने ? युथले गर्ने कुरा होला। जेन-जीका प्रतिनिधि कोही गएको रहेछ, त्यो खालको सहमति रहेछ, त्यसरी नै जानुपर्छ होला भन्ने कुरा थियो।'

प्रधानसेनापति भेटेको तस्बिर राख्दै प्रसाईंले फेसबुकमा आफू नेतृत्वको दौडमा नरहेको बताएका छन्। तर, कोही अगाडि नबढे आफू पछि नहट्ने उनको भनाइ छ। 'मलाई नेतृत्वको मोह छैन। देशलाई जसरी निकास मिल्छ, त्यही नै मेरो प्राथमिकता हो,' उनले लेखेका छन्, 'जेन-जी पुस्ताको आवाजलाई सम्मान गर्दै म बालेनजी वा सुशीला कार्कीजी, जोसुकै तयार छन्, उनीहरूको नेतृत्व स्विकार्न तयार छु। तर, कोही पनि अगाडि नबढ्दा पिठ्युँ देखाएर भाग्ने मेरो स्वभाव होइन। म जुनसुकै परिस्थितिका लागि पनि तयार छु।'

तर, जेन-जी पुस्ताका तर्फबाट जंगी अड्डामा सहभागी भएकी रक्षा बमले प्रसाईंको उपस्थितिप्रति असहमति जनाएको उल्लेख गरेकी छिन्। बम एउटा जेन-जी समूहकी अभियन्ता हुन्। जो बुधबार आफ्नो समूहसहित सैनिक मुख्यालय जंगी अड्डा पुगेकी थिइन्। 'आज पनि हामी नेपाली सेनाको मुख्यालयमा अन्य जेन-जेड समूहसँग छलफल गर्न गएका थियौं। तर, आन्दोलनको बेसिक नर्म्सविरुद्ध छलफल अघि बढाइन थालेपछि म र केही साथीहरू तत्काल बाहिरियौं,' उनले भनेकी छिन्।

यसैगरी, हामी नेपाल नामक समूहबाट पनि जंगी अड्डा पुगेका जेन-जी अभियन्ता निमेश श्रेष्ठ र रेहानराज दाहालले इन्स्टाग्रामबाट भनेका छन्, 'हामी आर्मी हेडक्वार्टरमा छौं। हामीले हामी नेपाल संस्थाबाट आधिकारिक रूपमा सुदन दाइ (गुरुङ)लाई लिडर बन्ने भनेर पठाएका छौं। हामी एकपटक बैठक बसिसकेका छौं। हामीलाई राम्रो लिडर चाहिएको छ। त्यो लिडरका लागि कसलाई बनाउने भनेर छलफल गरिरहेका छौं। अन्तरिम सरकारका लागि। सैनिक शासन नहोस्। डेमोक्रेसी कायम रहिरहोस् भनेर जंगी अड्डा आएका छौं।' अन्तरिम सरकार गठनका लागि जेन-जी समूहले पूर्ण गैरराजनीतिक व्यक्तिको खोजी गरिरहेको जनाएको छ।

संसद् बैठक...

पृष्ठ १ बाट क्रमशः

प्रहरीहरू बस्ने क्वार्टर पनि बाँकी छैन। भवनका भित्तामा जेन-जी लेखिएको छ। सरकारलाई गाली गरिएको छ। भित्रै जान सकिने अवस्था छैन। आन्दोलनकारीले संघीय संसद् लेखेको प्लेकार्ड पनि बाँकी राखेका छैनन्। महासचिव पाण्डेयले बानेश्वरको संसद् भवनमा कुनै सभा वा कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था नरहेको बताए। 'संसद् भवनमा सभा सञ्चालन गर्ने सबै कुरा जले। माइक, कुर्सी टेबल, साउन्ड सिस्टम बाँकी रहेन। भिडियो सिस्टम, मिडिया सेन्टर पनि सकियो। कम्प्युटर, ल्यापटप, टिभीहरू जले। कम्प्युटरमा रहेका रेकर्डहरू छैनन्। क्यान्टिन पनि जलाइयो,' उनले भने, 'राजनीतिक समस्या त थियो नै, बैठक चलाउन अब प्राविधिक समस्या पनि आयो।' संसद्का दस्ताबेजहरू भने सुरक्षित छन्। महासचिव पद्मप्रसाद पाण्डेका अनुसार संसद्का कागजातहरू सिंहदरबारस्थित संसद् सचिवालयमा सुरक्षित छन्। आन्दोलनकारीले सिंहदरबारभित्र अन्य क्षेत्रका तोडफोड र आगजनी गरे पनि संसद् सचिवालयको कोठाभित्र र भवनहरूमा ठुलो क्षति नपुऱ्याएकाले कागजातहरू सुरक्षित नै छन्।

रविको प्रश्न- कारागारले नै निस्किन भन्यो, म बाँच्न पाउने कि नपाउने ?


सरकार बनाउने र सरकारमा जाने कुनै पनि दौडमा नरहेको प्रस्टीकरण

नयाँ पत्रिका

रास्वपा सभापति रवि लामिछानेले जेन-जी आन्दोलनको क्रममा कारागार प्रशासनले नै आफूलाई बाहिर निस्कन आग्रह गरेको प्रस्ट्याएका छन्। जेलबाट निस्किएको भन्दै आलोचना भइरहेका वेला उनले फेसबुक लाइभमार्फत प्रस्टीकरण दिँदै कारागार प्रशासनले पत्र दिएर जबर्जस्ती बाहिर निकालेको बताए। साथै उनले आफू सरकार बनाउने र त्यसमा सहभागी हुने दौडमा नरहेको भन्दै आफूलाई बदनाम गर्ने काम नगर्न चेतावनी दिएका छन्।

'कारागारबाट मैले निस्किन चाहेको होइन। भिड बढेपछि कारागारले मलाई जबर्जस्ती बाहिर निकालेको हो। मैले विनापत्र जान्न भनेको हुँ। उनीहरूले जस्तो पत्र दिए, सार्वजनिक गरिसकेको छु,' उनले भने। सुरक्षा संवेदनशीलतालाई हेरेर जेल प्रशासनले छाडेको उनको भनाइ छ। 'सरकार छैन, सुरक्षा निकाय सुरक्षा दिन सक्दिनँ, आफैं सुरक्षित बस भन्छ। कारागार प्रशासन मलाई निस्केर बाटोमा जा भन्छ। जहाँ एउटा ठुलो भिड हातमा आगो लिएर, आक्रोश लिएर निस्किएको छ। अब भन्नुस्- मैले बाँच्न पाउने कि नपाउने ? कांग्रेस-एमालेबाट जेन-जीसम्म आइपुग्दा पनि ममाथिको अन्याय नरोकिने नै हो त यो देशमा ?' उनले भनेका छन्।

रविले जेलबारे प्रश्न उठेपछि आफूले सुरक्षा प्रमुखलाई नियन्त्रणमा लिन भनेको पनि उल्लेख गरेका छन्। 'आजै मैले जनपद र सशस्त्रका आइजिपीलाई भनेको छु, मलाई तपाईंहरू आफ्नो कस्टडीमा राख्नुस्, नियन्त्रणमा लिनुस् वा कारागार पठाउनुस्। उहाँहरूले स्पष्ट रूपमा भन्नुभयो- तपाईं आफैं सुरक्षित बस्नुस्, आवश्यक परे सम्पर्क गर्छौं, सुरक्षा दिन नसकेरै हिजो कारागारले तपाईंलाई पत्र दिएको होला,' उनले भने, 'सुरक्षा निकायबाट यस्तो जवाफ आएपछि आजै मैले न्यायिक निकायहरूलाई समेत औपचारिक जानकारी गराइसकेको छु।'



उनले थपे, 'जेलले निस्की भनेर धकेलेर निकालिएको पत्र बोकेर सुरक्षा निकायले नै सुरक्षा दिन नसक्ने त्यही जेलमा कुन विधिबाट जाऊँ ? म विधिमा लाग्छु।'

रविले आफ्नो मुद्दा कानुनी माध्यमबाट नै लडिरहेको र लडिरहने स्पष्ट पारे। 'ओली-देउवाको कुशासनको सबैभन्दा ठुलो सिकार भएको म। तिनीहरूले जिल्लैपिच्छे लगाएको झुटो मुद्दा अझै खेपिरहेको छु। जनताले ओली-देउवालाई लखेटे। तर, तिनले लगाएको झुटो मुद्दा मेरो टाउकोमा अझै हटेको छैन,' उनले भने।

रविले आफ्ना लागि सरकारभन्दा लोकतन्त्र ठुलो भएको बताए। 'म सरकार बनाउने, सरकारमा जाने कुनै पनि दौडमा छैन। कसैसँग कतै, कुनै बैठक गरेको छैन। मेरो नाममा कसैले विवाद गर्न जरुरी छैन। म यो रेसमा छैन भनेर धेरैपटक भनिसकें। रेसमा नआओस् भनेर डिफेम गर्नुपर्दैन,' उनले भने, 'तर, यो देश रहनुपर्छ। लोकतन्त्र रहनुपर्छ। नागरिक सर्वोच्चता रहनुपर्छ। यो कुरामा म कसैसँग नडराई दह्रोसँग उभिने तागत बाँचुञ्जेल राख्नेछु।' उनले आन्दोलन जेन-जीको भन्दै थपे, 'अबको नेतृत्व पनि जेन-जीले नै तय गरोस्।'

लामिछानेले लोकतन्त्र, मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता, सुशासन, खुला र पारदर्शी समाजजस्ता लोकतन्त्रका आधारभूत स्तम्भमा कम्प्रमाइज गर्न नसकिने पनि बताए। 'एउटा नेताको पछाडि कहिले लाखौंको भिड हुन्छ, कहिले ऊ एक्लै खडा हुनुपर्छ। रवि लामिछाने दुवैका लागि तयार भएर मात्र राजनीतिको मैदानमा आएको भुइँमान्छे हो। जो कहिल्यै लुकेर बसेन। सधैं जनताको आमनेसामने रह्यो। यिनले कालकोठरीमा थुन्दा पनि यिनको मुटु हल्लिने गरी वक्तव्य निकालेर भ्रष्टहरूलाई ललकारेको मान्छे हुँ, नबिर्सिनुहोला,' उनले भने।

लामिछानेले पुराना दलका नेताले आफूलाई छलपूर्वक संसद्बाट निकालेको आरोप लगाए। 'आजभन्दा दुई-तीन दिन अगाडिसम्म पनि राजनीतिक प्रतिशोध भयो भनेर यस देशका झन्डै ४० लाख मानिसले हस्ताक्षर गरेर ऐक्यबद्धता जनाएका छन्। सर्वाधिक मत ल्याएर संसद् छिरेको मान्छेलाई ओली, देउवा, गगन, आरजुहरूले छलपूर्वक, बलपूर्वक संसद्बाट निकाले। तर, जनताको मनबाट निकाल्न सकेनन्,' उनले भने। स्वाभिमानी, स्वतन्त्र, अटल र सार्वभौम देश रहनुपर्ने उनको भनाइ थियो।

संकटको...

पृष्ठ १ बाट क्रमशः

'हामी यो पहललाई जेन-जी पुस्ताको भावनाबमोजिम नै निष्कर्षमा पुऱ्याउन आग्रह गर्दछौं। त्यसो गर्दैगर्दा आवश्यकताको सिद्धान्तबमोजिम हुने निर्णयलाई पनि संविधानबमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्दछ भन्ने कुराको स्मरण गराउन चाहन्छौं। विधिविहीनताले थप अराजकता निम्त्याउँछ,' महामन्त्री शर्मा र थापाको विज्ञप्तिमा छ। उनीहरूले विज्ञप्तिमा अगाडि भनेका छन्, 'त्यसैले वार्ताका क्रममा राष्ट्रपतिज्यू र जेन-जी पक्षलाई हामी आग्रह गर्छौं- अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस्। त्यसमा हाम्रो समर्थन रहनेछ।'

महामन्त्रीद्वयले प्रधानमन्त्री केपी ओलीले आफूहरूको आग्रह र दबाब स्वीकार नगर्दा स्थिति बिग्रिएको पनि स्मरण गरेका छन्। त्यस्तै, जेन-जीको स्वस्फूर्त भएको प्रदर्शनमा विभिन्न स्वार्थ समूहको घुसपैठले हिंसा, हत्या र योजनाबद्ध आगजनी भएको भन्दै सम्पूर्ण ध्वंशको छानबिन र पुनर्निर्माणका लागि यथाशक्य योजना बनाउन तथा कानुनी कारबाही गर्न उनीहरूले ध्यानाकर्षण गराएका छन्। त्यस्तै, एमालेले पनि लोकतान्त्रिक गणतन्त्र र बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली कमजोर हुने गरी कुनै पनि सहमति नगर्न ध्यानाकर्षण गराएको छ। 'प्रधानमन्त्रीको राजीनामापछिको राजनीतिक निकास संविधानसम्मत र लोकतान्त्रिक विधिबाट खोजिनुपर्छ। सार्थक संवाद सुरु गर्न एवं परिणाममुखी संवादकै माध्यमबाट सुशासन, सहज सेवा प्रवाह र तीव्र विकासको आकांक्षालगायतका युवा पुस्ताका मागलाई संविधानसम्मत रूपमा सम्बोधन गर्न आवश्यक पहलका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई ध्यानाकर्षण गराउँछौं,' महासचिव पोखरेल र उपमहासचिव ज्ञवालीले विज्ञप्तिमा भनेका छन्, 'लोकतान्त्रिक गणतन्त्र र बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीलाई कुनै पनि अर्थमा कमजोर गर्नुहुँदैन र समाधानका प्रत्येक प्रयासले लोकतन्त्रलाई थप सुदृढ गर्नुपर्छ भन्ने हाम्रो मान्यता छ।' कांग्रेसले ०७२ को संविधानभन्दा पछि फर्किन नदिन सम्पूर्ण प्रयास गर्ने भन्दै विधिबाहिरबाट समाधान खोजिए फेरि अर्को विद्रोहको नेतृत्व गर्न पछि नपर्ने चेतावनी दिएको छ। 'आमनागरिकको प्रतिनिधित्व, न्याय र समावेशिताका हकमा हामी जति अघि बढेका थियौं, त्यसबाट पछि फर्किनु भनेको अरू यस्तै आन्दोलन र विद्रोहहरूको शृंखलालाई निम्तो दिनु हो भन्ने स्मरण गर्दै यसअघिका आन्दोलनका वेला अहिलेजस्तै गरी सार्वभौम नागरिकहरूले जिउज्यान दिएर हात परेका उपलब्धि नउल्टियून् भन्नेमा र देशलाई २०७२ को संविधानभन्दा पछि फर्कन नदिन अब हाम्रो सम्पूर्ण प्रयास केन्द्रित गर्नेछौं। परिवर्तनले सदैव अग्रगमनलाई बोक्नुपर्छ भन्ने मान्यतामा हामी दृढ ढंगले प्रस्ट छौं,' कांग्रेस महामन्त्रीद्वयको वक्तव्यमा छ। २३ र २४ भदौका दुई दिनमा भएका घटनाक्रमपछि देशलाई शान्ति र पुनर्निर्माणको दिशामा अघि बढाउन सबै पक्षले संयम र एकतासाथ प्रस्तुत हुन जरुरी भएको भन्दै कांग्रेसले मुलुकको सार्थक हित चाहने, शान्ति, सुशासन र समुन्नतिको मार्गमा हिँड्न चाहने सबैमा हार्दिक अह्वान गरेको छ।

त्यस्तै, एमालेले प्रदर्शन शान्तिपूर्ण रहने आयोजकहरूको पूर्वघोषणाविपरीत र यसमा कुनै संलग्नता नरहेको स्पष्टोक्तिका बाबजुद विध्वंशात्मक र विनाशकारी घटनाहरू घटाइएकाले यथार्थ छानबिन गर्नुपर्ने तथा त्यस क्रममा राज्यका सुरक्षा निकायहरूको भूमिकाको पनि समीक्षा हुनुपर्नेमा जोड दिएको छ।

३३ पुग्यो...

पृष्ठ १ बाट क्रमशः

सिभिल अस्पतालमा ६, भेरी अस्पताल (नेपालगन्ज)मा ५, एभरेस्टमा ३, फ्रन्टलाइन अस्पतालमा ३, केएमसीमा २, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (धरान)मा दुई र त्रिवि शिक्षा अस्पतालमा १ को मृत्यु भएको छ। यसबाहेक बुधबार माओवादी अध्यक्ष प्रचण्डकी छोरी गंगा दाहालको घरभित्र जलेको अवस्थामा एक र पोखरामा पनि आगजनी भएको घरभित्र अर्को एक शव भेटिएको बताए पनि पहिचान बाँकी रहेकाले प्रहरीले आधिकारिक रूपमा सार्वजनिक गरेको छैन।

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार देशभरका अस्पतालमा एक हजार ६१ जना घाइते भर्ना भएकामा ७१९ डिस्चार्ज भएका छन्। घाइते भएपछि सबैभन्दा धेरै सिभिलमा ६३६, ट्रमा सेन्टरमा १६१, एभरेस्टमा १० ९, केएमसीमा ३३, त्रिवि शिक्षणमा २६ र वीरमा २० जना उपचारमा थिए। त्यस्तै, पाटनमा १०, गण्डकी मेडिकल कलेज (पोखरा)मा ६, अन्नपूर्ण न्युरोमा ४ र नर्भिकमा ३ जना भर्ना थिए।

स्वास्थ्यसचिव विकास देवकोटाले घाइतेहरूको उपचार निःशुल्क गरिएको र कुनै असहजता नभएको बताउँछन्। तर, मन्त्रालय नै आगजनीमा ध्वस्त भएपछि अस्पताल व्यवस्थापन र बिरामीको उपचारको परिपाटी मिलाउन भने कठिन भइरहेको उनले बताए। 'मन्त्रालय ध्वस्त भयो, बाहिरबाटै अस्पतालहरूको अवस्था र उपचार प्रबन्ध मिलाइरहेका छौं,' उनले भने, 'घाइतेको निःशुल्क उपचार गरिरहेका छौं, अधिकांश अस्पतालहरूमा ओपिडी सेवा बन्द छ, कतिपय स्वास्थ्य संरचना ध्वस्त भए, एम्बुलेन्स तोडफोड भए।' उनका अनुसार चारतले स्वास्थ्य मन्त्रालय र भवनभित्रका सबै सामान जलेर नष्ट भएका छन्। मन्त्रालयको स्टोर रुममा कतिपय स्वास्थ्य उपकरणसमेत थिए। केही औषधि पनि स्टोर गरिएको थियो। तर, सबै जलेर खरानी भएको छ।

अस्पतालको बेडबाट घाइतेहरू भन्छन्- हामी तोडफोड र आगजनी गर्ने सोचमा उत्रिएका थिएनौं, प्रहरीले अन्धाधुन्ध गोली हान्यो

सिराहाका २६ वर्षीय निशेष महत युनिग्लोब कलेजमा स्नातक तहमा अध्ययन गर्छन्। आफ्नो उमेर समूहका युवा (जेन-जी)ले आयोजना गरेको प्रदर्शनमा उनी सोमबार र मंगलबार सरिक भए। सोमबार संसद् भवन गेटमै पुगेका उनी प्रहरीको गोलीबाट बँचेका थिए। तर, मंगलबार भने उनलाई प्रहरीले ताकेरै गोली ठोक्यो।

'मभित्र संसद् भवन छिर्न खोजेको थिएँ, तर छिर्न नपाउँदै प्रहरीले गोली ठोक्यो,' उनले भने। हाल उनको सिभिल अस्पतालमा उपचार भइरहेको छ। उनको दाहिने हातको कुहिनाको हड्डी नै फुटेको छ।

बाजुराका सन्तोष रावललाई सोमबार संसद् भवनबाहिर ब्यानर समातेर उभिएको अवस्थामा प्रहरीको गोली लाग्यो। महेन्द्र रत्न क्याम्पसमा स्नातक तहमा अध्ययनरत उनी गोली घुँडानजिक लागेकाले घाइते मात्र भए। हाल उनको सिभिल अस्पतालमा उपचार भइरहेको छ। 'दबाब दिनका लागि हामी त्यहाँ पुगेका थियौं, तर प्रहरीले गोलीको वर्षा नै चलायो, म र अन्य साथीहरू त्यहीं ढल्यौं, कसैले उठाएर अस्पताल लगेको रहेछ,' सर्जरीपछि सिभिल अस्पतालको जेनेरल वार्डमा सारिएका उनले सुनाए।

सिन्धुपाल्चोक जलबिरेका समीर आचार्य सोमबार दिउँसो अन्य साथीहरूसँगै कलेजबाट फर्किंदै थिए। आन्दोलनमा नआएका उनको बुद्धनगर पुगेपछि प्रहरीले अन्धाधुन्ध चलाएको गोलीले घुँडा नै छेड्यो। हाल उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ। 'म आन्दोलनमा हिँडेको थिइनँ, तर प्रहरीले घुँडामा ताकेर गोली हाल्यो, म त्यहीं ढलें,' उनले ट्रमाको बेडबाट सुनाए।

रौतहटका दानिस आलमलाई साथीहरूले जेन-जीको आन्दोलनमा सरिक हुन आह्वान गरेका थिए। साथीहरूसँग उनी पनि मंगलबार सडकमा निस्किए। तर, कालिमाटी चोकमा गोली लाग्यो। पाखुरामा गोली लागेपछि ट्रमा सेन्टर पुऱ्याइएका उनको अप्रेसनपछि उपचार जारी छ। 'युवाहरू मात्रै होलान् भनेर म आन्दोलनमा पुगेको थिएँ, तर त्यहाँ फरक-फरक मानिसहरू रहेछन्। तोडफोड गर्ने हाम्रो सोच थिएन, तर अर्कै समूहले प्रहरी कार्यालय तोडफोड गऱ्यो,' उनले सुनाए, 'एउटाको आन्दोलनमा छिरेर अर्कोले तोडफोड गऱ्यो।'

धरानका २५ वर्षीय सहन राई एनसेलको कार्यालयमा काम गर्दै आइरहेका थिए। सोमबारको प्रदर्शनमा युवामाथि प्रहरीले दमन गरेको थाहा पाएपछि उनी मंगलबार ऐक्यबद्धता जनाउन सडकमा होमिएका थिए। संसद् भवनको गेटमै पुगेका उनको दुवै हात र दाहिने खुट्टामा गोली लाग्यो। तुरुन्तै सिभिल अस्पतालमा पुऱ्याइएका उनको अपरेसन गरेर जनरल वार्डमा सारिएको छ। 'युवा आन्दोलनलाई साथ दिन संसद् भवनअगाडि पुगेको थिएँ। जब संसद् भवनको नजिकै पुगियो, त्यसपछि युद्धमै सहभागी भएजस्तो लाग्यो,' उनले भने, 'प्रहरीले अन्धाधुन्ध गोली हान्यो, प्रहरीले सोमबार त्यसरी गोली प्रहार नगरेको भए सायद आन्दोलन यति चर्को हुने थिएन।'

सिभिल अस्पतालमा उपचाररत घाइते भन्छन्- सिंहदरबार र सर्वोच्च अदालतमा आगजनी गर्ने जेन-जी समूह होइन

सिभिल अस्पतालको जनरल वार्डमा उपचार गराइरहेका बागलुङका संघर्ष भुसाल अस्पतालको शय्यामा रहे पनि देशको अवस्था के हुँदै छ भनेर चनाखो छन्। उनी मोबाइल हेरेर हरपल अपडेट भइरहेका छन्। टाउको, हात र खुट्टामा गोली लागेका उनलाई सोमबारै अपरेसनपछि जनरल वार्डमा सारिएको थियो।

आन्दोलनमा भएको तोडफोडका घटनाले उनलाई अस्पतालको बेडमै तनाव बनाइरहेको छ। एउटा उद्देश्य राखेर गरेको प्रदर्शनको परिणाम अर्कै भएकोमा उनी चिन्तित छन्। 'हामी त खासमा अहिलेको नेतृत्व फाल्नुपर्छ र युवालाई नेतृत्वमा ल्याउनुपर्छ भनेर पो आन्दोलनमा गएका हौं, तर सिंहदरबार र अदालत फोड्न निस्किएका थिएनौं,' उनले सुनाए, 'जेन-जीको आन्दोलनमा टेकेर कसैले तोडफोड गऱ्यो, किनभने हाम्रो समूहले हामीलाई महत्त्वपूर्ण संरचनामा क्षति नपार्नु भनेर गाइड गर्नुभएको थियो, तर जेन-जीभन्दा बाहिरी समूहले देशका अमूल्य सम्पत्ति नै सिध्यायो, एउटा उद्देश्य राखेर गरिएको प्रदर्शनमा देशलाई नै घाटा हुने अवस्था आयो, यो निकै दुःखद हो।'

सिभिलमै उपचाररत अर्का घाइते केशर लिम्बूले पनि जेन-जीको प्रदर्शनमा अराजक समूह छिरेको बताए। 'हामीले तोडफोड गर्ने र आतंक मच्याउने भनेर निस्किएका होइनौं, तर मंगलबार सबै प्रकारका मानिसहरू आउनुभयो, उहाँहरूले देशका ठुला संरचनामा क्षति पार्नुभएको छ, यसमा जेन-जीलाई जोड्न मिल्दैन।'

शून्यताको स्थितिमा...

पृष्ठ १ बाट क्रमशः

स्थगित गरिएको व्यहोरासमेत जानकारीका लागि अनुरोध छ,' सर्वोच्चका मुख्य रजिस्ट्रारद्वारा जारी सूचनामा भनिएको छ।

सर्वोच्च अदालतमा दुई लाख ४२ हजार अभिलेख मिसिल रहेको विवरण छ। त्यसमध्ये सर्वोच्चको स्थापना भएको २०१३ सालदेखि ०६६ सम्मका करिब एक लाख ६० हजार अभिलेख मिसिल नष्ट भएका छन्। पुरातात्त्विक, फैसलाको महत्त्व र संवेदनशीलताका हिसाबले पनि महत्त्वपूर्ण ती कागजात नष्ट भएका हुन्।

त्यस्तै, अब फैसला गर्न बाँकी रहेका २५ हजार मुद्दा र फैसला लेख्न बाँकी आठ हजारसहित ३३ हजारमध्ये दुई हजार पाँच सय मुद्दाका मिसिल भने जोगिएका छन्। महत्त्वपूर्ण प्रशासनिक कागजात र पुराना फाइल पनि जलेका छन्। भौतिक सम्पत्तिको क्षति पनि अपूरणीय भएको अदालतका अधिकारीहरू बताउँछन्।

पछिल्लो समय अदालतले कागजातलाई डिजिटाइज्ड गर्दै लगेको थियो। आन्दोलनकारीहरूले ती डिजिटल रेकर्ड पनि मेटाइदिएका अदालतका अधिकारीहरूले बताए। 'कम्प्युटर जलाइएको छ, कति कम्प्युटरको हार्डडिस्क निकालेर लगिएको छ। यतिले नभएर अदालतको रेकर्ड रहेको हेटौंडाको डाटा सेन्टरमा पनि आगो लगाइएको छ,' सर्वोच्चका एक कर्मचारीले भने।

सर्वोच्चका ११ मध्ये तीनवटा इजलास मात्र क्षतिबाट जोगिएका छन्। त्यो पनि भवन नै जर्जर भएकाले सञ्चालन गर्न सक्ने हालतमा छैनन्। 'यथास्थिति तथा यथास्थानबाट काम र सेवाप्रवाह गर्न सक्ने अवस्था छैन,' सर्वोच्चका एक अधिकारीले भने, 'अब शून्यताको तहबाट सुरु गर्ने हो।'

सर्वोच्चकै हालतमा नपुगे पनि काठमाडौं जिल्ला अदालतलाई पनि आन्दोलनकारीले छाडेका छैनन्। जिल्ला अदालतभित्र पनि छिरेर कागजात र संरचनामा आन्दोलनकारीले व्यापक क्षति गरिदिएका छन्। जिल्ला अदालतमा ५२ हजारभन्दा बढी मुद्दाका लगत छन्। अदालत र मुद्दासँग सम्बन्धित चार लाख अभिलेख त्यहाँ छन्।

महान्यायाधिवक्ता कार्यालयमा गएर आन्दोलनकारीले बैठक हल जलाएर ध्वस्तै पारिदिएका छन्। कोठाकोठामा पुगेर तोडफोड गर्ने र कम्प्युटर तथा हार्डडिस्क निकालेर लगेका छन्। पाँच वर्षअघि बनेको ७३ करोड ६९ लाखको भवन क्षतिग्रस्त छ।

यसैगरी, जिल्ला सरकारी वकिल र विशेष सरकारी वकिलको कार्यालय रहेको माइतीघरछेउको ठुलो भवनमा पनि आन्दोलनकारी छिरेका छन्। दुवै कार्यालयमा रहेका मुद्दासँग सम्बन्धित कागजातहरूमा आगो लगाएर खरानी पारिएको छ।

सिंहदरबारका अधिकांश मन्त्रालय र कार्यालय पनि आगजनी र तोडफोडबाट अछुतो छैनन्। अहिले सिंहदरबारभित्र प्रधानमन्त्री कार्यालयसहित २२ मन्त्रालय र कार्यालयहरूमा पनि आन्दोलनकारीहरूले क्षति पुऱ्याएका छन्।

प्रधानमन्त्रीको नियमित कार्य गर्ने स्थल यस कार्यालयमा पनि ठुलो क्षति भएको बताइएको छ। ०७२ को भूकम्पले क्षति भएको यो भवनलाई पुरानै स्वरूपमा रेट्रोफिट गरेर डेढ वर्षअघि मात्र सञ्चालनमा ल्याइएको कार्यालयमा आगलागीले झनै ठुलो क्षति निम्त्याइदिएको छ। अहिले सेनाले सिंहदरबार प्रवेशमा रोक लगाएको छ। प्रवेशमा सञ्चारमाध्यमलाई रोक लगाइएकाले कार्यालयभित्रका क्षति हेर्न सकिने अवस्था छैन। तर, सवारीसाधनको क्षति भने अचाक्ली देखिन्छ। महँगो मूल्यका सवारीसाधनहरू डढेका छन्।

सम्भवतः सबैभन्दा ठुलो क्षति सिंहदरबार परिसरबाहिर रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा देखिन्छ। यो मन्त्रालयमा सबै खरानी भएर ईँटा मात्र ठिङरिङ्ग ठडिएको देखिन्छ। मन्त्रालयमा कुनै पनि कागजात र उपकरण तथा संरचना जीवित अवस्थामा छैनन्।

काठमाडौं जिल्ला प्रशासन कार्यालयको क्षति उस्तै छ। लाखौं संख्यामा रहेका नागरिकता, पासपोर्ट, राष्ट्रिय परिचयपत्रलगायतका नागरिकका महत्त्वपूर्ण कागजात तथा अभिलेख लगभग सबै नष्ट भएका छन्। ती कागजात जलेर खरानीको थुप्रो लागेको छ। भवनका भित्री संरचना पनि सबै डढेका छन्। बुधबार साँझसम्म पनि भवनमा आगो निभेको छैन। नियमित कामको चाप हुने र सर्वसाधारणको भिडभाड हुने जिल्ला प्रशासन कार्यालय सञ्चालन गर्न सक्ने हालतमा छैन।

बबरमहलकै सहरी विकास तथा भवन निर्माण विभागको हालत झनै टिठलाग्दो छ। विभागपरिसरमा आठवटा कार्यालय छन्। तिनमा अधिकांश क्षतिग्रस्त छन्। एउटा आठतले भवन आगलागीले पूर्णजसो क्षति भएको छ भने पाँचमध्ये तीनवटा ब्लक मात्र जोगिएका छन्। तोडफोड भने सबैमा भएको छ। विभागपरिसरमा रहेका ३२ वटा गाडी जलेर नष्ट भएका छन्।

बबरमहलमै रहेको सडक विभागको हालत उस्तै छ। विभागको पुरानो भवन ०७२ को भूकम्पले क्षति भएपछि पुरानै शैलीमा रेट्रोफिट गरेर बनाइएको थियो। विभागका सबै कागजात र संरचना जलेर भित्र ह्वांगै भएको छ। विभागको ठुलो भवनभित्र विभिन्न आयोजनाहरू थिए। ती सबैमा क्षति पुगेको छ। परिसरमा रहेका सवारीसाधन पनि डढेका छन्।

आडैमा रहेका महालेखापरीक्षक कार्यालय र नेपाल आयल निगममा पनि आगजनी र तोडफोडसहितको आंशिक क्षति छ।

१७ जेलबाट भागे १० हजार कैदीबन्दी

नक्खु र केन्द्रीय कारागारबाट मात्रै ४७ सय कैदीबन्दी फरार, आगजनी भएका कतिपय जेलमा बन्दी अभिलेख किताबखानासहितका तथ्यांक नष्ट



हालसम्म प्राप्त तथ्यांकअनुसार मुलुकभर रहेका १७ कारागारमा क्षति पुगेको र १० हजार कैदीबन्दी फरार भएका छन्। त्यसमध्ये कति कारागारमा आगजनी र कतिपयमा तोडफोड मात्रै भएको छ। तथ्यांक संकलन जारी छ, संख्या बढ्न सक्छ।

● **सन्देशप्रसाद जोशी**, सूचना अधिकारी, कारागार व्यवस्थापन विभाग

टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलनको फाइदा उठाउँदै देशका विभिन्न जेलबाट करिब १० हजार कैदीबन्दी फरार भएका छन्। आगजनी भएको जेलमा संरचना र बन्दी अभिलेख किताबखानासहितका तथ्यांक नष्ट भएका छन्।

कारागार व्यवस्थापन विभागका अनुसार मंगलबार प्रदर्शनकारीको निशानामा परी १७ कारागारमा क्षति पुगेको र त्यहाँबाट करिब १० हजार कैदीबन्दी भागेका छन्। केही कारागार पूर्ण रूपमा खरानी भएका छन्, केहीमा आंशिक क्षति पुगेको छ। कैदी स्वेच्छिक रूपमा फर्किँदा पनि राख्ने ठाउँको अभाव हुने देखिएको छ।

विभागका सूचना अधिकारी सन्देशप्रसाद जोशीले प्रारम्भिक तथ्यांकमा १७ कारागारमा क्षति पुगेको र १० हजार कैदीबन्दी फरार रहेको बताए। 'हालसम्म प्राप्त तथ्यांकअनुसार मुलुकभर रहेका १७ कारागारमा क्षति पुगेको र १० हजार कैदीबन्दी फरार भएका छन्,' उनले भने, 'त्यसमध्ये कति कारागारमा आगजनी र कतिपयमा तोडफोड मात्रै भएको छ। तथ्यांक संकलन जारी छ, संख्या बढ्न सक्छ।'

एक हजार २८० कैदीबन्दी रहेको ललितपुरको नक्खु कारागार पूर्णतः खाली भएको छ। कारागारमा तीनवटा ब्लक थिए। जसमध्ये ब्लक डिआरसीमा ४६३, सिआरसीमा ४११ र नयाँ ब्लकमा ४०६ कैदीबन्दी थिए। स्वदेशी एक हजार १९३ र विदेशी ८७ बन्दी थिए। उनीहरू अहिले सबै फरार छन्।

नक्खु कारागार प्रशासन भवन पूर्ण जलेको छ। भवनको भुइँतलामा कैदीबन्दीको तथ्यांक र उनीहरूको अपराध हिस्ट्री राखिएका थिए। सबै तथ्यांक खरानीमा परिणत भएका छन्। भवनभन्दा दक्षिणतर्फ रहेको नेपाल प्रहरी बस्ने ब्यारेक, हतियार राख्ने कक्ष र कार्यालयमा बुधबार अपराह्नसम्म पनि आगो दन्किरहेको देखिन्थ्यो। कार्यालय परिसरमा राखिएका मोटरसाइकल, एम्बुलेन्स र अन्य गाडी जलेका छन्।

कारागारभित्र राखिएका पसल र क्यान्टिनमा लुटपाट भएको छ। कारागारको डिआरसी ब्लकस्थित क्यान्टिनमा राखिएको चामलका बोरा जलिरहेका थिए। पसल र क्यान्टिनका काउन्टर भत्किएका देखिन्थे। कैदीबन्दीको मुद्दा विवरण खुल्ने एउटै मात्र ह्वाइट बोर्ड जल्नबाट जोगिएको थियो, जुन जेलरको कार्यकक्षको भित्तामा झुन्डिरहेको थियो।

बोर्डमा उल्लेखित विवरणअनुसार कारागारभित्र जबर्जस्ती करणी मुद्दाका ३७०, कर्तव्य ज्यानका २३२, लागुऔषधका २२४, चोरीका १३५, डाँका मुद्दाका ७१, ठगीका ४२, सवारी ज्यान मुद्दाका ३१, मानव बेचबिखनका २६, बैंकिङ कसुरका २४, अपहरणका २०, ज्यान मार्ने उद्योगका १८, खोटा चलनका १५, राजस्व चुहावटका १६ कैदीबन्दी थिए।

त्यसबाहेक वन मुद्दाका नौ, संगठित अपराधका नौ, अप्राकृतिक मैथुनका चार, बहुविवाहका चार, बिगो बुझाउन नसकेका चार, सवारी अंगभंगका चार, वैदेशिक रोजगार मुद्दाका तीन, अभद्र व्यवहार मुद्दाका तीन, हातहतियार तथा खरखजना मुद्दाका तीन कैदीबन्दी सोही कारागारमा थिए। बाँकी कैदीबन्दी भने आपराधिक लाभ, किर्ते, गर्भ संरक्षण,

■ सेनाले अप्रेसन चलाएपछि भाग्न सकेनन् डिल्लीबजार कारागारका कैदीबन्दी



डिल्लीबजार कारागारबाट भाग्न खोजेका कैदीबन्दीले अन्यत्र स्थानान्तरणका लागि लर्किँदै। तस्बिर : सतिश पोखरेल/नयाँ पत्रिका

डिल्लीबजारस्थित सदरखोर कारागारबाट भाग्न खोजेका कैदीबन्दीको प्रयास सेनाले अप्रेसन चलाएपछि असफल भएको छ। कारागारभित्र आगजनी भएपछि धुवाँ आउँदै गरेको गेटबाट झोला बोकेर कैदीबन्दी फरार हुने बाटो खोज्दै थिए। झोलासहित गेटमा भेला भएका कैदीबन्दी भने सरकारविरुद्ध नारा लगाइरहेका थिए। सेना सडकबाट उनीहरूतर्फ राइफल सोझ्याएर पोजिसन लिँदै थिए। अर्कोतर्फ कारागारभित्र पार्क गरिएका गाडी र मोटरसाइकलमा आगो दन्किरहेको थियो। प्रहरीको ब्यारेक, मेस र क्यान्टिन खरानी भइसकेका थिए। कारागारभित्र कैदीबन्दी बस्ने ब्लकहरू पूरै ध्वस्त देखिन्थे। केही ब्लकमा दन्किरहेका आगो टाढैबाट देखिन्थ्यो। सेना आगो निभाउन भित्र जाने प्रयत्नमा देखिन्थे। कैदीबन्दी फरार हुने मौकाको पर्खाइमा देखिन्थे। सेना माइकबाट चेतनावनीस्वरूप कैदीबन्दीलाई भन्दै थिए, 'तपाईंहरू भाग्ने कोसिस नगर्नुहोला। नत्र सेना कारबाहीमा उत्रन बाध्य हुनेछ।' दुई पक्षबिचको घम्साघम्सी बुधबार अपराह्नसम्म जारी रह्यो। अन्ततः कैदीबन्दीले सेनाको चेतावनीसामु घुँडा टेके। कारागारभित्रका ६७६ कैदीबन्दीलाई सुन्धारास्थित केन्द्रीय कारागारमा स्थानान्तरण गरियो। सेना र सशस्त्र प्रहरीको गाडीमा स्थानान्तरण गरिएका उनीहरूलाई सेनाले नै स्कर्टिङ गरेको थियो।

कारागारभित्र दन्किएको आगो त्यसवेलासम्म पनि निभ्न सकेको थिएन। दमकल र सेनाका फायर फाइटर आगो निभाउन व्यस्त देखिन्थे। कारागारका चारैतर्फ भग्नावशेष मात्रै देखिन्थे। आगो निभाउने कार्यमा खटिएका सुरक्षाकर्मीका अनुसार कारागारभित्र रहेका कैदीबन्दीका सबै रेकर्ड नष्ट भएका छन्। कारागार भग्नावशेषमा परिणत भएका छन्। बस्न सक्ने कुनै कोठा छैन। कारागार प्रशासनमा रहेका सबै तथ्यांक नष्ट गरिएका छन्। कारागार व्यवस्थापन विभागका सूचना अधिकारी जोशीले कारागारभित्र करिब सात सय कैदीबन्दी रहेको र उनीहरूलाई सुन्धारास्थित केन्द्रीय कारागारमा सारिएको बताए। 'कारागारमा करिब सात सय कैदीबन्दी थिए। उनीहरू भाग्न पाएनन्। उनीहरूलाई सेनाले सुन्धारास्थित कारागारमा सारेको छ। कारागारको भौतिक संरचना नष्ट भएका छन्। विवरण संकलन भइसकेका छैनन्।'

विस्फोटक पदार्थ, अंगभंग, एसिड प्रहार र दूरसञ्चार मुद्दाका थिए। उनीहरू सबै कारागारबाट फरार रहेका छन्।

जिल्ला प्रशासन कार्यालय ललितपुरका सिडिओ सुमन घिमिरेले नक्खु कारागारबाट करिब एक हजार तीन सय कैदीबन्दी फरार भएको बताए। 'कारागारभित्र करिब एक हजार तीन सय कैदीबन्दी थिए। त्यसमध्ये दुईजना विदेशी र विपश्यना केन्द्रमा रहेका १८ जनाबाहेक बाँकी सबै भागेका छन्। त्यसमध्ये दुईजनालाई स्थानीयले समातेर बुझाएका छन्। अरू दुईजना सम्पर्कमा आएका छन्। बाँकीलाई खोज्ने कार्य जारी छ।'

सुन्धारास्थित केन्द्रीय कारागारका ब्लक भने आगजनी हुनबाट जोगिएका छन्। तर, कारागारमा रहेका तीन हजार सात सयमध्ये तीन हजार चार सय कैदीबन्दी फरार रहेका छन्। त्यस्तै, जेलरको कार्यालयमा आगजनी गरेका छन्। कैदीबन्दीको तथ्यांक नष्ट भएको छ। महिला बन्दीगृह पनि पूर्ण रूपमा खाली भएको छ।

कारागार व्यवस्थापन विभागका सूचना अधिकारी जोशीले केन्द्रीय कारागारमा रहेकामध्ये तीन हजार चार सय कैदीबन्दी फरार रहेको बताए। 'केन्द्रीय कारागारमा सबै गरी करिब तीन हजार सात सय कैदीबन्दी छन्। त्यसमध्ये तीन हजार चार सय फरार छन्। महिला बन्दीगृह पनि खाली भएको छ। कारागार प्रशासनमा आगजनी भएको छ, कार्यालयमा तोडफोड भएको छ,' उनले भने।

प्रहरीको दाबी- साढे १३ हजार कैदीबन्दी भागे

कारागार व्यवस्थापन विभागका अनुसार मुलुकभर ७४ वटा कारागार छन्। साउन मसान्तसम्म कारागारमा २८ हजार ९०३ कैदबन्दी छन्। नेपाल प्रहरीका अनुसार २३ भदौको ध्वंशमा क्षतिग्रस्त भएको १७ कारागारबाट १३ हजार पाँच सय अर्थात् ४६.७० प्रतिशत कैदीबन्दी फरार भएका छन्। फरारमध्ये ५७६ बन्दी छन् भने बाँकी सबै कैदी हुन्। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआईजी विनोद घिमिरेले १३ हजार पाँच सय सय कैदीबन्दी फरार रहेको बताए।

भाडिकएको स्थितलाई नेपाली सेनाले टेकओभर गरेयता बुधबार साँझसम्म ३०३ कैदीबन्दी पक्राउ गरेका छन्। लुटिएका ७३ हातियार बरामद भएका छन्। हतियार लुटपाट गर्ने चारजना पक्राउ परेका छन्। सेनाका अनुसार कैदीबन्दीमध्ये सप्तरीमा चार, सुनसरीमा २०२, रुकुम पश्चिममा ४३, कपिलवस्तुमा ५० र म्याग्दीमा चारजनालाई पक्राउ परेका छन्। लुटपाटमा संलग्न चारजनालाई सेनाले महाराजगञ्ज इलाकाबाट पक्राउ गरेको छ। उनीहरूबाट सेनाले सात नाल हतियार र हतियारका म्यागजिन, राउन्ड, व्युनेटलगायतका एसेसरिज तथा व्यक्तिगत सामग्री बरामद गरेको छ। विशेष सूचनाका आधारमा बालाजु माछापोखरी इलाकाबाट थप एक नाल हतियार बरामद गरिएको छ।

धनगढीमा **तेजराज भट्ट**, धादिङमा **अर्जुन श्रेष्ठ**, हेटौंडामा **पोष्टराज अधिकारी**, राजविराजमा **सौरभ यादव**, जुम्लामा **मानदत्त रावल**

रित्तिए सुदूरपश्चिमका कारागार, १४ सय कैदीबन्दी फरार

सुदूरपश्चिममा रहेका सातमध्ये ६ जिल्ला कारागारबाट एक हजार चार सय ६ कैदीबन्दी फरार भएका छन्। कैदीबन्दी भागेपछि कारागार रित्तिएका छन्। फरार भएकामध्ये ६९ जना कैदीबन्दीलाई पक्राउ गरिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता निसान्त श्रीवास्तवले बताए। सबैभन्दा बढी कैलालीबाट ६ सय ६६ जना कैदीबन्दी फरार भएका हुन्। कञ्चनपुरबाट चार सय ५८ जना, बझाङबाट ६५, बैतडीबाट ६१ र दार्चुला कारागारबाट ७१ जना कैदीबन्दी फरार भएका प्रहरीले जनाएको छ। डडेलधुरा कारागारबाट बुधबार बिहान ८५ जना कैदीबन्दी भागेका थिए।

भागेका ४१ जना कैदीबन्दीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक डम्मर विष्टले बताए। आन्दोलन र कारागारबाट ठुलो संख्यामा कैदीबन्दी भागेपछि भारतसँग जोडिएका सीमा नाकामा कडाइ गरिएको छ। कञ्चनपुरको गड्डाचौकी, धनगढीको त्रिनगर नाकाबाट नेपालीलाई भारत प्रवेशमा रोक लगाइएको छ भने विराटनगरको जोगबनी नाका बन्द गरिएको छ। त्रिनगर, गड्डाचौकी नाकामा भारतीयलाई पनि आफ्नो देश जान आधार कार्डलगायत परिचय खुल्ने कागजपत्र अनिवार्य गरिएको छ।

मकवानपुर र चितवनबाट नौ सय ८२ कैदीबन्दी भागे

मकवानपुरको भीमफेदी र चितवन कारागारबाट नौ सय ८२ कैदीबन्दी भागेका छन्। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार चितवनबाट सात सय ४२ र मकवानपुरको भीमफेदी कारागारबाट दुई सय ४० जना कैदीबन्दी फरार भएका थिए। भीमफेदीबाट फरार भएका कैदीबन्दीमध्ये ४३ जना पक्राउ गरिएको मकवानपुर प्रहरी प्रवक्ता श्यामु अर्यालले बताए। चितवनमा बुधबार बिहान कारागार तोडफोड तथा आगजनी गर्दै पर्खाल भत्काएर कैदीबन्दी भागेका हुन्। भीमफेदीस्थित क्षेत्रीय कारागारको पर्खाल भत्काएर मंगलबार राति कैदीबन्दी फरार भएका हुन्।

मधेशका कारागारबाट सात सय ७६ कैदीबन्दी भागे

मधेश प्रदेशको सप्तरीको राजविराज, रौतहटको गौर र महोत्तरीको जलेश्वर कारागारको पर्खाल भत्काएर सात सय ७६ जना कैदी फरार भएका छन्। सप्तरीको राजविराज कारागारबाट फरार एक सय पाँच कैदीबन्दीमध्ये ३१ जना पक्राउ परेका छन्। बुधबार दिउँसो कारागारभित्र आगजनी गरी उनीहरू भागेका थिए। कारागारमा आगजनी भएपछि सुरक्षाकर्मीले केही राउन्ड अश्रुग्यास फायर गर्दै रोक्न खोज्दा पनि बी ब्लकका कैदीबन्दीहरू फरार भएका हुन्। अन्य फरारको खोजी भइरहेको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले बताए।

मंगलबार राति गौर कारागारबाट फरार रहेका कैदीलाई जिल्ला प्रहरी कार्यालय रौतहटले धमाधम पक्राउ गरिरहेको छ। कारागार भत्काएर भागेका १३ जना कैदीलाई बुधबार बिहान सीमा क्षेत्रबाट पक्राउ गरिएको प्रमुख जिल्ला अधिकारी विनोद खड्काले बताए।

उनका अनुसार एक सय ९१ कैदी रहेको कारागारभित्र अहिले ६१ जना छन्। फरार रहेका एक सय ३० जना कैदीको पनि खोजीकार्य भइरहेको बताए।

पर्साको वीरगन्ज कारागारमा कैदीले भाग्ने प्रयास गरेपछि अवस्था तनावग्रस्त बनेको छ। सुरक्षाकर्मीले बल प्रयोग गरी अवस्था नियन्त्रणमा लिएका छन्। सर्याँ राउन्ड हवाई फायर र अश्रुग्यास प्रहार गरिएको थियो। महोत्तरीको जलेश्वरस्थित कारागारको पर्खाल भत्काएर पाँच सय ७२ जना कैदी फरार भएका छन्। मंगलबार साँझ सयभन्दा बढी संख्यामा आएका प्रदर्शनकारी र भित्रका कैदीले एकैसाथ पर्खाल भत्काएपछि स्थिति नियन्त्रण बाहिर गएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्ब शर्माले बताए। 'आन्दोलनकारीको हातमा भाटा र कैदीको हातमा खाना बनाउन ल्याएको चिर्पट हुँदा प्रहरीले केही गर्न सक्ने अवस्था थिएन,' उनले भने।

रुकुम पश्चिम र जुम्लाबाट ७७ कैदी भागे

कर्णाली प्रदेशका रुकुम पश्चिम र जुम्ला कारागारबाट ७७ कैदीबन्दी भागेका छन्। रुकुम पश्चिमबाट ४३ र जुम्लाबाट ३४ कैदीबन्दी फरार भएका हुन्। मंगलबार साँझ रुकुम पश्चिम कारागारको ढोका फोडेर भागेका ८८ मध्ये ४५ पक्राउ परे पनि ४३ जना अझै फरार रहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी हरिबहादुर पुनले बताए। रुकुम पश्चिम कारागारमा एक सय ५८ जना कैदीबन्दी थिए। त्यस्तै, मंगलबार राति नै जुम्ला कारागारको ढोका फोडेर भागेका ३४ जना कैदीबन्दीको खोजी भइरहेको प्रहरीले जनाएको छ। ३६ जना भागे पनि दुईजना पक्राउ परेका हुन्। कैदीबन्दीको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रमुख डिएसपी रविनबाबु रेग्मीले बताए। डोल्पा कारागारमा बुधबार कैदीबन्दीले दुईवटा सिलिन्डर पड्काएर भाग्ने प्रयास गरेका थिए। तर, सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले रोकेको थियो।

सिन्धुली कारागारबाट चार सय ७३ कैदीबन्दी फरार

सिन्धुली कारागारबाट चार सय ७३ जना कैदीबन्दी फरार भएका छन्। उनीहरूले कारागारभित्र आफैं आगो लगाई भागेका हुन्। महिला कैदीबन्दीहरूको ब्लकमा आगो लागेपछि पुरुष कैदीबन्दीहरू झ्याल फोडेर फरार भएका हुन्। चार सय २८ पुरुष, ४३ महिला र पाँचजना आश्रित बालबालिका रहेको कारागारका सबै कैदीबन्दी झोला बोकेर बाहिरिएका थिए। उनीहरू कारागार सुरक्षाको बिचमा मूलढोकाबाटै झोलागुन्टा बोकेर सिन्धुलीमाढीका बजार र गाउँतिर लागेका थिए। बुधबार बिहान आठ बजेदेखि सिन्धुली कारागारका कैदीबन्दीले 'हामीलाई किन नछाडेको, सबैलाई छाडिसके' भन्दै प्रहरीलाई छाड्न दबाब दिइरहेका थिए। स्थानीयका अनुसार तीनजना युवाले बाहिरबाट आएर कारागारको गेटमा रड, दाउरा, ढुंगाले हान्दै कैदीबन्दी छाड्न दबाब दिएका थिए। त्यसपछि महिला कैदीबन्दी बस्ने ब्लकमा कैदीहरूले भित्रै आगो लगाए।

संक्षेप

खनाल-पत्नीको फोक्सो ड्यामेज, आज शल्यक्रिया

काठमाडौं/ आन्दोलनकारीले घरमै आगजनी गर्दा जलेकी पूर्वप्रधानमन्त्री झलनाथ खनालकी पत्नी रविलक्ष्मी चित्रकारको स्वास्थ्य अवस्था गम्भीर छ। उनको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार जारी छ। अस्पतालका प्रमुख डा. किरण नकर्मीले चित्रकारको अवस्था गम्भीर रहेको बताए। 'उहाँको अवस्था क्रिटिकल छ, सघन कक्षमा उपचार भइरहेको छ, फोक्सो ड्यामेज भएको छ, बिहीबार अपरेसनको योजना छ,' उनले भने। नकर्मीका अनुसार चित्रकारबाहेक २५ जना घाइते उपचारका लागि भर्ना भएकामा २२ जना डिस्चार्ज भइसकेका छन्। त्यस्तै, जेनजी युवाहरूको आक्रमणबाट घाइते भएका कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवाको उपचार प्रक्रिया नेपाली सेनाको टिमले गरिरहेको छ। दुवैलाई नेपाली सेनाले सुरक्षा दिइरहेको छ भने उपचार पनि सेनाको मेडिकल टिमले गरिरहेको बताइएको छ

सामानहरू चोरेर ल्याएको थाहा पाएपछि फिर्ता गर्दै हाँडीगाउँवासी

काठमाडौं/ लुटपाट र चोरी गरेर कतिपयले सामान भित्र्याउन थालेपछि काठमाडौं महानगरपालिका- ५ मा पर्ने हाँडीगाउँ र मालीगाउँवासीले फरक जुक्ति अपनाएका छन्। उनीहरूले चोरीमा संलग्नलाई टोल निकाला गर्ने, चोरेका सामान फिर्ता गर्न लगाउने र प्रशासनलाई खबर गर्न थालेका छन्। ती गाउँमा बस्ने कतिपयले चोरी तथा गलत कार्यमा संलग्न भएको थाहा पाएर कतिपय घरबेटीले घरबाटै निकाल्ने अभियानसमेत चलाउन थालेका छन्। वडाध्यक्ष वीरेन्द्र सिजापतिले भाडामा बस्ने र कबाड खानामा काम गर्नेहरूले बाहिरबाट सामान चोरी गरेर ल्याएको बताए। उनका अनुसार वडा र स्थानीयले घर-घरमा पुगेर खोज्दा ३० वटा फ्रिज चोरेर ल्याएको पाइएको छ। कतिपयले पंखा, टिभी, इन्भर्टर चोरेर ल्याएका छन्। वडा ५ मै पर्ने सिजी ग्रुपको पसलमा मंगलबार चोरी भएको थियो। त्यहींबाट चोरी गरेर भाडामा बस्नेहरूले सामान ल्याउने गरेका थिए। त्यस्ता चोरीमा संलग्नलाई कतिपय घरबेटीले निस्कन समय पनि दिएका छन्। कतिपयले जहाँबाट ल्याएको हो, त्यहीं फिर्ता गर्न लगाएका छन्।

झमक घिमिरेको नाममा पुस्तकालय भवन निर्माण

धनकुटा/ साहित्यकार झमक घिमिरेको नाममा धनकुटामा पुस्तकालय भवन निर्माण गरिएको छ। मदन पुरस्कार विजेता घिमिरेको सम्मानमा धनकुटा नगरपालिका-३ कचिडेमा पुस्तकालयको एकतले भवन निर्माण गरिएको हो। सहरी विकास तथा भवन कार्यालयको २२ लाख ५६ हजार ६ सय एकानब्बे रुपैयाँको लागतमा आरसिसी फ्रेम स्ट्रक्चर पक्की भवन आधा रोपनी क्षेत्रफलमा पुस्तकालय निर्माण सम्पन्न भएको झमक घिमिरे कला साहित्य प्रतिष्ठानका कोषाध्यक्ष सरोज भुजेलले बताए। साहित्यकार घिमिरे सोही भवनमा बस्न थालेकी छिन्। नवनिर्मित पुस्तकालय भवनमा अहिले घिमिरेले प्राप्त गरेको सम्मान पत्रहरू राख्ने काम सुरु भएको छ।पारिजातपछि मदन पुरस्कार प्राप्त गर्ने दोस्रो महिला साहित्यकार झमक घिमिरे हुन्। उनले ०६८ मा 'जीवन काँडा कि फूल' नामक पुस्तकका लागि मदन पुरस्कार प्राप्त गरेकी थिइन्। अद्भूत क्षमता भएकी साहित्यकार घिमिरे खुट्टाका औंलाको सहाराले लेख्ने गर्छिन्। उनी बाल्यकालदेखि नै प्रतिभास्तिष्क रोगबाट पीडित छिन्। उनी पुस्तकका साथै पत्रपत्रिकाहरूमा लेखहरू पनि लेख्ने गर्छिन्।

आन्दोलनका क्रममा घाइते लहानका युवक काठमाडौंमा बेपत्ता

लहानमा **मणिलाल विश्वकर्मा**



विजय चौधरी

जेन-जी समूहको आन्दोलन हेर्न गएका सिराहा लहानका एक युवक घाइते भएपछि अस्पतालसम्म पुगेको र त्यसपछि बेपत्ता भएको परिवारजनले जनाएको छ। सिराहाको लहान नगरपालिका- १५, ढोढना सिमलटोकी घर भएका हरिप्रसाद चौधरीका कान्छा छोरा करिब २७ वर्षीय विजय चौधरी बेपत्ता भएको भन्दै परिवारजनले खोजीका लागि सहयोग गरिदिन आग्रह गरेका छन्। लहान- १५ का वडाध्यक्ष तेजनारायण चौधरीका अनुसार विजय मंगलबार साँझ काम गरेर डेरा फर्किने क्रममा साँझ करिब पाँचे बजेतिर बानेश्वरमा भइरहेको प्रदर्शन हेर्न पुगेका थिए। 'त्यहाँ घाइते भएका भनिएका उनलाई कसैले सिभिल अस्पताल पुऱ्याएर भर्ना गरिदिएको पाइयो,' उनले भने, 'त्यसपछि कहाँ कुन अवस्थामा छन् भन्ने यकिन नहुँदा परिवारजन ठुलो चिन्तामा परेका छौं।'

चौधरी करिब आधा दशकभन्दा बढी समयदेखि काठमाडौंको पेप्सीकोलामा डेरा लिएर श्रीमती र सानी छोरीसहित बस्दै आएका थिए।

हाउसवायरिङको काम गर्दै आएका विजय कताबाट कसरी मंगलबार साँझ बानेश्वर पुगे, कसरी घाइते भए र कसले अस्पतालसम्म पुऱ्यायो भन्नेसम्म पनि यकिन नभएको बाबु हरिप्रसादले बताए। 'संघीय राजधानी काठमाडौंसहित मुलुकका विभिन्न जिल्लामा निषेधाज्ञा, कर्फ्यु भएकाले खोजीका लागि घरबाट पनि कोही जान सकिरहेका छैनौं, असहज अवस्थाका कारण काठमाडौंमै रहेका आफन्तले पनि सबै अस्पतालहरू पुगेर खोज्न सकिरहेका छैनन्,' उनले भने। उनले छोराको खोजीका लागि सहयोग गर्न अधिकारकर्मी र प्रहरीसँग आग्रह गरेका छन्।

सार्वजनिक सम्पत्ति तोडफोड, आगजनी र लुटपाट रोक्न आग्रह

जिल्ला सुरक्षा समिति सिराहाले केही स्थानमा केही आपराधिक तत्त्वले गरिरहेको सार्वजनिक सम्पत्ति तोडफोड, आगजनी र लुटपाट तथा समाजमा आतंक सिर्जनाजस्तो आपराधिक काम तत्काल रोक्न आग्रह गरेको छ। आन्दोलनरत पक्षले विरोधका सम्पूर्ण कार्यक्रम स्थगित गरिसकेको र नयाँ सरकार गठनको सुरुवात भइसकेको, कर्फ्युको आदेश जारी भएको समयमा त्यस्तो कार्यलाई गम्भीर अपराध ठहर गरी तत्काल कानुनको दायरामा ल्याउन जिल्ला सुरक्षा समिति क्रियाशील रहेको जनाएको छ। त्यस्ता आपराधिक कार्यलाई नियन्त्रण गर्न स्थानीय नागरिक समाज, सामुदायिक प्रहरी, पत्रकार, स्थानीय संघ-संस्था तथा बौद्धिक समुदायले समेत सहयोग पुऱ्याउन समितिको आग्रह छ।

सुरक्षा समितिले कर्फ्यु अवधिमा कुनै पनि हालतमा घरबाट बाहिर ननिस्किन, अत्यावश्यक काम परेमा मात्र स्थानीय प्रहरीसँग समन्वय गर्नसमेत आग्रह गरेको छ। आन्दोलनका क्रममा मंगलबार जिल्ला सदरमुकाम सिराहास्थित जिल्ला अदालत, नगरपालिका, नापी तथा जिल्ला सरकारी वकिल कार्यालय र लहान नगरपालिकासहित करिब एक दर्जन सरकारी कार्यालय तोडफोड, आगजनी भएको थियो। आन्दोलनको नाममा मंगलबार अपराह्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको गोदाममा रहेको १० करोड रुपैयाँभन्दा बढीको चामल, चिनी, ८० हजार थान जुटका बोरा लुटपाट भएको थियो।

पोखरामा आगजनी गरिएका स्थानमा दुईजनाको शव फेला

कास्की/ जेन-जीले भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धविरुद्ध पोखरामा गरेको प्रदर्शनका क्रममा मंगलबार आगजनी गरिएका दुई भवनमा दुईजनाको शव फेला परेको छ। प्रदर्शनकारीले आगजनी गरेका पोखरा महानगरपालिका-६ लेकसाइडस्थित एक रिसोर्टमा र पोखरा-९ नयाँबजारस्थित एक शोरुममा एक गरी दुईजनाको जलेको अवस्थामा बुधबार फेला परेको हो।

गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा अध्यक्ष रहेको अंशुभरा ग्रुपअन्तर्गत लेकसाइडस्थित बाराहीचोक नजिकै निर्माण गरेको 'बर्गैंचा रिसोर्ट एन्ड स्पा' मा प्रदर्शनकारीले गरेको आगजनीका कारण जलेको अवस्थामा शव फेला परेको हो। रिसोर्ट सौगात थापाले सञ्चालन गरेका हुन्। ७० करोड लागतमा निर्माण गरेको भनिएको रिसोर्टको उद्घाटन १४ साउनमा परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले गरेकी थिइन्। प्रदर्शनकारीले मंगलबार आगजनी गरेको नयाँबजारस्थित मन्त्री थापाका भाइ ध्रुव थापाले सञ्चालन गरेको हिमालयन अर्गनाइजेसन रहेको भवन र भवनमा रहेका विभिन्न गाडीको शोरुममा बुधबार एक युवतीको जलेको अवस्थामा शव फेला परेको हो। मन्त्रीका भाइ ध्रुव नेपाल अटोमोबाइल डिलर्स एसोसिएसनका निवर्तमान केन्द्रीय अध्यक्षसमेत हुन्।

मंगलबारको आगो निभाउने क्रममा रिसोर्टमा भेटिएको शव जलेर हड्डी मात्र रहेको अवस्थामा र शोरुम भेटिएको शव पूर्णरुपमा जलेको अवस्थामा भेटिएको हो। दुवै शवको सनाखत भने भएको छैन। मंगलबार प्रदर्शनले उग्र रुप लिएपछि पोखरामा रहेका अधिकांश सरकारी कार्यालय जलाइएका थिए भने केही निजी भवनसँगै पोखराको लेकसाइडस्थित एक दर्जन होटलहरूमा समेत तोडफोड र आगजनी भएको थियो।

ताप्लेजुङमा पहिरोमा परी दुईजनाको मृत्यु

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको मैवा खोला गाउँपालिकामा पहिरोमा परी दुईजनाको मृत्यु भएको छ। ६० वर्षीय लाक्पाखाङ्डु शेर्पा र ५५ वर्षीया मिङ्मालाकी शेर्पा छन्। प्रहरीका अनुसार बुधबार बिहान मैवा खोला गाउँपालिका- ६, फाकुम्बाको भित्तेमा गएको पहिरोमा परी दुवैजना हराइरहेका थिए।

फाकुम्बाको भित्ते बस्तीमाथि मुढेडाँडाबाट झरेको पहिरोले बगाएको अवस्थामा लाक्पाखाङ्डु शेर्पा र मिङ्मालाकीको बुधबार शव दिउँसो तीन बजेतिर फेला परेको हो। घर बगाएपछि मिङ्मालाकी शेर्पा पनि बेपत्ता भएकी थिइन्। मैवा खोला गाउँ कार्यपालिका सदस्यसमेत रहेका लाक्पाखाङ्डुका



ताप्लेजुङको मैवा खोला गाउँपालिकामा फाकुम्बाको भित्ते बस्तीमाथि मुढेडाँडाबाट झरेको पहिरो।

भतिज पासाङ्ग्याबु शेर्पाले लाक्पाखाङ्डु र मिङ्मालाकीको शव दिउँसो पहिरो पन्छाएर निकालिएको बताए। अस्थायी प्रहरी चौकी फाकुम्बाका इन्चार्ज वरिष्ठ प्रहरी हवल्दार दलबहादुर श्रेष्ठ नेतृत्वको टोली र स्थानीयसमेतले पहिरो पन्छाएर शव निकालेको उनको भनाइ छ।

पहिरोमा परी अन्य तीनजना घाइते भएका छन्। घाइते हुनेमा दारिन्जेन शेर्पा, टासीजाङ्बु शेर्पा र याङ्जी शेर्पा रहेको प्रहरीले जनाएको छ। पहिरोका कारण पाँच घरपरिवार विस्थापित भएका छन्। मैवा खोलाका अध्यक्ष विजयप्रकाश बनेमले सुरतलाल चौधरी, जिवापासाङ शेर्पा, पासाङ्ग्याबु शेर्पा, निमारिन्जेन शेर्पा र मिङ्मा शेर्पाको परिवार विस्थापित भएको जानकारी दिए।

अब 'फ्रेस स्टार्ट' कि 'रि-स्टार्ट' ?

संविधान, संसद् र संघीय प्रणाली खारेज गरी अन्तरिम व्यवस्थाका आधारमा 'जेन-जीको' नयाँ सरकार निर्माण गर्नु आजको पहिलो विकल्प हो



● डा. प्रेमराज सिलवाल

अग्रलेख

सडक प्रदर्शन र नियन्त्रणका नाममा यति धेरै अपराध गरिए कि त्यसको न्यायिक छानबिन गरी दोषीलाई कानुनबमोजिम सजाय नगर्ने हो भने मुलुकमा फेरि अर्को समूह या अभियानले आन्दोलन या विद्रोहका नाममा 'आगो' नबाल्ला र लुटपाट नगर्ला भन्न सकिन्न । ०४६ सालमा ७ फागुनदेखि २६ चैतसम्म भएका अपराधमा मल्लिक आयोग बनाएर छानबिन गरियो । ०६२/६३ को आन्दोलन या त्यसअघि भएका अपराधको छानबिन रायमाझी आयोगले गऱ्यो । तर, दुवै आयोगले दोषी किटान गरी कारबाही सिफारिस गरेका व्यक्तिमाथि कुनै कानुनी कारबाही गरिएन । यसैको परिणामस्वरूप मुलुकमा दण्डहीनता मौलाएको हो । कानुनी शासन र विधिलाई नमान्ने र सडकको 'ननपोलिटिकल नेचर'को आवाजका नाममा शासन गर्ने हो भने 'ननपोलिटिक क्राउड'को राज (भिडको शासन) कायम हुन्छ । त्यस्तो शासनको आयु छोटो हुने मात्र होइन, वैधानिकता पनि केही हुँदैन । केही समयपछि अर्काले पुनः त्यस्तै विधिबाट सत्ता हत्याउने खतरा रहन्छ । अर्थात्, सिरिया, नाइजेरियालगायत मुलुकको जस्तो हालतमा नेपाल पुग्ने खतरा रहन्छ । अहिलेको चुरो सवाल भनेको 'सडकबाट' सरकार गठन गर्ने कि 'संसद्बाट' भन्ने हो । अकोतर्फ सडकमा भएको प्रदर्शनलाई मात्र 'सबथोक' मानेर लामो इतिहास बोकेका राजनीतिक दललाई 'इग्नोर' गरेर जाने कुराले मुलुक अस्थिरतातर्फ जाने र द्वन्द्वको विविधीकरण भई पुनः कुनै न कुनै रूप या नाममा विस्फोट हुने खतरा रहन्छ ।

राज्यको सार्वजनिक र निजी सम्पत्तिसमेत गरी अर्बौंको भौतिक संरचना, संवेदनशील सूचना र महत्त्वपूर्ण कार्यालयका कागजपत्र ध्वस्त गरिएका कारण मुलुकको राज्य प्रशासन ध्वस्त भएको अवस्था छ । कैयौं महिनासम्म सार्वजनिक प्रशासनले त्यसैलाई बहाना बनाएर नागरिकका अत्यावश्यक काममा 'आलटाल' गर्ने अवस्था आउन सक्छ । त्योभन्दा पनि गम्भीर कुरा मुलुकमा संवैधानिक, कानुनी र राजनीतिक संकट चर्कने खतरापूर्ण अवस्था सिर्जना भएको छ । अझै केही महिनासम्म नेपालको संवैधानिक र राजनीतिक कोर्स कतातर्फ जाला भन्ने गम्भीर अन्योल, अस्थिरता र संवैधानिक एवं कानुनी जटिलताबाट मुलुक गुज्रने अवस्था देखियो । २०७९ सालमा जनताद्वारा निर्वाचित संसद्को अवधि २०८४ सालसम्म रहेको अवस्थामा अहिलेको आन्दोलन (खासमा जनआक्रोश) को बलमा अब कसरी सरकार निर्माण गर्ने र त्यसलाई राजनीतिक तथा संवैधानिक वैधता केकसरी दिने भन्ने नै अहिलेको सर्वाधिक पेचिलो मुद्दा बनेको छ ।

गम्भीर जटिलता धेरै छन् । तीन वर्ष चानचुन बाँकी अवधि भएको र संवैधानिक अधिकार भएको संसद्लाई खारेज गर्ने वा के गर्ने ? विगतमा शेरबहादुर देउवा विपक्षी राष्ट्रपतिको कार्यालयसमेत भएको मुद्दामा सर्वोच्च अदालतद्वारा भएका फैसलालाई बेवास्ता गर्ने कि के गर्ने ? संसद्को खारेजी नै गर्ने हो भने कसले संविधानको कुन धाराअन्तर्गत खारेज गर्ने ? त्यसरी गरिने खारेजीले कसरी वैधानिकता प्राप्त गर्ने ? त्यस्तो खारेजीपश्चात् बन्ने सरकारलाई नेपालमा हाल क्रियाशील ठुला पार्टीले 'पोलिटिकल लेजिटिमिसी' कसरी दिने वा नदिने ? जननिर्वाचित संसद् सडक प्रदर्शनको भरमा कसैले खारेज गर्ने हो भने अर्को केही समयपछि फेरि अर्को शक्ति जुलुस र आगजनीसहित प्रदर्शनमा नआउला भन्न सकिन्न । ०५९ साल माघ १९ मा तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचित शेरबहादुर देउवाको सरकार विघटन र संसद् खारेजी गर्दा त्यसको परिणाम के भयो ? इतिहास साक्षी छ । तसर्थ, वर्तमान संवैधानिक र कानुनी जटिलता गम्भीरतापूर्वक सोचेर अघि बढ्नुपर्ने देखिन्छ । एकथरी राजावादी र व्यवस्थाविरोधी मार्कालाई नेपालको संविधान र संसद् खारेज गर्दा 'स्वाद लाग्ने' भए पनि यो कुरा सजिलो, स्वाभाविक र राजनीतिक-वैधानिकताका दृष्टिले एकदमै जटिल र पश्चगामी सोच हुनेछ ।

०८२ साल भदौ २३-२४ को जेन-जी प्रदर्शनले सत्ता राजनीतिमा उथलपुथल ल्याएपछि यतिबेला नेपालको सत्ता राजनीतिमा तीनथरी विकल्पबारे बहस सुरु भएको छ । 'फ्रेस स्टार्ट' अर्थात् गणतान्त्रिक संविधान, संसद् र संघीय प्रणाली खारेज गरेर अन्तरिम व्यवस्थाका आधारमा 'जेन-जीको' नयाँ सरकार निर्माण गर्ने । अर्को संविधान र सर्वोच्च अदालतसमेतले निर्देश गरेको बाटो अर्थात् राष्ट्रपतिमार्फत संविधानको धारा ७६ को (२) अनुसार संसद्मा बहुमत हुने अवस्था भएसम्म सोही संसद्मार्फत बहुमत पुऱ्याउन सक्ने दलको नेतालाई प्रधानमन्त्री बनाउने भन्ने रहेको छ । तेस्रो, संसद्बाट निर्वाचित प्रधानमन्त्रीको नेतृत्वको सरकारमा जेन जीका केही मन्त्रिसमेत राख्ने । संविधानअनुसार राष्ट्रपतिले दललाई समयसीमा तोकेर बहुमत पुग्ने दलको नेताले प्रधानमन्त्रीमा दाबी गर्ने कुरा रहन्छ । यद्यपि अहिलेको सडक आक्रोश हेर्दा त्यो त्यति सहज विकल्प रहेन । कतिपय कोणबाट राष्ट्रपतिकै राजीनामासमेत माग गरिएको अवस्थामा यो सजिलो विकल्प होइन । संवैधानिक र राजनीतिक संकटका बेला नेपाली सेनाले सुरक्षाको जिम्मा लिनु स्वाभाविक नै भए पनि त्यसलाई लामो समय जान दिने कुराले नागरिक शासन भताभुंग हुने, मुलुकमा जनउत्तरदायी शासनको अभावमा नागरिक आवाज र आवश्यकताको सम्बोधन नहुने अवस्था सिर्जना हुन सक्छ । 'फ्रेस इलेक्सन' वा 'अर्ली इलेक्सन'का लागि पनि प्रमुख दलको समर्थन अनिवार्य हुन्छ । अर्कातर्फ नागरिक नेतृत्वको सत्ता नभएको अवस्थामा प्रशासनिक नेतृत्वबाट मात्र मुलुकका यावत् राजनीतिक र संवैधानिक निर्णयका काम ठप्प हुने अवस्था सिर्जना भएको छ । विकास निर्माणका मुद्दाचाहिँ धेरै नै पर धकेलिने अवस्था छ । संघीय राजधानीमा पोलिएका र जलाइएका सरकारी भौतिक संरचनाको क्षतिको यकिन गर्न नै महिनौं लाग्ने अवस्था छ ।

> सडकमा भएको प्रदर्शनलाई मात्र 'सबथोक' मानेर लामो इतिहास बोकेका राजनीतिक दललाई 'इग्नोर' गरेर जाने कुराले मुलुक अस्थिरतातर्फ जाने र द्वन्द्वको विविधीकरण भई पुनः कुनै न कुनै रूप या नाममा विस्फोट हुने खतरा रहन्छ

सडक प्रदर्शनपछि जेन जीका मुद्दा के-के हुन् ? जेन-जीका आधिकारिक प्रतिनिधि को हुन् ? तिनका निर्णयलाई जेन-जी र सबैले किन र कसरी स्वीकार गर्नुपर्ने हो ? यस्ता कानुनी, व्यावहारिक, सामाजिक र नैतिक प्रश्नसमेत यतिखेर उठिरहेका छन् । नागरिकका सार्वजनिक सरोकारका मुद्दामा नागरिक सहभागिता, निश्चित दर्शन, उद्देश्य, विधिसम्मत नेतृत्व, औपचारिक र सार्वजनिक कार्यक्रम, जिम्मेवारी, व्यवस्थापन, राजनीतिक, सामाजिक र सार्वजनिक माग, पूर्वसूचना, नागरिक जागरण तथा सचेतना, प्रक्रिया, विधि, कुन माग कसले कसरी पूरा गर्ने हो तथा आधिकारिक नेतृत्वसमेत भएपछि त्यो नागरिकको आफ्नो आन्दोलन बन्न सक्ने राजनीतिशास्त्रीय दर्शनको मान्यता भए पनि जेन जीका सन्दर्भमा त्यस्तो केही देखिन्न । प्रदर्शनमा गरिएको हिंसा, लुटपाट, चोरी र तोडफोडसमेतको जिम्मा कसैले लिने अवस्था देखिन्न । आन्दोलनमा भिड नै चाहिन्छ र तोडफोड तथा आगजनी नै गर्नुपर्छ भन्ने केही होइन । अभियन्ताको अभियानमा पनि शक्ति र तागत हुन्छ । जस्तो- भारतमा 'बिट्रिस भारत छोडो' आन्दोलनमा सन् १९४२ देखि सन् १९४७ को अवधिमा महात्मा गान्धीले सानो समूहका साथ शान्तिपूर्ण हडताल (अनशन) गरे । जसले भारतीय नागरिकको सरोकार बोक्यो । देशव्यापी असहयोग आन्दोलन र अभियानको आकार ग्रहण गऱ्यो । त्यस्तो हुनुमा नेता गान्धीको विचार, दृष्टिकोण, मुद्दा, अभियान, सादगी जीवन, चरित्र, निष्ठा, त्याग र शान्तिपूर्वक गरिएको निरन्तरताले कार्य गरेको प्रस्ट हुन्छ । नेपालमा चाहिँ २३ गतेको सरकारका तर्फबाट गरिएको अनियन्त्रित हिंसा र गोली प्रहारपछि नागरिक भिड झन् भड्कियो । त्यो हुनुमा प्रधानमन्त्रीको हठी स्वभाव पनि कारण रह्यो ।

विश्व इतिहासमा पनि समय-समयमा अनेकौं संघर्ष र आन्दोलन भएका छन् । बेलायतमा राजतन्त्र, राजा र संसद्बिचको द्वन्द्व इतिहासदेखि नै रह्यो । सन् १२१५ मा राजा जोन (११६६-१२१६) को निरंकुश शासनविरुद्ध नागरिक विद्रोह भएपछि उनले म्याग्नाकार्टा नामको कानुन ल्याउनुपऱ्यो । जसले रोयल पेरोगेटी (राजकीय हस्तक्षेप) लाई पहिलोपटक नियन्त्रण गऱ्यो । चीनमा माओको नेतृत्वमा भएको विद्रोहपछि सन् १९४९ मा जनवादी गणतन्त्र आयो । भारत १९४७ मा बेलायतबाट स्वतन्त्र भयो । नेपालमा ०६२/६३ सालमा लोकतान्त्रिक आन्दोलन सफल भएको भए पनि त्यसअघि भएका अनेकौं संवैधानिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक द्वन्द्वको 'क्लाइमेक्स' मात्र थियो, त्यो आन्दोलन । अर्थात्, सडकमा आएको 'जुलुस'ले मात्र नेपालबाट राजतन्त्र अन्त्य भएको होइन । अहिलेको जेन-जीको सडक आक्रोशले सत्ता परिवर्तन गर्न सफल भएको भए पनि यसैलाई गणतान्त्रिक 'संविधान च्यात्ने आन्दोलन' भनेर बुझियो र सडकबाट संविधान खारेज गरेर 'टेम्पोरारी क्राउड एङ्गरनेस'को बलमा शतप्रतिशत 'फ्रेस स्टार्ट' गर्ने गैरराजनीतिक बाटोबाट मुलुक सञ्चालन गर्न खोजियो भने त्यो मुलुकका लागि महँगो साबित हुन सक्छ । अहिलेको आवश्यकता संविधानले दिएको मार्गबाटै अत्यधिक राष्ट्रिय सहमति खोज्नु हो । सबैको आवाजलाई संवैधानिक र राजनीतिक मार्गबाट सम्बोधन गर्नु हो । अर्थात्, संवैधानिक र राजनीतिक वैधता बढी हुने मार्गबाट अघि बढ्नु हो । एउटाले सम्पूर्ण जितेको र अर्कोले पूरै हारेको अर्थमा संविधान बाहिर गएर 'फ्रेस स्टार्ट' गरियो भने त्यो गैरसंवैधानिक, गैरराजनीतिक र अवस्तुवादी फैसला हुन पुग्छ । त्यो आजको समाधान होइन । सडकमा प्रदर्शन भयो भन्दैमा अब प्रमुख पार्टीहरूको अस्तित्व सम्पूर्ण रूपमा सकियो भनेर सोचियो भने भविष्यमा त्यो सबैका लागि चर्को पर्न सक्छ । बदलिँदो परिस्थिति, आवश्यकता र वस्तुगत अवस्थालाई ख्याल गरी संविधान र राजनीतिक सहमतिका आधारमा 'रि-स्टार्ट' नै गर्नुपर्छ ।

(डा. सिलवाल अधिवक्ता हुन्)

---

३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई



'जेन-जी'को आन्दोलन सफल भइसकेको अवस्थामा नयाँ सरकार बन्ने कानुनी बाटो के हुन सक्छ ?

अहिलेको तातो अवस्थामा संसद्को अंकगणित र संविधानको धारा ७६ पल्टाएर सम्भव हुँदैन । जेन-जीको आफैं सरकारमा जाने लक्ष्य थिएन । उनीहरू सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयविरुद्ध थिए । मौलाउँदो भ्रष्टाचार नियन्त्रण हुनुपर्छ र नेताहरूको सम्पत्तिमाथि छानबिन हुनुपर्छ भन्ने उनीहरूको माग थियो । तर, पुरानो सरकार ढलिसकेको अवस्थामा अब नयाँ सरकार त बन्नैपर्छ । त्यसैले, अब राष्ट्रपतिले अभिभावकीय भूमिका निर्वाह गरेर सेना, जेन- जी, बालेन र रास्वपासँग बसेर कस्तो सरकार बनाउने, कसरी बनाउनेलगायत विषयमा छलफल गर्नुपर्छ । छलफलबाट जेजस्तो निष्कर्षमा पुगिन्छ, त्यसैअनुसार सरकार गठन गर्नुपर्छ । सेनालाई चाहिँ सरकारमा सामेल गर्ने गरी होइन, सहयोगीका रूपमा साथ लिनु जरुरी छ यतिखेर ।

यसबाहेक सरकार बन्न सक्ने अन्य विकल्प पनि छन् कि ?

तत्काल त्यस्ता अन्य विकल्प खोज्नुहुँदैन । विकल्प जेसुकै भए पनि त्यो आन्दोलनरत जेन- जीलाई मान्य हुनुपर्छ । यसरी बन्ने सरकार 'लङ टर्म पोलिसी मेकर' होइन, 'केयर टेकर' मात्र हो । यसरी बन्ने सरकारलाई संविधानको सीमाभित्र बसेर सक्दो छिटो निर्वाचन गराउने, भ्रष्टाचार नियन्त्रण गर्ने 'म्यान्डेट' दिइनुपर्छ । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियारमा अहिले भएको टिम आफैंले राजीनामा दिनुपर्छ । राजीनामा नदिए नयाँ सरकारले तिनलाई फालेर विज्ञ र गुणवेत्ताका आधारमा निष्पक्ष मान्छेलाई त्यहाँ लानुपर्छ । दीर्घकालीन नीति र विकास निर्माणका कामचाहिँ निर्वाचनपछि आउने सरकारले गर्छ ।

निर्वाचित संसद् हुँदाहुँदै संविधान र कानुनी व्यवस्थाबाहिरबाट बन्ने सरकार वैधानिक हुन सक्छ त ?

राजनीतिक सहमतिबाट सरकार बनेर राष्ट्रपतिबाट शपथ लिइसकेपछि त्यो सरकारले सबैभन्दा पहिला संसद् विघटनको सिफारिस गर्नुपर्छ । राष्ट्रपतिबाट सिफारिसअनुसार संसद् विघटन भइसकेपछि सरकार केयर टेकर बन्छ । उसले निश्चित मितिमा निर्वाचन गराउँछ र निर्वाचनपछि आउने निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्छ । अबको वैधानिक बाटो नै यही हो ।

प्रेरक प्रसंग

कलाकारको दृष्टि

एउटा सहरको चोकमा एकजना साहित्यकारको सालिक राख्ने तयारी भइरहेको थियो । त्यसका लागि चर्चित मूर्तिकारले सालिक बनाउने जिम्मा पाए । उनी सालिक निर्माणमा जुटे । केही दिनमै तयार पनि भयो । तर, मूर्तिकार सन्तुष्ट हुन सकेनन् र उनी अर्को सालिक निर्माणमा जुटे ।



मानिसहरू दिनदिनै उनको कला हेर्न आउँथे र प्रशंसा गर्दै फर्किन्थे । जब उनी दोस्रो सालिक निर्माणमा जुटे, तब मानिसले सोचे, सायद एउटै साहित्यकारका सालिक फरक-फरक दुई स्थानमा राखिने रहेछन् कि ? खसखस थाम्न नसकेर एकजनाले सोधे- होइन मूर्तिकारज्यू, तपाईंले यति राम्रो एउटा सालिक निर्माण गरिसकेपछि फेरि अर्को पनि बनाउन थाल्नुभयो । के एउटै साहित्यकारका दुई सालिक अलग-अलग स्थानमा राख्ने तयारी भइरहेको छ हो ? ढुंगामा छिनु र घन चलाउँदै मूर्तिकारले शान्त भावमा जवाफ दिए- होइन, राख्ने त एउटै हो । प्रश्नकर्ताले पुनः सोधे- त्यसो भए एकैजनाका दुइटा सालिक किन बनाउँदै हुनुहुन्छ त तपाईं ? मूर्तिकारले पुनः जवाफ दिए– पहिलो सालिक बनाउँदै जाँदा त्यसको नाकमा केही रेखा कोरिए । घोटेर तिनलाई मेटूँ भने नाकको आकार नै फरक देखिन्छ । त्यसैले नयाँ बनाउन थालेको हुँ । मूर्तिकारको जवाफ सुनेपछि सबैजना घोरिएर पहिलो सालिकको नाक हेर्न थाले । तर, उनीहरूले सजिलै त्यस्तो कुनै रेखा देखेनन् ।

त्यसैले फेरि तिनै प्रश्नकर्ताले सोधे- यति नजिकबाट हेर्दा त केही देखिएन भने २० फिटमाथि राखिने यो सालिकको नाकमा कोरिएका रेखा कसले देख्ला र ? मूर्तिकारले मुसुक्क हाँस्दै भने- अरूले नदेखेर के भो त ? मैले त देख्छु नि !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अराजकलाई कारबाही गर

जेन जीको आन्दालनका क्रममा देशभरका सरकारी भवन, प्रहरी कार्यालय, स्थानीय तहका कार्यालयलगायत आगजनी हुनु दुःखद छ । सिंहदरबारदेखि सर्वोच्च अदालतसम्म जल्दा महत्त्वपूर्ण कागजात जलेका छन् । निजी क्षेत्रका व्यापरिक प्रतिष्ठान जलेका छन् । यसबाट देश केही वर्ष पछि परेको महसुस भइरहेको छ । पक्कै पनि यो खालको आगजनी जेन जीको चाहनाको विषय थिएन । यसमा पक्कै पनि अराजक समूहको घुसपैठ भएको छ । नयाँ सरकार बनेपछि यसबारे पनि छानबिन गरी दोषीमाथि कडा कारबाही गरिनुपर्छ ।

● **मधुरमण अर्याल**, लाजिम्पाट, काठमाडौं

यो देशका धमिराहरू बस्ने खोर जलेको मात्र हो । अब साँच्चैको सिंहदरबार, संसद् भवन, न्यायालय त हामीले नै बनाउनुपर्छ ।

● **साना जिरेल**

देश सक्कियो नभनौं । जे नहुनु थियो, त्यो त भई नै हाल्यो । अब पुनर्निर्माणमा लाग्नुपर्छ । विश्वयुद्धबाट तहसनहस भएको हिरोसिमा अहिले सुन्दर भएको छ । इतिहासबाट पाठ सिकौं । अब गल्ती नगरौं ।

● **राजेन्द्र भाट**

पहिला भत्काउन जरुरी थियो, किनकि नभत्काएसम्म पुनर्निर्माण सम्भव थिएन । बनाउन समय लाग्दैन, बनाउने आँट गरे ।

● **श्री मन**

हामी शून्यमा पुग्यौं । कमसेकम जेन जीका साथीहरूले सरकारी भवनमा क्षति पुग्न नदिएको भए महत्त्वपूर्ण अभिलेख त सुरक्षित हुने थिए ।

● **विष्णुप्रसाद पोखरेल**

आन्दोलनको सुरुवातमै देउवाले सरकारबाट बाहिरिइदिएको भए जेन जीबाट सम्मान पाउँथे । तर, देउवा लिप्त भए, सजाय पाए ।

● **मनमोहन ठकुल्ला**

रातभर निद्रा छैन । भ्रष्टाचारी त पाखा लागे तर पुर्खाले बनाएका संरचना नाति पुस्ताले ध्वस्त पारे । देशमा अपराध बढेको छ । सुरक्षा छैन । अभिभावकविनाको देश टुहुरो भयो । आन्दोलनको नाममा अराजकता मच्चियो । देशको सम्पत्ति जल्दा लाग्छ, कुनै देशले हमला गरेको छ । सार्वजनिक सम्पत्ति तोडफोड नगर्नुहोस् । सुरक्षाकर्मीलाई आफ्नो काम गर्न दिनुहोस् । तराई भागमा देशको सिमाना सुरक्षा गर्नुहोस् ।

● **महेश बुढाथोकी**

ओली-देउवा, प्रचण्ड अनि तिनका झोलेको साम्राज्य र अहंकार ढल्यो । यो जेन जी पुस्ताको ऐतिहासिक जित हो । पार्टीका झोले कार्यकर्ता वा विदेशी दोस्रो शक्ति जेन जीलाई बदनाम गराउन सक्रिय छन् । भाटा बोकेर सडकमा लुटपाट गर्ने, बैंक, भाटभटेनी लुट्ने, सिंहदरबार, सर्वोच्च अदालत जलाउने काम जेन जीले गरेको होइन । फोटो भिडियो हेरेर पहिचान गर्दै आर्मीले अब तिनलाई सजाय दिलाउन सक्नुपर्छ । शासकको अहंकारले हामीलाई शून्यमा पुऱ्यायो । हो, अब देशभक्त नेपालीको उठाइ अविराम हुनेछ ।

● **रवीन्द्रजंग कुँवर**

राष्ट्रका अमूल्य सम्पत्ति र व्यक्तिगत निजी सम्पत्तिमाथि अराजक लुटेराद्वारा विध्वंसक आक्रमण हुँदा पनि मूकदर्शक सुरक्षाकर्मीका कारण लुटपाट सम्भव भयो । नेपाली सुरक्षाकर्मीको लाचारीले आज सिंगो राष्ट्र मर्माहत भएको छ ।

● **सुरेन्द्र महर्जन**

दल र तिनका नेता-कार्यकर्ताको अराजक लुटतन्त्रपछि अराजक गुन्डागर्दी, लुटपाट, अपहरण, डकैतीको स्थितिदेखि सावधान सचेत बनौं ।

● **शंकर पाठक**

सकियो मेरो देश । सबै जलेर खरानी भयो । जितेर नि हारेको महसुस भएको दिन । वृद्ध पुस्ता हाऱ्यो, देश जल्यो, युवापुस्ताले जित्यो । तर देश ३० वर्ष पछाडि पुग्यो । जितेर नि हारेको महसुस भयो । हिजो पनि हाऱ्यो, आज पनि हाऱ्यो ।

● **नरेश गिरी**

(नयाँ पत्रिका फेसबुकबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इन्डो-प्यासिफिकमा गलत मोड

राजनीतिक र आर्थिक दुवै कारणले वासिंटन र नयाँदिल्लीबिचको सम्बन्ध नाटकीय रूपमा बिग्रिएको छ



देश / विदेश

● इलान बर्मन

केही महिनाअघि मात्र अमेरिका-भारत सम्बन्धमा केही हदसम्म सुधार आएको थियो । जब भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले फेब्रुअरी २०२५ मा ह्वाइट हाउसको भ्रमण गरे, त्यो भ्रमण भव्य थियो । भव्यता र परिस्थितिले भरिपूर्ण थियो भ्रमण । यसले मूर्त रूप पनि लियो, जसमा वासिंटन र नयाँदिल्लीबिच रक्षा सहयोगमा नयाँ समझदारी, द्विपक्षीय व्यापार विस्तार गर्ने साझा प्रतिबद्धता र कृत्रिम बुद्धिमत्ता (एआई) र उन्नत प्रविधिमा नयाँ साझेदारीको सुरुवात समावेश छ । अर्को शब्दमा भारत-अमेरिकी साझेदारी बलियो हुँदै गएको देखिन्थ्यो ।

तर, त्यो त्यतिबेलाको कुरा थियो । अहिले अवस्था बिल्कुल फरक छ । राजनीतिक र आर्थिक दुवै कारणले गर्दा वासिंटन र नयाँदिल्लीबिचको सम्बन्ध त्यसबेलादेखि नाटकीय रूपमा बिग्रिएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले विवादित कमिर क्षेत्रमा भारत र पाकिस्तानबिच मे २०२५ मा भएको सैन्य गतिरोधलाई कम गर्ने श्रेय सार्वजनिक रूपमा र बारम्बार स्वयंले लिएका छन् । कुनै अर्थपूर्ण तेस्रोपक्ष मध्यस्थता नभएको भारतको जिद्दीको विपरीत उनको अभिव्यक्तिले नयाँदिल्लीलाई नचिढाउने कुरै भएन ।

वासिंटन र इस्लामाबादबिचको उच्चस्तरीय कूटनीतिक सम्बन्धमा केही नरमपन आउनु भारतका लागि अर्को चिन्ताको विषय बनेको हो । वर्षायामको सुरुवातदेखि नै अमेरिकी राष्ट्रपति ट्रम्पले पाकिस्तानका सेना प्रमुख जनरल असीम मुनिरलाई दुईपटक ह्वाइट हाउसमा स्वागत गरेका छन्, जसले भारतको क्षेत्रीय प्रतिद्वन्द्वीलाई अभूतपूर्व राजनीतिक पहुँच प्रदान गरेको छ र अमेरिकाको मनपर्ने दक्षिण एसियाली साझेदारको रूपमा नयाँदिल्लीमा ग्रहण लाग्न सक्ने डर जगाएको छ ।

दुई देशबिच गम्भीर व्यापार विवाद पनि बढ्दै गएको छ । दुई देशबिचको आर्थिक वार्तामा गम्भीर प्रगति नभएपछि जुलाईमा ट्रम्प प्रशासनले भारतीय सामग्रीमा २५ प्रतिशत पारस्परिक भन्सार शुल्क लगाएको थियो । भारतले रुसी तेलको निरन्तर आयात गरेकोमा गत महिना त्यो कर दोब्बर भएर ५० प्रतिशत पुगेको थियो ।

यी सबैको प्रतिक्रियामा भारत अब चीनतिर ढल्किरहेको छ । बेइजिङ र नयाँदिल्लीबिच विगत केही महिनादेखि 'द्विपक्षीय सम्बन्धलाई सामान्यीकरण गर्ने प्रक्रिया सुरु भएको छ,' मन्त्रय इन्स्टिच्युट फर स्ट्राटेजिक स्टडिजकी सान्थी मारिएट डिसुजाले भनिन् ।

त्यो परिवर्तनको एक अंशको रूपमा दुई देशले उच्चस्तरीय सम्पर्क पुनः सुरु गरेका छन् । प्रायः उनीहरूको साझा र ऐतिहासिक रूपमा तनावपूर्ण सीमामा बारहरू मर्मत गरेका छन् । अन्ततः रणनीतिक साझेदारीको विचारलाई पनि मनन गर्न थालेका छन् ।

हालसालै, चीनको तियांजिनमा अगस्ट ३१ मा भएको सांघाई सहयोग संगठनको बैठकमा चिनियाँहरूले भारतलाई अमेरिकाबाट टाढा राख्न स्पष्ट प्रयासमा मोदीका लागि रातो कार्पेट ओछ्याए ।

यो सबै अचानक र चिन्ताजनक छ । केही समयअघि मात्र ट्रम्पको टोलीले अमेरिकी विदेश नीतिमा भारत किन यति धेरै महत्त्वपूर्ण छ भन्ने कारण बुझेकोजस्तो देखिन्थ्यो । हिन्द महासागरको मुटुमा भारतको अवस्थितिले (जहाँबाट आधाभन्दा बढी समुद्री



व्यापार र चीनको अधिकांश तेल आयात हुन्छ) उसलाई स्वतन्त्र क्षेत्रीय व्यापार सुनिश्चित गर्न प्रमुख खेलाडीका रूपमा प्रस्तुत गर्छ । भारत जनसंख्याको आकार, सैन्य क्षमता र आर्थिक क्षमता भएको एक मात्र क्षेत्रीय राष्ट्र पनि हो, जसले उदाउँदो चीनलाई आर्थिक र रणनीतिक हिसाबले टक्कर दिन सक्छ । र, भारत विश्वको सबैभन्दा ठुलो लोकतन्त्र हो, जुन अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्थालाई कायम राख्न संयुक्त राज्य अमेरिकाका लागि एक प्राकृतिक साझेदार बन्न सक्छ । यी विशेषताले भारतलाई एसियामा चिनियाँ प्रभुत्वको प्रमुख प्रतिपक्षको रूपमा खडा गर्छ । यो कुरा ट्रम्प प्रशासनको २०१७ को राष्ट्रिय सुरक्षा रणनीतिमा मनन गरिएको थियो, जसले आधिकारिक रूपमा 'एसिया-प्रशान्त'लाई 'इन्डो-प्यासिफिक' शब्दले प्रतिस्थापन गऱ्यो । त्यही वर्ष ह्वाइट हाउसले चतुर्भुज सुरक्षा संवादलाई पुनर्जीवित गऱ्यो, जसले अमेरिकी, भारतीय, जापानी र अस्ट्रेलियाली अधिकारीलाई चीनलाई प्रतिसन्तुलित गर्ने उद्देश्यले रणनीतिक समूहमा ल्यायो । सन्देश स्पष्ट थियो, एसियाका लोकतन्त्रहरू अधिनायकवादी प्रभावको प्रतिरोध गर्न एकसाथ रहन तयार थिए । तर, अब, भारत-अमेरिका सम्बन्ध चिसो हुँदै जाँदा त्यो समूहको जीवन्तता गम्भीर प्रश्नमा छ । हालको चिसोपन स्थायी भने होइन ।

भारतले आफ्नो 'रणनीतिक स्वायत्तताको लामो समयदेखि चलिरहेको नीतिअनुरूप बेइजिङविरुद्धको आफ्नो स्थिति सुधार गर्न वासिंटनसँग घर्षण प्रयोग गर्ने प्रयास गरिरहेको छ । यसैबिच, ह्वाइट हाउसले नयाँदिल्ली अन्ततः आफ्नो प्राथमिकताअनुरूप हुनेछ भन्ने विचारमा भर परेको देखिन्छ । सायद यो निर्भर हुनेछ । तर, चिनियाँ अधिकारीले स्पष्ट रूपमा जोखिम मोलिरहेका छन् कि उनीहरूले भारत र संयुक्त राज्य अमेरिकाबिचको वर्तमान तनावलाई आफ्नो फाइदाका लागि प्रयोग गर्न सक्छन् र नयाँदिल्लीलाई गम्भीर रणनीतिक चुनौतीको रूपमा तटस्थ पार्न सक्छन् ।

यदि उनीहरूले त्यसो गर्न सफल भए भने अमेरिकाले एसिया र त्यसभन्दा बाहिर चीनलाई नियन्त्रण गर्ने आफ्नो प्रयासमा खराब अवस्था पाउनेछ ।

(बर्मन वासिंटन डिसीस्थित अमेरिकी विदेश नीति परिषद्का वरिष्ठ उपाध्यक्ष हुन् ।)
- द न्युजविकबाट

दोहामा आक्रमण गरेर इजरायलले दिएको सन्देश

कतारको राजधानी दोहामा हमासका नेतामाथि भएको इजरायली आक्रमणले मध्यपूर्वका सबै अरबी देशलाई झस्काएको छ

● जस्टिन सलहानी
● अबुबकर अल-शामाही
● उरुबा जमाल

सहलानी अलजजिराका शीर्ष निर्माता हुन्, अबुबकर अलजजिरा डिजिटलका मध्यपूर्व र उत्तर अफ्रिका सम्पादक हुन् भने उरुबा जमाल मध्यपूर्वमाथि केन्द्रित भएर लेख्ने अलजजिराका पत्रकार हुन् ।



इजरायलले मंगलबार दोहामा गरेको आक्रमणमा आफ्नो संलग्नता ढाकछोपको प्रयाससमेत गरेन । कतारको राजधानीमा आक्रमण भएको केही मिनेटमै इजरायली अधिकारीले मिडियाअघि आएर आक्रमणको जिम्मेवारी लिएका थिए । केही समय नबिर्तै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले सार्वजनिक रूपमा धेरै हमास नेतामाथि भएको आक्रमणको जिम्मेवारी लियो । 'कारबाहीको इजरायल पूर्ण जिम्मेवारी लिन्छ,' विज्ञप्तिमा भनिएको छ ।

यो आक्रमण इजरायलले इरान, सिरिया र लेबनानको हेजबुल्लाहको नेतृत्वविरुद्ध चलाइएको आक्रमणको शृंखलामा आएको छ । त्यसअघिको गाजापट्टीको युद्ध अझै चलिरहेको छ, जसमा ६४ हजार ५०० भन्दा बढी प्यालेस्टिनी मारिइसकेका छन् । कतारमाथिको आक्रमण भने अन्यभन्दा एक कारणले भिन्न छ । कतारमाथि उल्लिखित देश वा समूहविपरीत संयुक्त राज्य अमेरिकाको सहयोगी राष्ट्र हो । मध्यपूर्वकाको सबैभन्दा ठुलो अमेरिकी सैन्य अड्डा कतारमै रहेको छ । त्यसबाहेक कतारले गाजामा जारी युद्ध रोक्न कुनै खालको सम्झौता सुरक्षित गर्न र गाजाबाट इजरायली बन्दीलाई रिहा गर्न वार्ताको समन्वय गरिरहेको छ ।

'इजरायलले भिडभाडयुक्त र आवासीय क्षेत्रमै मनोमानी रूपमा गोलीबारी गर्ने गरेको छ । र, यसमा विराम लगाउने उसको मनसाय देखिँदैन । कसैले यस्तो कदमविरुद्ध गम्भीर कदम चालेन भने पनि ऊ रोकिनेछैन,' इन्टरनेसनल क्राइसिस ग्रुपका वरिष्ठ इजरायल विश्लेषक मैराभ जोन्सजेनले अल जजिरालाई भने ।

आक्रमणले धेरैलाई अचम्मित पारेको प्यालेस्टिनी रक्षा विश्लेषक हम्ज हड्डरले भने । किनभने, यो इजरायलको गुप्तचर निकाय मोसादले विदेशी भूमिमा गर्ने गरेको गोप्य नभएर प्रत्यक्ष खालको आक्रमण हो । नत्र, बाह्य मुलुकमा प्रायः मोसादले कार बम, विष प्रयोग वा स्नाइपर आक्रमणमार्फत हत्या प्रयास गर्ने गर्छ । 'इजरायलले दोहामा खुलमखुल्ला बम आक्रमण गर्ला भनेर कतारवासीले अपेक्षा गरेका थिए भन्ने मलाई लाग्दैन,' हड्डरले भने ।

युरोपेली विदेश सम्बन्ध परिषद्की भिजिटिङ फेला सिन्जिया बियान्कोका अनुसार इजरायलले विश्वभर गरेको अधिल्लो आक्रमणका आधारमा 'कतारवासी आफूहरू पनि आक्रमणको निसानाबाहिर नरहेको मान्न थालेका थिए । तर, स्पष्ट रूपमा कसैले पनि प्रत्यक्ष आक्रमणको अनुमान भने गरेका थिएनन् । आक्रमणको यो खुला दम्भले धेरैलाई आश्चर्यचकित पारेको छ,' बियान्कोले भनिन् ।

इजरायलले यो हर्कतप्रति अमेरिकाको त्यति ठुलो आलोचना भोग्नुपरेको छैन । यो कुरा वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पको शासनकालमा मात्र होइन, पूर्व राष्ट्रपति जो बाइडेनको शासनमा पनि उस्तै थियो । कतारमा भएको आक्रमणसम्बन्ध ह्वाइट हाउसबाट जारी पहिलो टिप्पणीमा ट्रम्पले दोहा आक्रमणबारे आफूलाई जानकारी गराइएको भए पनि इजरायलले एक्लै आक्रमण गरेको बताएका छन् । विज्ञप्तिअनुसार आक्रमणले इजरायली वा अमेरिकी हितलाई कुनै फाइदा नगरे पनि हमास 'सही निसाना' भएको बताएको छ ।

'विश्लेषणात्मक रूपमा भन्नुपर्दा इजरायलले अमेरिकी सहमतिविना यस्तो कुनै पनि आक्रमण गर्ला भन्ने मलाई लाग्दैन,' अल जजिराका वरिष्ठ राजनीतिक विश्लेषक मारवान बिसाराले भने, 'यदि अमेरिकाले साँच्चै सहमति नदिएको भए हामीले इजरायलको आलोचना भएको सुन्न पाउँथ्यौं । वार्ता चलिरहेको समयमा ट्रम्प प्रशासनले यस्तो कार्यको निन्दा गर्नुपर्छ ।'

युद्धविराम प्रयासको अन्त्य ?

दोहाको मध्यस्थतामा युद्धविराम गराउन भइरहेको वार्ता ट्रम्प आफैंले अगाडि सारेको सम्झौताका सर्तवरपर केन्द्रित छ । तर, अमेरिकी राष्ट्रपति आफैंले हमास र गाजाप्रति भने पटक-पटक धम्की जारी गर्ने गरेका छन् । उनले प्यालेस्टिनी समूह हमास सम्झौताको मुख्य बाधा भएको संकेत गर्ने गरेका छन् । तर, वास्तविकतामा भने हमासले यसअघि नै युद्धविराम प्रस्तावमा सहमति जनाएको छ । केवल इजरायलले पहिले आफैंले सहमति जनाएको सम्झौतालाई अस्वीकार गऱ्यो । उसले समय-समयमा वार्ताका सर्त बदल्ने गरेको छ । ट्रम्प प्रशासनले पहिले इजरायली बन्दीको आंशिक रिहाइ र युद्धमा अस्थायी विराम हुनुपर्ने कुरामा जोड दिएको थियो । त्यसपछि युद्धको स्थायी अन्त्यका लागि वार्ता जारी रहने उसले बताउने गर्थ्यो ।

तर, इजरायलले सुरुमा ट्रम्प प्रशासनकै कुरालाई समर्थन गरेको थियो । पछि यसमा उसले युटर्न लियो । हाल प्रस्ताव गरिएको सम्झौताको खेम्राले हमासलाई सबै बन्दी रिहा गर्न आह्वान गरेको छ । त्यसको बदलामा गाजामा चलिरहेको लडाइँमा अस्थायी विराम मात्र हुने भनिएको छ । पछिल्लो समय इजरायलले गाजा सहरमा चलाएको सैन्य अप्रेसनमा उसले सबै प्यालेस्टिनीलाई देश छाडेर जान भनेको छ । साथै, हमासलाई नष्ट नगरी पछि नहट्ने उसको जिद्दी छ । वार्ताको नतिजा जेसुकै भए पनि इजरायलले आफ्नो युद्ध जारी राख्ने योजना बनाएजस्तो देखिन्छ ।

'मेरो विचारमा मुख्य कुरा इजरायल स्पष्ट रूपमा कुनै पनि प्रकारको युद्धविराम, वा युद्धविरामका लागि हुने वार्तामा रुचि राख्दैन । ट्रम्पको हमाससँग वार्ता गर्ने प्रस्ताव, त्यसबारे आएको संशोधन प्रस्ताव, यी सबै नयाँ चाल र नाटक मात्र हुन्,' जोन्सजेनले भने । दोहामा हमासको राजनीतिक नेतृत्वको हत्याबाट गाजा युद्धमा कुनै प्रकारको रणनीतिक सफलता हुने इजरायलको अपेक्षा हुनसक्छ । अन्य विश्लेषकहरू यस दृष्टिकोणसँग सहमत छन् । 'इजरायलले स्पष्ट रूपमा वार्ता, अन्तर्राष्ट्रिय कानुन र राज्यहरूको सार्वभौमिकताप्रति अवहेलना गर्ने गरेको छ,' सन् १९९० र २००० को दशकको सुरुमा अमेरिका-मध्यपूर्व परियोजनाका अध्यक्ष र पूर्वइजरायली वार्ताकार डेनियल लेभीले भने, 'इजरायलले असल नियतले वार्ता गरिरहेको छ भन्ने कुरामा हामी धेरै पहिले एउटा निष्कर्षमा पुगिसक्नुपर्थ्यो ।'

कतारको प्रतिक्रिया

कतारले लामो समयदेखि मध्यपूर्व र अन्तर्राष्ट्रिय विवादको मध्यस्थकर्ताको भूमिका निर्वाह गर्दै आएको छ । उदाहरणका लागि उसले संयुक्त राज्य अमेरिका र इरान दुवैसँग राम्रो सम्बन्ध राखेको छ । इजरायलसँग कूटनीतिक सम्बन्ध नभए पनि कतारले अक्टोबर २०२३ मा गाजामाथि आक्रमण सुरु भएदेखि नै युद्धविराम गराउन इजरायली वार्ताकारलाई आफ्नो देशमा आतिथ्य दिँदै आएको छ । र, दोहाले युद्धअघि गाजालाई सहायता प्रदान गर्ने सम्बन्धमा इजरायलसँग समन्वय गर्थ्यो ।

'कतार गाजामा जारी द्वन्द्व अन्त्य गर्न र दुवै पक्षलाई हालको युद्धबाट बाहिर निकाल्न कडा प्रयास गरिरहेको देशमध्ये एक हो । तर, इजरायलले यी प्रयासलाई मान्यता दिएको छैन,' दोहामा रहेका लेखक र पत्रकार अब्दुल्लाह अल इमादीले भने । जुनमा अल उदेइदमा रहेको अमेरिकी अड्डामाथि इरानबाट भएको आक्रमणपछि (जसलाई इरानले कतारतर्फ निर्देशित नभएकोमा जोड दिएको थियो) दोहा अहिले इजरायली आक्रमणसँगै कतार क्षेत्रीय द्वन्द्वमा तानिन थालेको छ । अल इमादीको विश्वासमा कतारले केही दिनमा संयुक्त राष्ट्र संघको महासभा बैठकमा 'इजरायलले सबै अन्तर्राष्ट्रिय कानुन र महासन्धिको उल्लंघन गरेकोमा थप अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्ने' प्रयास गर्नेछ ।

राइस विश्वविद्यालयअन्तर्गतको 'बेकर इन्स्टिच्युट फर पब्लिक पोलिसी'का मध्यपूर्व फेलो क्रिस्टियन कोट्स उलरिचसेनका अनुसार कतार र खाडी सहयोग परिषद्का अधिकारीहरूले ट्रम्प प्रशासनले यस आक्रमणलाई स्वीकृति दिएको समाचारबारे अमेरिकी समकक्षीसँग सम्पर्क गर्दै छन् । विश्लेषकहरू मध्यपूर्वका अधिकांश देश इजरायली आक्रामकता रोक्न एकसाथ आउन आवश्यक रहेको बताइरहेका छन् । 'अमेरिकी सैन्य आधार र अमेरिकी सैन्य बललाई आश्रय दिएपछि आक्रमण हुँदैन भन्ने थियो । तर, त्यो पनि रहेन,' बियान्कोले भने, 'जिसिसीको प्रतिक्रियाले यही अनुभूति हुन सक्छ । अब पहिले सोचिएजस्तो अमेरिकी सुरक्षा ग्यारेन्टी पूर्ण सुनिश्चित नभएजस्तो देखिन्छ ।'

'वास्तवमा कोही पनि सुरक्षित छैन । साउदी अरब, युएई र यस्तै अन्य देश पनि पर्न सक्छन् । अहिले नै यस दण्डहीनतालाई रोक्न एकसाथ उभिइएन भने इजरायली वायुसेना र यसका बम तपाईंको छिमेकमा झर्न सक्छन् भन्ने कुरा यस क्षेत्रका प्रत्येक देशको ध्यानमा हुनुपर्छ । प्रश्न सोध्नुपर्छ र अमेरिकालाई पनि विकल्प दिनुपर्छ, के तपाईं यस क्षेत्रका बाँकी देशसँग पनि सम्बन्ध चाहनुहुन्छ ? कि तपाईंलाई इजरायली अपराधलाई प्रश्रय दिए पुग्छ ?' लेभीले भनिन् ।

अलजजिराबाट

इतिहासमा आज

सेप्टेम्बर ११



सन् २००१ : अमेरिकामा चार यात्रुवाहक विमान अपहरण गरेर विभिन्न महत्त्वपूर्ण भवनमा प्रहार गरियो । दुईवटा विश्व व्यापार केन्द्र, एउटा रक्षा मन्त्रालय पेन्टागन र अर्को भने ह्वाइट हाउस वा संसद् भवन जाँदै गर्दा बिचमै दुर्घटना ग्रस्त भएको थियो । यो सबै आक्रमणमा हजारौं मारिए ।

सन् १८६२ : चर्चित अमेरिकी लेखक ओ हेनरी यसै दिन जन्मिएका थिए ।

सन् १९७३ : चिल्लीका समाजवादी राष्ट्रपति सल्भाडोर एलेन्डेविरुद्ध अमेरिकाको समर्थनमा सैन्य कु भयो । जनरल अगस्टो पिनोचेको नेतृत्वमा भएको कुमा एलेन्डे मारिएका थिए ।

सन् १९७७ : स्कटल्यान्डमा भएको जनमत संग्रहमा बेलायतभित्र रहने गरी सो क्षेत्रका लागि अलग क्षेत्रीय संसद् स्थापना गर्ने पक्षमा बहुमतले मत जाहेर गरे ।

सन् २००५ : गाजापट्टीबाट आफ्ना सबै नागरिक र सेना फिर्ती अभियान पूरा भएको इजरायलले घोषणा गऱ्यो । यस अभियानअन्तर्गत गाजामा बस्दै आएका आठ हजार इजरायलीलाई इजरायल पुनर्वास गरिएको थियो भने तिनको गाजामा रहेको आवास भत्काइएको थियो ।

सन् २००७ : रुसले सबै बमको पिता भनेर नाम दिएको सबैभन्दा ठुलो गैरआणविक बमको परीक्षण गऱ्यो ।

सन् २०१२ : लिबियास्थित अमेरिकी कूटनीतिक नियोगमा भएको आक्रमणमा राजदूत जे क्रिस्टोफर स्टिभन्ससहित चार अमेरिकी मारिए ।

विश्व संक्षेप

लेकोर्नु फ्रान्सका नयाँ प्रधानमन्त्री

पेरिस / ३९ वर्षीय सेबास्टियन लेकोर्नु फ्रान्सका नयाँ प्रधानमन्त्री बनेका छन् । फ्रान्स्वा बायरोले विश्वासको मत गुमाएर राजीनामा दिएपछि राष्ट्रपति इमानुएल म्याक्रोंले आफ्ना रक्षामन्त्री र निकट सहयोगी सेबास्टियन लेकोर्नुलाई नयाँ प्रधानमन्त्रीको रूपमा नियुक्त गरेका हुन् । दुई वर्षभित्र बनेका पाँचौं प्रधानमन्त्री लेकोर्नुका सामु अब देशमा गहिरिँदै गएको राजनीतिक संकट समाधान गर्नुपर्ने चुनौती छ ।



फ्रान्सेली संसद् 'द नेसनल एसेम्बी'ले सोमबार देशको ऋण संकटलाई सम्बोधन गर्न प्रस्ताव गरिएको ५१ अर्ब डलरको बजेट कटौतीलाई लिएर बायरोलाई हटाएको थियो । बायरो र लेकोर्नुबिचको औपचारिक सत्ता हस्तान्तरण बुधबार भयो । लेकोर्नुलाई प्रधानमन्त्री छनोट गर्ने म्याक्रोंको निर्णयपछाडि व्यवसायमैत्री उनका आर्थिक सुधार एजेन्डालाई समर्थन गर्ने इरादाको संकेत गरेको विश्लेषकले बताएका छन् ।

५७७ सदस्यीय राष्ट्रिय सभामा, म्याक्रोंको व्यवसायमैत्री नीतिको विरोध गर्ने वाम सांसदको सबैभन्दा धेरै सिट छ । तथापि, उनीहरूसँग सरकार गठन गर्न आवश्यक बहुमत भने छैन ।

कुनै समय रुढिवादी विचारधारा बोक्ने लेकोर्नुको नियुक्तिले म्याक्रोंसँग मध्य-वामपन्थी समाजवादी पार्टी टाढिने जोखिम छ । परिणामस्वरूप यस सरकारले संसद्बाट कुनै कानुन पास गर्नको लागि मरिन ल पेनको उग्र दायाँपन्थी दल नेसनल ऱ्यालीमाथि निर्भर रहनुपर्ने हुन्छ । नेसनल ऱ्यालीका संसदीय दलका नेता जोर्डन बार्डेला लेकोर्नुलाई मौका दिन इच्छुक रहेको बताए ।

युरोपेली संघको दोस्रो ठुलो अर्थतन्त्र फ्रान्स अस्थिरताको अर्को अवधिको संघारमा उभिएको छ । बायरोको सरकार पतनको तत्काल कारण आगामी वर्ष लागि उनले ल्याएको बजेट प्रस्ताव थियो । उनले बजेटमा ५१ अर्ब डलर खर्च कटौती गर्ने र यसका लागि अधिकांश कल्याणकारी खर्च फ्रिज गर्ने र दुई सार्वजनिक बिदा खारेज गर्ने विषय समावेश थियो । यस विषयलाई सांसदले पूर्णतः अस्वीकार गरिदिएका छन् ।

दुई वर्षभन्दा छोटो समयमा म्याक्रोंको चौथो सरकारको पतनपछि फ्रान्सेली नागरिक भने सडकमा उत्रिएका छन् । नेतृत्वविहीन आन्दोलनका क्रममा देशभर व्यापक अवरोधको खतरा रहेको बताइएको छ ।

गाजा गइरहेको 'ग्लोबल सुमुद फ्लोटिला'माथि ड्रोन आक्रमण

तेलअभिव / गाजा लक्ष्य गरेर अघि बढिरहेको 'ग्लोबल सुमुद फ्लोटिला (जिएसएफ)ले ट्युनिसियाको 'सिदी बो सैद' बन्दरगाहमा रहेको आफ्नो मुख्य जहाजमाथि ड्रोन आक्रमण भएको बताएको छ । आक्रमणले जहाजमा आगो लागे पनि त्यसमा सवार सबै यात्रु र चालक दल सुरक्षित रहेको जानकारी दिइएको छ । जिएसएफका प्रवक्ताले सोमबार ढिलो भएको घटनाका लागि इजरायललाई दोष दिएका छन् । तर, घटना भएको समुद्री क्षेत्र पर्ने ट्युनिसियाका राष्ट्रिय गार्डले ड्रोन आक्रमणको घटना 'पूर्ण रूपमा निराधार' रहेको बताएको छ ।



सो एजेन्सीले खाएर फालिएको चुरोटको ठुटा वा लाइटरले लाइफ ज्याकेट जलाएको कारणले आगजनी भएको दाबी गरेको छ । तथापि, जिएसएफले यो घटना ड्रोन आक्रमण भएकोमा जोड दिएको छ । इजरायलबाट घटनाबारे तत्काल कुनै टिप्पणी गरेको छैन । ५० भन्दा बढी डुंगा रहेको जिएलएफ अहिले इजरायली कारबाहीका कारण अनिकालग्रस्त प्यालेस्टिनीलाई सघाउन भन्दै गाजातर्फ अघि बढिरहेको छ ।

पोर्चुगिज झन्डा लिएर भइरहेको यात्रा अभियान जिएसएफका स्टेयरिङ कमिटीका सदस्यका अनुसार घटना सोमबार राति ११:४५ बजे भएको थियो । ड्रोन आक्रमण भएको जहाजमा त्यति खेर ६ जना सवार थिए । तीमध्ये केहीले सक्रियता लिँदा आगो तुरुन्तै निभेको थियो । सबै चालक दलका सदस्य सुरक्षित रहेको पनि जिएसएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ । आगोले जहाजको मुख्य डेक र तलको डेक भण्डारणमा क्षति पुऱ्याएको छ ।

जिएसएफले आक्रमणको समयको भनिएको भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेको छ । आक्रमण भएको जहाज नजिक रहेको अर्को जहाजबाट लिइएको एउटा भिडियोमा डुंगामा आगजनी गर्ने उपकरण खसेको देखिन्छ । र, लगत्तै विस्फोट भएको देखिन्छ । त्यस्तै, फेमिली बोटको सुरक्षा क्यामेरामा कैद गरिएको अर्को भिडियोमा चालक दलका सदस्यले विस्फोट हुनुभन्दा पहिले माथि हेर्छन् र लगत्तै पछाडि हाम फालेको देखिन्छ ।

फ्लोटिलाको पहिलो समूहले अगस्ट ३१ मा स्पेनी बन्दरगाहबाट हिँडेको थियो । गत हप्ता ट्युनिसिया आइपुगेको थियो । समूह, बुधबार ट्युनिसबाट प्रस्थान गर्ने कार्यक्रम थियो । जिएसएफका प्रवक्ता अबुकेसेकले आक्रमणका बाबजुद फ्लोटिला मिसन जारी रहने बताए ।

भारतीय न्यायालयमा यसकारण निकै कम छन् महिला न्यायाधीश

सर्वोच्च अदालत अस्तित्वमा आएको ७५ वर्षमा अदालतको बेन्चलाई पूर्णता दिन सक्षम महिला नै छैनन् भन्ने प्रश्न कसैले उठाउन सक्दैनन् । तर, एउटा फरक मापदण्डले महिलालाई न्याय दिइन्छ ।



(तस्बिर : एचटी)

भारतको पुरुषप्रधान सर्वोच्च अदालतले हाम्रो समयका केही महत्त्वपूर्ण लैंगिक मुद्दामा फैसला गर्दै आएको छ । यी न्यायिक फैसला यस देशका महिलाबारे बढी प्रतिबिम्बित हुनुपर्छ ।

अन्ततः सर्वोच्च अदालतले ३४ न्यायाधीशको पूर्ण शक्तिमा आफ्नो काम गरिरहेको छ । उनीहरूमध्ये न्यायाधीश बिभी नागरत्ना मात्र एक महिला हुन् । यो सम्झनु महत्त्वपूर्ण छ कि अन्तिमपटक सर्वोच्च अदालतमा सन् २०२१ को अगस्ट ३१ मा महिलालाई न्यायाधीशको रूपमा नियुक्त गरिएको थियो । त्यतिबेला एकजना मात्र होइन, तीनजना महिला- हिमा कोहली, बेला त्रिवेदी र नागरत्नाले एकै दिन शपथ लिएका थिए । तर, त्यो 'ऐतिहासिक' दिनपछिका करिब चार वर्षसम्म अर्को नयाँ महिला न्यायाधीश नियुक्त भएका छैनन् ।



● नमिता भण्डारे

नमिता लैंगिकताका विषयमा कलम चलाउँछिन् ।

यस हप्ताको सुरुमा बम्बई उच्च अदालतमा १४ नयाँ न्यायाधीश नियुक्त भएका थिए । नियुक्त हुनेमा केवल एक महिला छिन् । कानुन तथा नीति अनुसन्धान केन्द्र (सिएलपिआर)का अनुसार यस वर्षको मार्चसम्म देशभरका उच्च अदालतका सात सय ७९ न्यायाधीशमध्ये एक सय पाँचजना महिला थिए । न्याय अन्धो हुन्छ, तपाईं तर्क गर्न सक्नुहुन्छ । यदि यो लैंगिक रूपमा अन्धो हो भने 'बिग डिल' के हो ? तैपनि, यो संयोग मात्र हुन सक्दैन कि भारतका उच्च अदालत (तेलंगना, सिक्किम र मणिपुरमा) पनि हाम्रा सबैभन्दा बढी लैंगिक प्रतिनिधि रहेको अनुसन्धान केन्द्रले पत्ता लगाएको छ । तेलंगना राज्यमा मार्च २०२५ सम्म नियुक्त भएका ३० न्यायाधीशमध्ये १० जना महिला थिए । यदि तपाईंले तल्लो न्यायपालिकामा महिलाको संख्या गणना गर्नुभयो भने तेलंगनाले अविश्वसनीय रूपमा ५० प्रतिशत महिला प्रतिनिधित्व व्यवस्थापन गरेको छ ।

दोस्रो स्थानमा रहेको सिक्किममा ३३.३ प्रतिशत महिला न्यायाधीश छन् । अर्कोतर्फ तेस्रो स्थानमा रहेको मणिपुरमा अदालतमा महिलाको सहभागिता केवल २५ प्रतिशत छ । यदि तपाईं सबैभन्दा खराब अवस्थाबारे सोच्दै हुनुहुन्छ भने मेघालय, त्रिपुरा र उत्तराखण्डलाई हेर्नुहोस्, जहाँ मार्च २०२५ सम्म महिला न्यायाधीश थिएनन् । सन् १९३७ मा न्यायमूर्ति अन्ना चण्डी भारतको पहिलो महिला न्यायाधीशमा नियुक्त भएपछि अदालतमा महिलाको उल्लेख्य प्रतिनिधित्वबाट हामी निकै धेरै टाढा छौं । चण्डी केरला राज्यको जिल्ला अदालतमा नियुक्त भएकी थिइन् । उनीहरूको जीवित र विविध अनुभवलाई न्याय प्रक्रियामा ल्याएर अहिलेसम्म महिलालाई उच्च न्यायपालिकामा समान रूपमा प्रतिनिधित्व गरिसक्नुपर्थ्यो । तर, दुर्भाग्यवश त्यसो हुन सकेन ।

पुरुषभन्दा महिला प्रगतिशील र नारीवादी भएकाले अदालतमा उनीहरूको प्रतिनिधित्वको महत्त्व हुन्छ भन्ने होइन । वास्तवमा, केही अवस्थामा यो ठिक उल्टो सत्य साबित भएको छ । तर, यसले महत्त्व राख्छ, किनभने विविध पृष्ठभूमिका न्यायाधीशले आफ्नो जीवन अनुभव विविध विषयका मुद्दामा कार्यान्वयन गर्छन्, वरिष्ठ अधिवक्ता तथा नीति अनुसन्धान केन्द्रकी कार्यकारी निर्देशक जयना कोठारी भन्छिन् । 'यसले राम्रो न्यायिक नतिजालाई छरितो बनाउनुका साथै उचित परिणाम ल्याउँछ,' उनले अगाडि भनिन् ।

भारतको पुरुष र जातिप्रधान, उच्च-वर्ग, बहुसंख्यक-धर्मप्रधान सर्वोच्च अदालतले हाम्रो समयका केही महत्त्वपूर्ण लैंगिक मुद्दामा न्याय प्रदान गर्दै आएको छ । विवाहमा समानतादेखि वैवाहिक बलात्कारको अपराधीकरणसम्मका विषयमा अदालतले आफ्ना फैसला गर्दै आएको छ । निश्चित रूपमा यी न्यायिक निर्णयमा यस देशका महिला बढी प्रतिबिम्बित हुनुपर्छ ।

'निश्चय पनि सबै लोकतान्त्रिक संस्थाले देशको विविधताको सम्मान गर्नुपर्छ,' वरिष्ठ अधिवक्ता इन्दिरा जयसिंह भन्छिन्, 'प्रतिनिधित्व आफैंमा एक लक्ष्य हो, महिलाले ऐतिहासिक रूपमा बहिष्कृत भएको अनौठो अनुभवलाई टेबलमा ल्याउँछन्, जसले तिनीहरूलाई समान रूपमा अन्य बहिष्कृत व्यक्तिलाई सहानुभूति दिन्छ ।' सर्वोच्च अदालत अस्तित्वमा आएको ७५ वर्षमा अदालतको बेन्चलाई पूर्णता दिन सक्षम महिला नै छैनन् भन्ने मुद्दा कसैको पनि हुन सक्दैन । तर, कोठारी भन्छिन्, 'महिलालाई फरक मापदण्डद्वारा न्याय प्रदान गरिन्छ ।' जब १९८४ मा सुनन्दा भण्डारेको नाम (संयोगवश मेरी सासू) बारबाट दिल्ली उच्च अदालतमा पदोन्नतिका लागि प्रस्ताव गरिएको थियो, तत्कालीन प्रधानन्यायाधीश यशवंत चन्द्रचुडले ४२ वर्षको उमेरमा उनी 'धेरै कान्छी' भएको आधारमा आपत्ति जनाए । तैपनि, चन्द्रचुड ४० वर्षको उमेरमा बम्बई उच्च अदालतमा बढुवा हुँदा अझ कान्छा थिए ।

सायद अब केही पिँजडा तोड्ने र कोटा प्रणाली अपनाउने समय आएको छ, जसरी संसद्ले अन्ततः महिला आरक्षण विधेयक पारित गरेको थियो । शक्ति बाँडफाँड पुरुषमा स्वाभाविक रूपमा आउँदैन, हामीलाई एउटा संस्थागत नीति चाहिन्छ, जसले महिलालाई उच्च न्यायपालिकामा बढुवा गर्न सक्रिय रूपमा आदेश दिन्छ । त्यसपछि नौ न्यायाधीशको अमेरिकी सर्वोच्च अदालतको बेन्चमा पर्याप्त महिला न्यायाधीश कहिले हुनेछन् भन्नेबारे रुथ बडर गिन्सबर्गको प्रसिद्ध जवाफ छ- 'जब त्यहाँ नौजना हुन्छन् ।' सायद, भारतका महिलाले त्यो विषय दोहोऱ्याउने र सबै ३४ जनाका लागि सोध्ने समय आएको छ ।

हिन्दुस्तान टाइम्सबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २६ भदौ ०८२

खाद्यान्न पर्याप्त, तरकारी आपूर्ति असहज

व्यवसायी भन्छन्- कम्तीमा एक महिनामा पुग्ने खाद्यान्न मौज्दात छ

अजित अधिकारी/नयाँ पत्रिका

जेन-जी आन्दोलनका कारण बजार बन्द भए पनि खाद्यान्न र तरकारीको उपलब्धता पर्याप्त रहेको व्यवसायीहरूले बताएका छन् । तर, यातायात सञ्चालन नभएकाले हरियो तरकारीसहित आलु-प्याजको आपूर्तिमा भने केही असहजता भएको कालीमाटी तरकारीमा कारोबार गरिरहेका व्यवसायीले जानकारी दिएका छन् । खाद्य किसान व्यवसायी संघका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठले दाल, तरकारी, तेल, गेडागुडीलगायत दैनिक उपभोग्य खाद्यान्नको पर्याप्त उपलब्धता रहेकाले चिन्ता लिनुपर्ने अवस्था नरहेको बताए । 'बजारमा कम्तीमा एक महिनालाई पुग्ने खाद्यान्नका जुनसुकै वेला पनि मौज्दात रहेको हुन्छ । अहिले पनि छ,' उनले भने, 'दसैँ नजिकिएकाले खपत बढ्ने अनुमानका आधारमा यो वेला झन् बढी खाद्यान्नको मौज्दात छ ।' कुलेश्वरसहित राजधानीका प्रमुख खाद्य गोदाममा उच्च भण्डारण रहेको उनले जानकारी दिए । त्यस्तै, मूल्यवृद्धि नहुने कुरामा उपभोक्तालाई ढुक्क रहन उनको आग्रह छ । 'यस्तो विषम परिस्थितिमा संस्थागत ढंगले मूल्यवृद्धि गर्ने भन्ने हुँदैन, खाद्यान्नको मूल्य यथावत् नै रहने कुरामा ढुक्क हुन उपभोक्तालाई आग्रह गर्दछु,' उनले भने ।



बुधबार दिउँसोको बल्खु तरकारी बजार । तस्बिर : नयाँ पत्रिका

उपत्यकामा अहिले तरकारीको पनि पर्याप्त उपलब्धता रहेको व्यवसायीले बताएका छन् । बल्खुस्थित तरकारी बजार नियमित रूपले सञ्चालनमा छ भने कालीमाटी फलफूल तथा तरकारी बजार बिहीबार बिहान एकछिन सञ्चालन भएर सेनाको आग्रहमा बन्द गरिएको नेपाल कृषि उपज आलु-प्याज आयात-निर्यात तथा थोक विक्रेता संघका महासचिव प्रकाश गजुरेलले जानकारी दिए । 'बजारमा हरियो तरकारीसहित आलु-प्याजको भण्डारण माग धान्न पुग्ने परिमाणमा छ,' उनले भने, 'अहिले माग पनि घटेकाले मौज्दातमा रहेको परिमाणबाटै आपूर्ति गर्न सकिने अवस्था छ ।'

कालीमाटी बजारमा दैनिक औसतमा एक हजारटन तरकारी आपूर्ति हुने गरेको छ । बुधबार र बिहीबार भने तरकारी आयात नभएको गजुरेलले बताए । 'यातायात सञ्चालनमा अवरोध भएकाले दुई दिनदेखि तरकारी आयात भएको छैन,' उनले भने, 'तर, मागमा आएको कमीले मौज्दातमा रहेको तरकारी बिक्री गर्दा अभाव नै हुने अवस्था छैन ।' उनले सेनासँग समन्वय गरेर तरकारी आयातका लागि ट्रक सञ्चालन गर्न समन्वय भइरहेको बताए । 'सेनालाई तरकारी ढुवानीका लागि सहजीकरण गर्न समन्वय भइरहेको छ, तर ठ्याक्कै नतिजा आइसकेको छैन ।' उनले एक-दुई दिनमै तरकारी आयात थाल्न सकिने भने अभाव हुने अवस्था नरहेको बताए ।



बल्खुका व्यवसायीलाई तरकारी खेर जाने चिन्ता

बल्खु तरकारी बजार भने नियमित सञ्चालनमा छ । कर्फ्युका बाबजुद बिहीबार दिनभर बल्खु बजार खुला रहेको व्यवसायी अर्जुन ढुंगानाले जानकारी दिए । 'बिहानदेखि निरन्तर बजार खुला छ, तर कर्फ्युका कारण उपभोक्ताहरू आएका छैनन्,' उनले भने, 'बजारमा तरकारी भने पर्याप्त छ ।' उनले काठमाडौंको काँठ क्षेत्र र धादिङ तथा काभ्रेबाट बिहीबार राति ८-१० ट्रक तरकारी आयातको व्यवस्थापनसमेत भइसकेको बताए । 'तरकारी आपूर्तिको सुनिश्चित भइसकेको छ, त्यसैले तत्काले अभाव हुँदैन,' उनले भने 'तरकारी बिक्री नभएकोमा भने उनले चिन्ता व्यक्त गरे । 'बिहान भिड थियो, बिक्री पनि राम्रै भयो, तर दिउँसो कर्फ्यु लागेकाले मानिसहरू नआउँदा तरकारी खेर जाने हो कि भन्ने चिन्ता छ ।'

बल्खु बजारमै दिउँसो भेटिएकी कल्पना श्रेष्ठले तरकारी पर्याप्त भए पनि उपभोक्ता नभएको बताइन् । 'यहाँ खोजेजति सबै तरकारी नपाइएला, तर अधिकांश तरकारीको मौज्दात पर्याप्त छ,' उनले भनिन्, 'दिउँसोको समयमा उपभोक्ताहरू भने नआएकाले पसल कुरेर बस्नु परेको छ ।' अर्का तरकारी व्यवसायी मोहन बस्नेतले किसानको बारीमा पर्याप्त उत्पादन रहेको र ढुवानीको समस्या हटे आपूर्तिमा कुनै समस्या नहुने बताए । 'अहिले पनि तरकारी किन्न आउने कोही खाली हात जानुपर्दैन, मज्जाले तरकारी पाइन्छ,' उनले भने । तरकारीको मूल्य पनि नबढेको उनले बताए । दिउँसोको समयमा उपभोक्ता कुरेर बसेका व्यवसायी श्रीकृष्ण प्रसादले बिक्री घटेको र आपूर्ति गर्न समस्या भएको बताए ।

खाद्य किसान व्यवसायी संघका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठ भन्छन्-



बजारमा कम्तीमा एक महिनालाई पुग्ने खाद्यान्न जुनसुकै वेला पनि मौज्दात रहेको हुन्छ । अहिले पनि छ, दसैँ नजिकिएकाले खपत बढ्ने अनुमानका आधारमा यो वेला झन् बढी खाद्यान्नको मौज्दात छ । कुलेश्वरसहित राजधानीका प्रमुख खाद्य गोदाममा उच्च भण्डारण रहेको छ । त्यस्तै, मूल्यवृद्धि नहुने कुरामा उपभोक्तालाई ढुक्क रहन भनिएको छ । 'यस्तो विषम परिस्थितिमा संस्थागत ढंगले मूल्यवृद्धि गर्ने भन्ने हुँदैन, खाद्यान्नको मूल्य यथावत् नै रहने कुरामा ढुक्क हुन उपभोक्तालाई आग्रह गर्दछु ।

आलु-प्याज आयात-निर्यात तथा थोक विक्रेता संघका महासचिव प्रकाश गजुरेल भन्छन्-



बजारमा हरियो तरकारीसहित आलु-प्याजको भण्डारण माग धान्न पुग्ने परिमाणमा छ,' उनले भने, 'अहिले माग पनि घटेकाले मौज्दातमा रहेको परिमाणबाटै आपूर्ति गर्न सकिने अवस्था छ । कालीमाटी बजारमा दैनिक औसतमा एक हजारटन तरकारी आपूर्ति हुने गरेको छ । बुधबार र बिहीबार भने तरकारी आयात भएको छैन । यातायात सञ्चालनमा अवरोध भएकाले दुई दिनदेखि तरकारी आयात भएको छैन, तर मागमा आएको कमीले मौज्दातमा रहेको तरकारी बिक्री गर्दा अभाव नै हुने अवस्था छैन । सेनासँग समन्वय गरेर तरकारी आयातका लागि ट्रक सञ्चालन गर्न समन्वय भइरहेको बताए । 'सेनालाई तरकारी ढुवानीका लागि सहजीकरण गर्न समन्वय भइरहेको छ, तर ठ्याक्कै नतिजा आइसकेको छैन ।

धुवाँको मुस्लो हटेसँगै खुल्यो त्रिभुवन विमानस्थल



नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि शान्तिसुरक्षा कायम राख्न उपत्यकामा जारी निषेधाज्ञा तथा कर्फ्यु आदेशपछि मंगलबारदेखि बन्द भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बुधबार खुलेको छ । मंगलबार अपराह्न ११.३० बजे प्राधिकरणले एयरपोर्ट बन्द रहेकाले आवतजावत नगर्न आग्रह गरिएको थियो । बुधबार दिउँसो ३:३० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा समितिको बैठकले एयरपोर्ट खुला गर्ने निर्णय गरेको हो ।

उपत्यकाभित्रको विषम परिस्थिति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलवरपर विमान उडान अवतरण मार्गमा देखिएको धुवाँलगायतले विमानको सुरक्षामा गम्भीर असर पर्न सक्ने भन्दै विमानस्थल बन्द गरिएको थियो । तर, धुवाँको मुस्लो हट्न थालेसँगै विमानस्थल सुचारु ढंगले खुला गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरणका सहप्रवक्ता ज्ञानेन्द्र भुलले जानकारी दिए ।

बुद्ध एयरले विषम परिस्थितिका कारण बुधबारका सम्पूर्ण उडान रद्द भए पनि उडानलाई पुनर्तालिकीरण गरेर यात्रुलाई सहजीकरण गरिरहेको पनि उल्लेख गरेको छ । नेपाल वायु सेवा निगमले उडान तालिका सार्वजनिक गरेर यात्रुहरूलाई सम्प्रेषण गर्ने जनाएको छ । निगमले मंगलबारका लागि निर्धारित तीन अन्तर्राष्ट्रिय उडान स्थगित गरेको थियो । तर, हालसम्म नयाँ उडान तालिका सार्वजनिक गरेको छैन । उडान पुनः सुरु हुनेबारे निगमले समयमै जानकारी दिने जनाएको छ । थप जानकारीका लागि यात्रुहरूले बिक्री कार्यालय, टिकट जारी गर्ने एजेन्ट वा विमानस्थलका कर्मचारीहरूसँग सम्पर्क राख्न सक्ने निगमले आग्रह गरेको छ ।

कर्फ्यु आदेशले असहज परिस्थिति सिर्जना भएको भन्दै यती एयरलाइन्सले पनि मंगलबार नै सूचना जारी गरिसकेको छ । टिकट रद्द वा पुनः तालिकाबद्ध गर्न सकिने पनि जनाएको छ । कोरियन एयरले नेपालमा राजनीतिक अस्थिरताका कारण काठमाडौं विमानस्थलमार्फत हुने उडानमा ढिलाइ तथा रद्द हुने जनाएको बताए । एयरलाइन्सले मंगलबारदेखि ३० सेप्टेम्बरसम्मका उडान प्रभावित हुने जनाएको छ । कम्पनीले यात्रुहरूलाई प्रभावित हुने उडान र समय परिवर्तन हुन सक्ने भन्दै आफ्नो उडान स्थितिबारे अग्रिम जानकारी लिन आग्रह गरेको छ । कोरियन एयरले काठमाडौं हुँदै गन्तव्यमा जान, आउन वा ट्रान्जिट गर्ने यात्रुहरूलाई सावधानी अपनाउन सुझाव दिएको छ । श्रीलंकन एयरलाइन्सले काठमाडौंतर्फको उडान स्थगित गरिएको सूचना जारी गरिसकेको छ ।

जेन-जीको आन्दोलनपछि रोकियो नेपालको क्रेडिट रेटिङ

बुधबारदेखि फिचका टोली नेपाल आउने तय भएको थियो, आन्दोलन चर्किएसँगै अर्थ मन्त्रालयका अधिकारीहरूले भ्रमण रद्द गराएका थिए

नयाँ पत्रिका

जेन-जीको आन्दोलनपछि नेपालमा हुने भनिएको देशको सार्वभौम साख मूल्यांकन रोकिएको छ । २४ भदौमा रेटिङका लागि फिच रेटिङ्सको टोली नेपाल आउने निर्धारित कार्यक्रम थियो । तर, आन्दोलन चर्किएसँगै टोलीको भ्रमण कार्यक्रम रद्द गरेको अर्थ मन्त्रालयका प्रतिनिधिले जानकारी दिएको छ ।

२४, २५ र २६ भदौमा अन्तर्राष्ट्रिय रेटिङ एजेन्सी फिचको टोलीले नेपालमा रेटिङ गर्ने तय भएको थियो । अर्थ मन्त्रालयले पनि आवश्यक प्रक्रिया पूरा गरिसकेको थियो । गएको वर्ष फिचले नेपालको रेटिङ गरेको थियो । फिचसँग नेपालले दुई वर्षको रेटिङका लागि सम्झौता गरेको थियो । गत वर्ष फिचले गरेको सोभरेन क्रेडिट रेटिङमा नेपालले बिबी माइनस ग्रेड पाएको थियो ।



फिचले इन्भेस्टमेन्ट ग्रेड र स्पेक्युलेटिभ ग्रेड गरी रेटिङका ग्रेडलाई दुई भागमा विभाजित गरेको छ । इन्भेस्टमेन्ट ग्रेडमा पर्ने रेटिङले कर्जाको जोखिम न्यून रहेको अवस्थालाई जनाउँछ भने स्पेक्युलेटिभ ग्रेडले कर्जाको उच्च जोखिम वा कर्जा नतिरेको अवस्थालाई देखाउँछ । इन्भेस्टमेन्ट ग्रेडअन्तर्गत एएए, एए, ए र बिबिबी ग्रेड छन् । कर्जाको जोखिम न्यून रहेको उच्चतम अवस्थालाई एएएले इंगित गर्छ । बिबिबीले इन्भेस्टमेन्ट ग्रेडको तल्लो सिमामा रहेको देखाउँछ ।

स्पेक्युलेटिभ ग्रेडअन्तर्गत बिबी, बी, सिसिसी, सिसी, सी, आरडी र डी पर्छन् । इन्भेस्टमेन्ट ग्रेडबाट खस्किएर एक स्थान तल रहेको अवस्थालाई बिबी ग्रेडले जनाउँछ । डी ग्रेडले कर्जाको उच्चतम जोखिमलाई जनाउँछ ।

सार्वजनिक यातायात ठप्प, हजारौं यात्रु काठमाडौंमै अलपत्र

गोंगबु बसपार्कबाट दैनिक दुई हजार पाँच सय सार्वजनिक सवारी यात्रु लिएर काठमाडौंबाट बाहिरिन्थे





सार्वजनिक सवारीसाधन नचलेपछि गोंगबु बसपार्कमै अलपत्र परेका यात्रु

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालगन्जका जगत डाँगी वैदेशिक रोजगार प्रयोजनका लागि 'मेडिकल चेकअप' गर्न सोमबार बिहान मात्रै काठमाडौं आएका थिए । तर, सोमबारदेखि नै काठमाडौंमा सुरु भएको जेन-जी आन्दोलनले उग्र रूप लिएपछि उनले आफ्नो स्वास्थ्य परीक्षण गर्न सकेनन् । दुईदिने जेन-जी आन्दोलनका कारण मंगलबारदेखि नै सार्वजनिक यातायात अनिश्चितकालीन रूपमा बन्द भएका छन् । त्यसपछि राजधानीलगायतका देशका विभिन्न ठाउँमा निषेधाज्ञा तथा कर्फ्यु लगाएपछि छोटो तथा लामो दूरीको सार्वजनिक यातायात सेवा अनिश्चितकालीन रूपमा बन्द गरिएको छ । अचानक मुलुकको परिस्थितिमा परिवर्तन भएपछि डाँगीले तत्काललाई 'स्वास्थ्य चेकजाँच' गर्ने कार्य स्थगन गरेका छन् । तर, गाडी सेवा बन्द हुँदा उनी घर फर्किन पनि सकेका छैनन् ।

सोमबारदेखि उनी गोंगबुस्थित नयाँ बसपार्कमा यात्रु प्रतीक्षालयमा बसेका छन् । त्यो क्रममा २४ हजार नगद चोरीसमेत भएको उनको भनाइ छ । 'म यही प्रतीक्षालयमा सुतेको थिएँ । मेरो झोला, मोबाइल र २४ हजार नगद हरायो । त्यसपछि खाना, बस्नसमेत पैसा छैन । यही प्रतीक्षालयमा बसेको छु,' उनले भने, 'एउटा ड्राइभरले निःशुल्क नेपालगन्जसम्म लगिदिन्छु भन्नुभएको छ । तर, गाडी नखुल्दासम्म म अलपत्र अवस्थामा छु ।'

■ दसैँ नजिकिँदै, यातायात सेवा अलपत्र

हिन्दु नेपालीहरूको ठूलो पर्व दसैँ नजिकिँदै छ । यसपालि असोज १६ गते दसैँ छ । त्यसका लागि ६ असोजको घटस्थापनादेखि यात्रुको चाप उच्च हुन्छ । विदेशबाट आउने नेपालीलगायतका कारण घटस्थापना भन्दा अघिदेखि नै यात्रुको चाप उच्च हुने गर्छ । त्यसका लागि यतिवेलासम्म टिकटको अग्रिम बुकिङ खुलाउनुपर्ने थियो । तर, अहिले मुलुकको यातायात सेवा अलपत्र छ । दसैँको यातायात सेवालाई एजेन्डामा राखेर यातायात व्यवस्था विभागमा मंगलबार प्रहरी, यातायात सेवा सञ्चालकसहित सर्वपक्षीय बैठक आह्वान गरेका थिए । तर, आन्दोलनका कारण त्यो स्थगित भयो । त्यसपछि मुलुक नै शून्य अवस्थामा पुग्दा त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्नेमा चिन्ता भइरहेको अध्यक्ष स्वाँर बताए । 'यद्यपि, यो वेलामा दसैँ मान्ने अवस्था आउँछ कि आउँदैन, त्यसमा अहिले केही भन्न सकिन्न । तर, दसैँ नजिक आइसक्यो । यतिवेलासम्म अग्रिम टिकट खुलाउने बारे निर्णय गरिसक्नुपर्ने थियो । तर, बर्तमान परिस्थितिमा त्यो सम्भव देखिएन,' उनले भने, 'यद्यपि, दसैँमा सार्वजनिक यातायातलाई सकरी सहज र प्रभावकारी बनाउने विषयमा अहिले नै ध्यान दिन आवश्यक छ ।'

यस्तै, नेपालगन्जकै विक्रम सुनार मजदुरीका लागि एक महिनाअघि काठमाडौं आएका थिए । तर, हालै उनको ठेकेदार पैसा नदिई बेपत्ता भए । त्यसपछि आफैंले खर्च कटाएर जम्मा गरेको पैसाले घर फर्किने निधो गरेका थिए । तर, यातायात बन्द भएपछि उनी पनि नयाँ बसपार्कमा अलपत्र परेका छन् ।

'मैले दैनिक रूपमा जम्मा गरेको पैसाले घर फर्किन पुग्थ्यो । तर, गाडी नै बन्द भएपछि जान सकिएन । यहीले खाना खाजा खाँदा पैसा सकियो,' आफूसँग भएको दुई सय रुपैयाँ हाराहारी नगद पैसा देखाउँदै उनले भने, 'मसँग यही दुई सय रुपैयाँ मात्र छ । यो रकमले न काठमाडौंमा खान पुग्छ न घर फर्किन पुग्छ ।'

यस्तै, दाडका शंकर नाथ, टोपेन्द्र राना र गौर्धन पुन व्यक्तिगत कामका लागि सोमबार काठमाडौं आएका थिए । तर, जेन-जी आन्दोलनले आफ्ना काम गर्न नपाएको उनीहरूले बताए । साथै, गाडी बन्द हुँदा घर फर्किन पनि नसकेको उनीहरूले बताए । 'सोमबार काठमाडौं आएका हुँ । तर, आन्दोलनका कारण काम भएको छैन,' शंकरनाथले भने, 'घर फर्किउँ भने पनि गाडी छैन । होटल बस्दा बस्दै खर्च बढी रहेको छ ।'

यी त प्रतिनिधि उदाहरण मात्रै हुन् । जेन-जी आन्दोलन र त्यसपछि लगाइएको कर्फ्युका कारण लामा तथा छोटा दूरीका सार्वजनिक सवारी बन्द गरिएको छ । त्यसपछि काठमाडौंबाट विभिन्न गन्तव्यमा जाने यात्रुहरू अलपत्र परेका छन् । गोंगबुस्थित बसपार्कमा हजारौं यात्रु गाडी खुल्ने आशामा बसेका छन् । तर, गाडी खुल्ने टुंगो छैन । पैसा हुने वालाहरू होटेलमा कोठा लिएर बसेका छन् । पैसा नभएकाहरू बसपार्कपरिसरमै रात बिताउने गरेका छन् ।

नेपाल यातायात व्यावसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले सुरक्षाको ग्यारेन्टी भएमा पहिलो चरणमा काठमाडौंसहित विभिन्न ठाउँमा अलपत्र परेका यात्रुलाई गन्तव्यमा पुऱ्याउन सकिने बताए । 'वर्तमान परिस्थितिका कारण हामीले यातायात सेवा बन्द गरेको हो ।

सोमबार र मंगलबार त आन्दोलन नै भयो । त्यसपछि कर्फ्यु लागेको अवस्था छ । यो वेलामा यात्रा गर्दा यात्रुकै सुरक्षा नहुने जोखिम हुन्छ । सम्पत्तिको सुरक्षा पनि हुँदैन,' उनले भने , 'यदि, नेपाली सेनाले सुरक्षाको ग्यारेन्टी गर्छ भने हामी अलपत्र परेका यात्रुलाई गन्तव्यमा पुऱ्याउन सकारात्मक छौं । साथै, खाद्यान्नजस्ता अत्यावश्यक वस्तुको ढुवानीमा पनि सहजीकरण गर्छौं ।'

यसका लागि सेनाले नै अग्रसरता लिनुपर्ने उनको भनाइ छ । 'अहिले सरकार छैन । सुरक्षाको ग्यारेन्टी कर्मचारीबाट पनि हुँदैन,' उनले भने, 'तसर्थ, यसमा सेनाले नै अग्रसरता लिनुपर्छ । यसमा ढिलो गर्न हुदैन । हामी तयारी अवस्थामा नै छौं ।'

बिमा कम्पनीलाई घरबाटै सेवा सञ्चालन गर्न बिमा प्राधिकरणको आग्रह



काठमाडौं/ नेपाल बिमा प्राधिकरणले हाल देशभर उत्पन्न भएको विषम परिस्थितिलाई ध्यानमा राख्दै बिमा कम्पनीहरूलाई घरबाटै कार्य सञ्चालन गर्न आग्रह गरेको छ ।

प्राधिकरणले बुधबार जारी गरेको सूचनामा देशभर रहेका बिमा कम्पनीका शाखा तथा उपशाखा कार्यालयबाट हुँदै आएको कार्यलाई सुरक्षा व्यवस्था सामान्य नहुन्जेलसम्मका लागि 'वर्क फ्राम होम' मार्फत अघि बढाउन अनुरोध गरिएको छ ।

साथै, कर्मचारी तथा भौतिक सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न सुरक्षा निकायहरूको आदेश पूर्ण रूपमा पालना गर्न र कुनै अवाञ्छित गतिविधि देखापरेमा तत्काल सम्बन्धित निकायलाई खबर गर्न बिमा कम्पनीहरूलाई विशेष आग्रह गरिएको प्राधिकरणले जनाएको छ ।

बैंकका केही शाखा तोडफोड, नगद सुरक्षित



काठमाडौं/दुई दिनसम्म चलेको जेन-जी आन्दोलनले बैंक तथा वित्तीय संस्थाका केही शाखा कार्यालय तोडफोड भए पनि नागरिकको बचत सुरक्षित रहेको छ । प्रदर्शनका क्रममा बानेश्वरस्थित राष्ट्रिय वाणिज्य बैंकको शाखालगायतका कार्यालय तोडफोड भएका थिए ।

यद्यपि, नागरिकको बचत सुरक्षित भएको बैंकहरूको भनाइ छ । उक्त बचत बैंकको दायित्वभित्र भएका कारण नागरिकको बचतमा कुनै पनि समस्या नआउने बैंकहरूको भनाइ छ । त्यसमाथि नगदमा कुनै नोक्सानी नभएको बैंकर्स संघका अधिकारीहरू बताउँछन् । अहिले बैंकिङ प्रणालीमा ७२ खर्ब ५९ अर्ब रुपैयाँ बचत छ । वाणिज्य बैंकमा मात्रै ६५ खर्ब सात अर्ब रुपैयाँ बचत छ । त्यसमा सबैभन्दा धेरै बचत व्यक्तिगत खातामा छ । प्रणालीमा यतिका धेरै बचत भए पनि नगद भने आंशिक अनुपातमा हुन्छ ।

यता सुरक्षाकर्मीले पनि बैंकहरूमा तोडफोड गर्ने प्रदर्शनीलाई पत्राउ गरिसकेको छ । प्रदर्शनकारीले एटिएमलगायतको पैसा राख्ने मेसिन तोडफोड गर्न खोजेका थिए । तर, मेसिनको बनावटका कारण त्यो सम्भव भएन । हालसम्म नागरिकको नगद सुरक्षित रहेको बैंकहरूको भनाइ छ ।

यद्यपि, बैंकका कार्यालयका झ्याल-ढोकालगायतका फर्निचर सामग्रीमा क्षति पुगेको छ । साथै, कार्यालयभित्रका कम्प्युटरमा पनि क्षति पुगेको छ । तर, नगदमा क्षति नपुगेको बताइएको छ ।

एक वर्षमा २८ किलोमिटर मात्रै सडक कालोपत्रे

बजेट अभावले कर्णालीकै लाइफलाइन मानिने कर्णाली राजमार्ग र नाग्म-गमगडी सडकको स्तरोन्नतिले लिन सकेन गति



जुम्लामा **मानदत्त रावल**

सडक डिभिजन जुम्लाले एक वर्षमा २८ किलोमिटर सडक मात्रै कालोपत्रे गरेको छ। सडक डिभिजन जुम्लाको वार्षिक प्रगति विवरणनुसार एक वर्षमा जम्मा २८ किलोमिटर सडक मात्रै कालोपत्रे गरेको देखिएको छ। गत आर्थिक वर्षमा जुम्ला, मुगु र कालिकोट गरी तीन जिल्लामा जम्मा २८ किलोमिटर सडक कालोपत्रे भएको सडक डिभिजन जुम्लाका सूचना अधिकारी प्रदीप चौधरीले बताए।

सडक डिभिजनका अनुसार गत वर्ष तीनवटै जिल्लामा दुई हजार पाँच सय मिटर सडक ग्राभेल गरिएको छ। त्यस्तै, नयाँ ट्याक निर्माण तथा साँघुरो स्थानमा चौडा बनाउने काम १७.५ किलोमिटर भएको छ भने रिजिट पेभमेन्ट (स्तरोन्नति) सडकअन्तर्गत एक हजार ८५ मिटर निर्माण भएको छ। तर एक वर्षमा मुख्य सडक कर्णाली राजमार्ग, नाग्म-गमगडी सडक, जुम्ला खण्डमा कालोपत्रे भए पनि वर्षौंपहिला निर्माण गरिएका जुम्ला-डोल्पा-मनाङ-मुस्ताङ जोड्ने सडक, त्रिवेणी-टोप्ला सडक निर्वाचन क्षेत्र रणनीतिक सडक वर्षौंसम्म हिलाम्य र धुलाम्य छन्।

बजेट अभावले कर्णालीकै लाइफलाइन मानिने कर्णाली राजमार्ग र पर्यटकीय मार्ग नाग्म-गमगडी सडककै स्तरोन्नतिको कामले गति लिन सकेको छैन। अन्य सहायक सडक अझै वर्षौंसम्म ग्राभेल तथा कालोपत्रे हुने स्थिति पनि छैन। सडक डिभिजन जुम्लाका प्रमुख दीपेन्द्र चौधरीले बजेट अभावका कारण कालापत्रेको काम अघि बढाउन नसकेको बताए।

उनी भन्छन्, 'नियमित आउने सडक स्तरोन्नति, सडक चौडा बनाउनेजस्ता आयोजनामा बाहेक सडक कालोपत्रे भनेर ठोस बजेट विनियोजन नहुने भएकाले काम गर्न समस्या छ। यहाँका सबै नेताहरूको पहल भएको खण्डमा बजेट विनियोजन भएपछि मात्रै सबै क्षेत्रमा कालोपत्रे गर्न सकिन्छ। अन्यथा, कार्यालयले नियमित कामबाहेक अरू गर्न सक्दैन।'

सडकको स्तरोन्नति तथा विस्तारको काम गर्दै आएको छ। डिभिजन कार्यालयले जुम्ला, मुगु र कालिकोट जिल्लामा सडक पूर्वाधार तथा पक्की पुल निर्माण गर्दै आएको छ। जसमध्ये कर्णाली राजमार्गको दैलेखको दैखोलादेखि जुम्लातर्फ १०४ किलोमिटर खण्ड, नाग्म-गमगडी सडक, त्रिवेणी-टोप्ला सडक, जुम्ला-डोल्पा-मनाङ-मुस्ताङ जोड्ने सडक, निर्वाचन क्षेत्र रणनीति सडक निर्माण र नाग्म-गमगडी सडकमा १० वटा पक्की पूललगायतका सडक पूर्वाधार निर्माणका काम सडक डिभिजनले गर्दै आएको छ। जुम्ला तथा कालिकोट खण्डमा विभिन्न ठेक्कामार्फत ३३ करोड बढीको लगानीमा झन्डै ४३ किलोमिटर सडक कालोपत्रे सुरु भए पनि ती काम पूर्ण रूपमा सम्पन्न नभएकाले गत वर्षको प्रगतिमा जोडिएको छैन।

पूर्ण रूपमा काम सकिएका ठेक्कामार्फत कालोपत्रे भएका विवरणलाई मात्र प्रगतिमा उल्लेख गरिएको छ। सोहीअनुसार सडक डिभिजनले गत आर्थिक वर्षमा जुम्ला सिंजा क्षेत्रको गोठिज्यूला, कर्णाली राजमार्गअन्तर्गत नाग्म-जुम्ला खण्ड, कालिकोटको पिलि तथा बिहानखोला क्षेत्रलगायतका खण्डमा गरी २८ किमि सडक कालोपत्रे भएको सूचना अधिकारी चौधरीले जानकारी दिए।

कर्णाली राजमार्गको जुम्ला खण्डमा भएको कालोत्रपे उप्किएपछि गुणस्तरमै प्रश्न उठिरहेको छ। ठेकेदारको समय बाँकी रहेको र भुक्तानी पनि बाँकी रहेकाले कमीकमजोरी रहेको ठाउँमा पुनः कालोपत्रे गर्न लगाउने सडक डिभिजनले जानकारी दिएको छ। गत आर्थिक वर्षमा सडक डिभिजन जुम्लाअन्तर्गत ९ वटा शीर्षकमा सडक पूर्वाधार तथा पुल निर्माणका लागि एक अर्ब १५ करोड ६२ लाख विनियोजन भएकोमा खर्च ७३ करोड ३९ लाख ८५ हजार अर्थात् ६३.४८ प्रतिशत मात्रै विकास खर्च भएको छ।

पर्यटक आवागमन सहज बनाउन होटेल संघको माग

पछिल्लो घटनाक्रमले पर्यटकको नेपाल भ्रमण अनिश्चित बनेका वेला यथाशीघ्र यसको व्यवस्थापन गर्नुपर्ने संघको भनाइ

काठमाडौं/ होटेल संघ नेपाल (हान)ले पर्यटकहरूको आवागमन सहज बनाउन माग गरेको छ। संघले विज्ञप्ति जारी गर्दै पर्यटन आवागमन सहज बनाउँदै पर्यटनमैत्री वातावरण सिर्जना गर्न माग गरेको छ। जारी निषेधाज्ञा र विमानस्थल बन्दका कारण पर्यटकहरूको भ्रमण अनिश्चित बनेका वेला यथाशीघ्र व्यवस्थापन गर्नु देशको छवि र पर्यटनको भविष्यसँग प्रत्यक्ष जोडिएको विषय भएको संघको भनाइ छ।

आसन्न चाडपर्व र पर्यटन सिजनको प्रारम्भिक समयमा पर्यटक व्यवस्थापनमा होटेललगायत आतिथ्य क्षेत्र सक्रिय रहे पनि आवश्यक प्राथमिकता र पहल भएमा विदेशी पर्यटकहरूको अत्यधिक तथा अप्रत्याशित क्यान्सिलेसन केही हदसम्म न्यूनीकरण गर्न सकिने पनि संघले जनाएको छ। साथै, वर्तमान परिस्थितिबाट प्रभावित विभिन्न क्षेत्रमा रहेका पर्यटकहरूको उपयुक्त व्यवस्थापन र सहज आवागमनका लागि पर्यटन बोर्ड तथा नेपाली सेनासँग सहकार्य गर्दै आएको संघले उल्लेख गरेको छ।

होटेललगायत निजी तथा सार्वजनिक सम्पत्तिमा भइरहेको आगजनी देशकै सम्पत्तिको विनाश भएकोप्रति दुःख जताउँदै संघले थप क्षति हुन नदिन सबैलाई आह्वानसमेत गरेको छ। भोलिका दिनमा यस्ता संरचना निर्माणका लागि देशका सीमित साधन र स्रोत खर्चिनुपर्ने भएकाले अहिलेकै सम्पत्ति जोगाउन सबै जिम्मेवार बन्नुपर्नेमा संघले जोड दिएको छ।

लगानीको सम्बन्ध स्थापित गराउन विराटनगर एन्जल इन्भेस्टर्स नेटवर्क स्थापना

उक्त नेटवर्कले लगानीयोग्य परियोजना छनोट गरी लगानीकर्तासमक्ष प्रस्तुत गर्नुका साथै लगानीको खोजीमा रहेका स्टार्टअपलाई अवसर प्रदान गराउने

विराटनगरमा **गणेश लम्साल**

लगानी खोज्ने र लगानी गर्न चाहने दुवै पक्षबिच व्यावसायिक सम्बन्ध स्थापित गराउन नेपालमा पहिलोपटक विराटनगर एन्जल इन्भेस्टर्स नेटवर्क (वेन)को स्थापना भएको छ। उद्योग संगठन मोरङको नेतृत्वमा नवप्रवर्तनमा आधारित उद्यम व्यवसायमा वृद्धि गराउन नेपालमा पहिलोपटक विराटनगर एन्जल इन्भेस्टर्स नेटवर्क (वेन)को स्थापना भएको हो। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ५ भदौमा विराटनगर एन्जल इन्भेस्टर्सको औपचारिक सुरुवात गरेका थिए।

मुख्यमन्त्री कार्कीले नेपालमै पहिलोपटक प्रारम्भ गरिएको यस कार्यक्रमलाई थप टेवा पुऱ्याउन कोशी प्रदेश सरकारले हातेमालो गर्ने प्रतिबद्धता जनाए। उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले विगत पाँच वर्षदेखि स्टार्टअपसँग काम गर्दा सबैभन्दा ठुलो चुनौती वित्तीय स्रोतको अभाव रहेको पाइएकाले त्यसको पूर्ति गर्दै दीर्घकालीन सहयोग पुऱ्याउन पहिलोपटक एन्जल इन्भेस्टर्स नेटवर्क नामक गैरनाफामूलक संस्था स्थापना गरेको बताए। उनले उक्त नेटवर्कले लगानीयोग्य परियोजनाहरू छनोट गरी लगानीकर्तासमक्ष प्रस्तुत गर्नुका साथै लगानीको खोजीमा रहेका स्टार्टअपलाई लगानीका अवसर प्रदान गराउनेछ। साथै, स्टार्टअपहरूका लागि वित्तीय पहुँचको अवसर र लगानीकर्ताका लागि नयाँ व्यवसायमा लगानी गर्ने उपयुक्त वातावरण निर्माण गर्न सहयोग पुऱ्याउनेछ।

विराटनगर एन्जल इन्भेस्टर्स नेटवर्क (वेन)का संयोजक सुयश प्याकुरेलले सहयोगी हातहरू बढ्दै गएकाले छोटो समयवमै सय स्टार्टअप आइडिया सफलतापूर्वक इन्क्युबेट भएकोमा खुसी व्यक्त गरे।



● **नन्दकिशोर राठी**, अध्यक्ष, उद्योग संगठन, मोरङ



पाँच वर्षदेखि स्टार्टअपहरूसँग काम गर्दा सबैभन्दा ठुलो चुनौती वित्तीय स्रोतको अभाव रहेको पाइयो। त्यसको पूर्ति गर्दै दीर्घकालीन सहयोग पुऱ्याउन पहिलोपटक एन्जल इन्भेस्टर्स नेटवर्क नामक गैरनाफामूलक संस्था स्थापना गरिएको हो। यो नेटवर्कले स्टार्टअपहरूलाई वित्तीय पहुँचको अवसर र लगानीकर्ताका लागि नयाँ व्यवसायमा लगानी गर्ने उपयुक्त वातावरण निर्माण गर्न सहयोग पुऱ्याउनेछ।

उनले सानो स्तरका र पहिलो पुस्ताका स्टार्टअपलाई लगानी जुटाउन गाह्रो हुने भएकाले, वैनमार्फत यस्तो सम्भावना बोकेका आइडियालाई फन्डिङ तथा व्यावसायिक सेवा प्रदान गर्न संस्था फलदायी हुन्छ भने। देशमै पहिलोपल्ट स्थापना भएको वेनले प्रदेश सरकारको आधिकारिक उद्यमशीलता साझेदारको रूपमा मान्यता दिन, स्टार्टअप दर्ता प्रक्रियाका लागि सरल नीति बनाउन, एन्जल लगानीमा करछुट प्रोत्साहनको पहल गर्न, व्यवसाय संवर्द्धन केन्द्र र नवप्रवर्तनमा सहयोग पुऱ्याउन, वेनसँग सहकार्य गर्दै बिउपुँजी कोष स्थापना गर्न, प्रदेश सरकारका तर्फबाट सम्पर्क व्यक्ति तोक्न र आर्थिक समितिमा वेनका प्रतिनिधि समावेश गर्नेछ।

उद्यमशीलता तथा स्टार्टअप कार्यक्रमका संयोजक प्रतीक राउतले लगानी साझेदारको प्रतिबद्धताका लागि एन्जल इन्भेस्टर्स कम्पनीमार्फत सम्बन्धित स्टार्टअप उद्यमीहरूको विस्तृत अध्ययन, डयु डेलिजेन्स पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्राडा. बिजु थपलियाले विश्वविद्यालयले नेटवर्कलाई थप प्रोत्साहन गर्न विश्वविद्यालयले सहयोग गर्ने बताए। स्विस कन्ट्याक्ट सहज परियोजनाका म्यानेजर ब्रजेश मल्लले नवप्रवर्तनको संस्कृति निर्माण गर्ने अभियानमा परियोजनाको सदैव सहयोग रहन्छ भने।

स्टार्टअप उद्यमशीलता प्रवर्द्धनका लागि दिगो इको सिस्टम सुदृढीकरण गर्ने उद्देश्यले सञ्चालन गरिरहेको स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमअन्तर्गत हालसम्म ६ वटा कोहर्टमार्फत सयभन्दा बढी स्टार्टअपहरूले सहभागिता जनाएका छन्। त्यसैगरी, स्टार्टअप उद्यमीहरूका लागि सुरुवाती अवस्थामा काम गर्ने ठाउँ तथा नेटवर्क बनाउने ठाउँको अभावलाई सम्बोधन गर्न संगठनको सचिवालयमा विराटनगर इन्क्युबेसन सेन्टरसमेत सञ्चालनमा गरिएको छ।

स्टार्टअप उद्यमीका लागि चुनौतीका रूपमा रहेको वित्तीय पहुँचमा सहजीकरण गर्न स्थापित एन्जल इन्भेस्टर्स नेटवर्कले स्टार्टअप इकोसिस्टममा थप एक कडिका रूपमा भूमिका निर्वाह गर्दै उद्यमशीलताप्रति आकर्षण पैदा गर्ने अपेक्षा उद्योगीहरूले लिएका छन्। कोशी प्रदेशलाई नवीन उद्यमशीलताको विकासको हब बनाउने अभिप्रायका साथ स्थापना गरिएको विराटनगर एन्जल इनभेस्टर्स नेटवर्कलाई स्विस कन्ट्याक्ट सहज परियोजना र इन्भेस्टमेन्ट इन्फ्राको प्राविधिक सहयोग गरेको छ।

■ जेन-जी आन्दोलनको असर सेयर बजारमा

तीन दिन लगातार नेप्से बन्द

साताको बिहीबारसम्म मात्रै खुल्ने गरेको नेप्से स्थगन भएपछि अर्को कारोबार आइतबारदेखि मात्रै

नयाँ पत्रिका



यो साता तीन दिन लगातार सेयर बजार (नेपाल स्टक एक्सचेन्ज, नेप्से) बन्द भएको छ। जेन-जी आन्दोलनपछि नेपाली सेनाले लगाएको निषेधाज्ञा र कर्फ्युपछि नेप्से स्थगन भएको हो। साताको बिहीबारसम्म मात्रै खुल्ने गरेको नेप्से स्थगन भएपछि आइतबारदेखि मात्रै खुल्नेछ।

नेप्सेले सूचनामार्फत भनेको छ, 'हालको विषम परिस्थिति एवं कारोबार सदस्य तथा लगानीकर्ताबाट समेत कारोबार स्थगन गर्न अनुरोध भई आएकाले सूचीकरण तथा कारोबार नियमावली, २०७५ को नियम २१ (१) अनुसार ०८२ भदौ २५ र २६ गते दुई दिनको सम्पूर्ण धितोपत्र कारोबार स्थगन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।' मंगलबार पनि नेप्सेले सूचना जारी गरि कारोबार स्थगन गरेको थियो।

१७ भदौदेखि नेपाल स्टक एक्सचेन्ज परिसूचक लगातार ओरालो लागिरहेको छ। यसबिच बजार परिसूचक ८९.६१ अंकले खस्किएको थियो। १७ भदौमा परिसूचक २७६१.८६ विन्दु थियो भने २३ भदौमा आइपुग्दा २६७२.२५ विन्दुमा पुगेको हो। पछिल्लोपटक सेयर कारोबार भने पाँच अर्ब २३ करोड रुपैयाँ थियो।

विराटनगर भन्सारबाट साढे ३६ करोडको औषधि आयात

गत आवमा मात्रै नौ लाख दुई हजार किलो औषधि नेपाल भित्रियो



विराटनगर/ विराटनगर भन्सार कार्यालयबाट एक वर्षमा साढे ३६ करोडबराबरको औषधि आयात भएको छ। गत आर्थिक वर्ष भन्सार कार्यालयबाट आर्थिक वर्ष ०८१/८२ मा ३६ करोड १९ लाख ८७ हजार अर्ब मूल्यबराबरको नौ लाख दुई हजार किलो औषधि आयात भएको तथ्यांक छ। विराटनगर भन्सारबाट सबैभन्दा धेरै एलोपेथिक औषधि आयात हुँदै आएको छ। गत वर्ष विराटनगर नाकाबाट २८ करोड १४ लाख ४४ हजारबराबरको आठ लाख दुई हजार किलोभन्दा बढी औषधि आयात भएको छ। जसबाट विराटनगर भन्सारले ३७ लाख ५० हजारभन्दा बढी राजस्व संकलन गरेको छ।

यस्तै गत वर्ष विराटनगर भन्सारबाट सात कोरेड ८९ करोडबराबरको ८८ हजार नौ सय किलोभन्दा बढी होमियोप्याथिक र आयुर्वेदिक औषधिहरू आयात भएको छ। यसबाट भन्सारले ३९ लाख ४८ हजार राजस्व प्राप्त भएको छ।

विराटनगर भन्सारबाट गत वर्ष एक करोड ६३ लाख ३७ हजारबराबरको ११ सय ७० किलो भिक्स र भिक्सजन्य औषधि आयात भएको छ। जसबाट भन्सारले तीन लाख ९९ हजार राजस्व संकलन गरको छ।

विराटनगर भन्सारमा अघिल्ला आर्थिक वर्षभन्दा औषधि आयात हरेक वर्ष बढदो छ। अघिल्लो आर्थिक वर्ष ०८०/८१ मा विराटनगर भन्सारबाट २८ करोड ३९ लाख २६ हजारभन्दा बढीको नौ लाख ४३ हजार किलो औषधि आयात भएको छ। जसमा एलोपैथिक औषधि २० करोड ७५ लाख ८८ हजारबराबरको आयात भएको छ। यसैगरि होमियोपैथिक र आयुर्वेदिक औषधि सात करोड ३२ लाख ११ हजार अनि भिक्स र भिक्सजन्य औषधिहरू ३१ लाख २५ हजारबराबरको आयात भएको छ।

सागर डिस्टिलरीको आइपिओ निष्कासन अनिश्चितकालका लागि स्थगन

काठमाडौं/ सागर डिस्टिलरी लिमिटेडले बुधबार (२५ भदौ)देखि सर्वसाधारणमा निष्कासन गर्ने भनिएको आइपिओ अनिश्चिकालका लागि स्थगन भएको छ। कम्पनीले देशमा देखिएको पछिल्लो घटनाक्रमका कारण अर्को सूचना जारी नहुँदासम्मका लागि स्थगन गरिएको जनाएको छ। सार्वजनिक निष्कासनका लागि उक्त कम्पनीले १७ भदौमा आह्वानपत्र प्रकाशित गरेको थियो।

कम्पनीले जारी पुँजी ७२ करोड ६० लाख रुपैयाँको २० प्रतिशत अर्थात् १४ करोड ५२ लाख रुपैयाँबराबरको १४ लाख ५२ हजार कित्ता आइपिओ निष्कासन गर्न धितोपत्र बोर्डबार्ड अनुमति पाएको थियो। जसमध्ये पहिलो चरणमा एक लाख ४५ हजार दुई सय कित्ता सेयर वैदेशिक रोजगारीमा रहेका नेपालीमा निष्कासन गरी बाँडफाँट गरिसकेको छ।

त्यसैगरी, कम्पनीले थप ७२ हजार ६०० कित्ता सेयर सामूहिक लगानी कोष र ४३ हजार पाँच सय ६० कित्ता सेयर कम्पनीमा कार्यरत कर्मचारीका लागि छुट् याइसकेको छ।

दोस्रो चरणमा कम्पनीले बाँकी ११ लाख ९० हजार ६ सय ४० कित्ता सेयर निष्कासन गर्न लागेको थियो। यो निष्कासन अनिश्चिकालका लागि स्थगन भएको छ।

चार महिनामा पाँच हजार आठ सय पर्यटक पुगे हुम्ला

सिमकोट/ हुम्ला हुँदै हिन्दुहरूको पवित्र तीर्थस्थल मानसरोवर र कैलाश दर्शन गर्न जाने विदेशी तीर्थयात्री बढेका छन्। नेपाल र चीनबिचमा पर्ने हुम्लाको हिल्सा नाका गत वैशाख १८ गते सञ्चालनमा आएपछि विदेशी पर्यटकको चाप बढेको हो।

जेठदेखि भदौसम्म नेपालगन्ज भएर हुम्ला हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय र अन्य देशका पाँच हजार ८४२ जना पुगेका छन्। जसमा भारतीय तीर्थयात्री पाँच हजार ५१७ र अन्य देशका ३२५ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शंकर पोखरेलले बताए। उनका अनुसार नाका सञ्चालनमा आएपछि मानसरोवर कैलाश दर्शन गर्न आउने विदेशी पर्यटकको संख्या अझै बढ्ने अपेक्षा गरिएको छ। मानसरोवर कैलाश दर्शनका लागि हुम्लाको बाटो छोटो पर्ने भएकाले पछिल्लो समय सिमबोट विमानस्थलमा भारतीय यात्रुको चाप देखिन थालेको छ।

चीनले हिल्सा नाकालाई हुम्लावासीसहित भारतीय पर्यटकहरूका लागि खुला गरेपछि धार्मिक पर्यटकहरूको संख्या वृद्धि भएको सिमकोट विमानस्थलमा कार्यरत दीपेन्द्र भण्डारीले बताए। उनले भने, 'मानसरोवर कैलाशको दर्शन गर्नका लागि हुम्लामा कोरोना संक्रमणपछिको यो ठुलो संख्या हो, भारतीय पर्यटक आउने क्रम निकै बढी छ।'

उनका अनुसार मौसमअनुकूल भएको अवस्थामा दैनिक पाँचदेखि दश वटासम्म नेपालगन्जबाट उडान हुने गरेको छ। जसमा सीता, समिट र तारा एयरले उडान भर्दै आएका छन्। सिमकोट विमानस्थलबाट हिल्साका लागि विभिन्न हेलिकोप्टरले पर्यटकलाई सेवा दिइरहेका छन्।



गत जेठमा मानसरोवर कैलाशको दर्शनका लागि पर्यटक आउन सुरु गरेका थिए। कतिपय पर्यटकहरू गाडीमार्फत हिल्सा हुँदै मानसरोवर पुग्ने गरेको हुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष रामबहादुर भण्डारीले बताए। उनका अनुसार चार महिनायता सदरमुकाम सिमकोटसहित हिल्साका होटेल पर्यटकले भरिभराउ छन्।

जिल्लाको सिमकोट र नाम्खा गाउँपालिकाले हुम्ला पुगेका विदेशी पर्यटकबाट शुल्कसमेत उठाउँदै आएको छ। जसमा भारतीय पर्यटकलाई प्रतिव्यक्ति रु. ११ सय र अन्य देशका पर्यटकको हकमा प्रतिव्यक्ति रु. १५ सय तोकिएको छ।

पद्मावती वचत तथा ऋण सहकारी संस्था लि.
नःबहाल, वडा २०, ललितपुर

३२ औँ वार्षिक साधारण सभासम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/५/२६

आदरणीय शेयर सदस्य महानुभावहरू,

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८२ भाद्र ८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको ३२औँ वार्षिक साधारण सभा सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६ बमोजिम तपसिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने साधारण सभाको बैठकमा अनिवार्य उपस्थितिको लागि सम्पूर्ण सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं।

छलफलका प्रस्तावहरू :

(१) संचालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत आ.व. २०८१/०८२ बार्षिक प्रतिवेदन, नीति तथा कार्ययोजनाका सम्बन्धमा,
(२) संचालक समितिको तर्फबाट कोषाध्यक्षबाट प्रस्तुत आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को वार्षिक बजेटका सम्बन्धमा,
(३) लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत आ.व. २०८१/०८२ का आन्तरिक लेखापरिक्षण प्रतिवेदनका सम्बन्धमा,
(४) बाह्य लेखापरिक्षकको आ.व. २०८१/०८२ को बार्षिक लेखा परिक्षण प्रतिवेदनका सम्बन्धमा,
(५) आ.व. २०८२/०८३ का लागि बाह्य लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारणका सम्बन्धमा,
(६) आ.व. २०८१/०८२ को लाभांश वितरणका सम्बन्धमा,
(७) संचालक वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा,
(८) संस्थाको विनियम, नीति, कार्यविधि तथा निर्देशिका संशोधन सम्बन्धमा,
(९) संचालक समितिको बैठकको निर्णयहरू पारित सम्बन्धमा,
(१०) सदस्यको दायित्व मिनाहा गर्ने सम्बन्धमा,
(११) लिलामबाट बिक्री नभएको सम्पत्ति सकार गरी बिक्री गर्ने सम्बन्धमा,
(१२) संचालक समिति, लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता र अन्य सुविधा तथा व्यवस्थापकको पारिश्रमिक सम्बन्धमा,
(१३) समितिलाई आवश्यक निर्देशन दिने सम्बन्धमा,
(१४) कर्मचारीको दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा,
(१५) साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गर्न सदस्यहरुको चयन गर्ने सम्बन्धमा।

कार्यक्रम
मिति : २०८२ आश्विन २५ गते शनिबार
समय : बिहान १० बजे
स्थान : पद्मावती महाविहार, नःबहाल, ललितपुर

सञ्चालक समितिको निर्देशानुसार
सचिव

महिला लिगमा छनोट हुने पाँच टोली

छनोट भएका पाँच टोलीले राष्ट्रिय महिला लिगमा नेपाल एपिएफ, नेपाल पुलिस र त्रिभुवन आर्मी, बागमती युवा र वालिङ नगरपालिकाविरुद्ध प्रतिस्पर्धा गर्ने

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गर्ने राष्ट्रिय महिला लिगमा पाँच टोलीले स्थान सुरक्षित गरेका छन्। छनोट चरणमा प्रतिस्पर्धा गरेका १४ मध्ये पाँच टोलीले राष्ट्रिय लिगमा स्थान पक्का गरेका हुन्। समूह 'ए'बाट शीर्ष दुईमा रहेका ललितपुरको चर्च ब्वाइज युनाइटेड तथा कास्कीको आरएस रिसोर्ट छनोट भएका हुन्।

समूह 'बी'बाट संकटा र न्युरोड टिम (एनआरटी) शीर्ष दुई स्थानमा रहँदै लिगमा स्थान पक्का पारे। राप्ती एफसीलाई हराउँदै झापा लिगमा छनोट हुने पाँचौं टोली बनेको हो। एन्फाले २९ साउनदेखि २३ भदौ ०८२ सम्म आयोजना गरेको लिग छनोटमा कुल ४३ खेल आयोजना भए। जसमा एक सय ७३ गोल र आठ ह्यात्रिक भएको थियो। लिगमा संकटाकी स्ट्राइकर पूर्णिमा राईले सर्वाधिक ६ गोल गरिन्। छनोट भएका पाँच टोलीले गत वर्ष लिगको शीर्ष पाँचमा रहेका टोलीसँग प्रतिस्पर्धा गर्नेछन्। शीर्ष पाँचमा विभागीय तीन टोली नेपाल एपिएफ, नेपाल पुलिस र त्रिभुवन आर्मीसँगै बागमती युवा र वालिङ नगरपालिका रहेका छन्। एपिएफ पछिल्लो तीन संस्करणको साबिक विजेता हो।

▶ संकटा (२१ अंक)



सहिद स्मारक 'ए' डिभिजन लिग क्लब संकटाले लगातार दोस्रोपटक महिला लिगमा स्थान बनायो। गत वर्ष संकटाले पहिलोपटक महिला टोली बनाएको थियो। संकटा 'ए' डिभिजन लिगमा विभागीय टोलीबाहेक पहिलो महिला टोली बनाउने क्लब हो। यसअघि पनि संकटाले महिला लिग छनोट हुँदै लिग खेलेको थियो।

तर, शीर्ष पाँचभित्र नपरेपछि यसपटक पनि संकटाले छनोट खेल्यो। यसपटक टोली छनोटमा पराजित रह्यो। ६ मध्ये पाँच खेल जित्दा एक खेल बराबरी खेल्यो। कुल १६ अंक जोडेको संकटा एक खेलअघि नै महिला लिगमा छनोट भएको हो। संकटाले छनोटमा नेपालको उमेर समूहबाट खेलिसकेका खेलाडीलाई मैदानमा उतारेको थियो। नेपालको यू-२० टिमबाट खेलिसकेकी पूर्णिमाले सर्वाधिक ६ गोल गरिन्। यसबाहेक सेनु परियारले चार तथा सुक्रिया मिया र रेनिशा शर्माले समान तीन गोल गरेका हुन्।

▶ एनआरटी (१३ अंक)



एनआरटीले निर्णायक मानिएको छनोटको अन्तिम खेलमा बुटवल लुम्बिनीलाई २-० ले हरायो। यस खेलमा हार व्यहोरिँदा एनआरटीको छनोट कठिन थियो। एनआरटीले ६ खेलमा चार जित। समान एक बराबर र हारको सामना गऱ्यो। छनोट खेलमा कुल २१ गोल गर्दा ६ गोल खाएको एनआरटीले १३ अंक जोडेको छ। समूहमा झापालाई एक अंकले पछि पार्दै प्ले-अफ खेल्नबाट एनआरटी बचेको थियो। एनआरटीले पहिलोपटक महिला लिग खेल्न लागेको हो। एनआरटीको यात्रामा सजिना स्याङ्तानले सर्वाधिक पाँच गोल गरेकी थिइन्। प्रतीक्षा ठकुरीले चार तथा संगीताकुमारी मल्लले तीन गोल गरिन्।

▶ चर्च ब्वाइज युनाइटेड (१५ अंक)



डेब्यु गरेको वर्ष नै सहिद स्मारक 'ए' डिभिजन लिग उपाधि जितेको चर्च ब्वाइज युनाइटेडले पहिलोपटक महिला टोली बनायो। कैलाली जिल्ला फुटबल संघसँग सहकार्य गरेर टोली बनाएको चर्च ब्वाइज समूह 'ए'को शीर्ष स्थानमा रहँदै सीधै महिला लिगमा छनोट भयो।

पहिलो सहभागितामै चर्च ब्वाइजले ६ मध्ये पाँच खेल जित्यो। एक खेलमा हारको सामना गऱ्यो। चर्च ब्वाइज एक मात्रै खेलमा राप्ती फुटबल क्लबसँग २-१ ले पराजित भएको थियो। चर्च ब्वाइजले पनि नेपालको यू-१५, यू-१६ र यू-१८ खेलेका खेलाडी समावेश गरी टोली बनाएको हो। लिगमा सुजना पुलुङ्वाले सर्वाधिक पाँच गोल गरेकी थिइन्। मनिता तुमरोकले चार तथा वर्षा ओलीले तीन गोल गरे।

▶ आरएस रिसोर्ट (१५ अंक)



मोफसलबाट महिला लिगमा यसपटक छनोट हुने पहिलो टोली आरएस रिसोर्ट हो। यसको मुख्य नाम आरएस रिसोर्ट एन्ड बिच फुटबल क्लब हो। आरएसले कास्कीमा रहेर एक दशकयता नै पुरुष फुटबल खेल्दै आएको छ। पछिल्लो ६ महिना भने महिला लिग खेल्ने योजनासहित टोली बनायो। क्लबका अध्यक्ष रमेश कार्कीले छनोटका लागि केही स्थानीय तथा उमेर समूहबाट बाहिरिएका अन्तिम खेलाडीलाई टोलीमा समावेश गरिएको थियो।

पोखरामा लामो तयारीपछि आरएस लिग छनोट खेल्न काठमाडौं आयो। टोलीले ६ मध्ये पाँच खेल जित्दै समूह 'ए'को उपविजेता बनेर महिला लिगमा स्थान बनायो। आरएस एक खेलमा भने पराजित भयो। २० गोल विपक्षी पोस्टमा गर्दा उसले सात गोल मात्रै व्यहोरेको छ। टोलीलाई छनोट गराउने क्रममा ईशा चौधरीले सर्वाधिक पाँच र सरिता विकले चार गोल गरेका थिए। समान अंक भएपछि चर्च ब्वाइजभन्दा ६ गोलले पछाडि पर्दा आरएस उपविजेतामै रह्यो।

▶ झापा फुटबल (१२ अंक)



झापाले प्ले-अफ खेलमा राप्ती फुटबल क्लबलाई १-० ले हराउँदै लिगमा छनोट हुने पाँचौं टोली बनेको हो। दुई समूहका शीर्ष दुई गरी चार टोली सीधै प्ले-अफमा स्थान बनाउँदा पाँचौं टोलीको टुंगो प्ले-अफबाट लागेको हो। समूह 'बी'को तेस्रो स्थानमा रहेको झापाको १२ तथा समूह 'ए'को राप्तीको १३ अंक रहेको थियो। निर्णायक खेलको दोस्रो हाफको इन्जुरी समयमा रेखा विष्टले विजयी गोल गरेपछि झापाले महिला राष्ट्रिय लिगमा स्थान बनायो। झापाकी कप्तान इमा राईले सर्वाधिक पाँच गोल गरेकी थिइन्। पुष्पकुमारी खड्का र सुनकला राईले समान दुई गोल गरेका थिए। झापा फुटबल क्लबको जन्म फ्रेन्चाइज नेपाल सुपर लिगबाट भएको थियो। पहिलो संस्करणबाट विराटनगरले नाम फिर्ता लिँदा झापा, वीरगन्ज र इलामले दोस्रो संस्करणमा मौका पाएका हुन्। तेस्रो संस्करण पनि खेलेको झापाले त्यसपछि महिला लिगमा पनि आफूलाई समावेश गरेको हो।

■ टी-२० एसिया कप

अफगानिस्तान ९४ रनले विजयी

एजेन्सी

अफगानिस्तानले एसिया कप क्रिकेट प्रतियोगितामा हङकङलाई ९४ रनले हराएको छ। प्रतियोगिताको मंगलबार राति उद्घाटन खेलमा अफगानिस्तानले पहिलो ब्याटिङ गरी २० ओभरमा ६ विकेट गुमाएर एक सय ८८ रन बनाएको थियो। प्रत्युत्तरमा हङकङले २० ओभरमा नौ विकेटको नोक्सानीमा ९४ रन मात्र जोड्यो। अफगानिस्तानको सानदार जितमा अजमातुल्लाहले अलराउन्ड प्रदर्शन गरेका थिए। उनले ब्याटिङमा २१ बल सामना गरी ५३ रन बनाए। बलिङका क्रममा उनले चार रन खर्चँदै एक विकेट हात पारे। खेलमा उनी नै म्यान अफ दी म्याच भए।

दुई अर्धशतकीय इनिङ्स

पहिलो ब्याटिङ गरेको अफगानिस्तानको सुरुवात गतिलो भएन। इनिङ्सको ३.२ ओभरमा अफगानिस्तानले २६ रन जोड्दा दुई विकेट गुमाएको थियो।



त्यसपछि मोहमद नावीले २६ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३३ रनको योगदान दिए। मध्यक्रमका ओमाजीले आक्रामक ब्याटिङ गर्दै अफगानिस्तानको रनरेट उकासे। उनले आफ्नो ब्याटिङमा पाँच छक्का र दुई चौका प्रहार गरेका थिए। ओपनर सदिक्वलाले अन्तिमसम्म नटआउट रहे। उनले ५२ बलमा तीन छक्का र ६ चौका प्रहार गरी सर्वाधिक ७३ रनको योगदान दिए। उनले ओमाजीसँग छैटौं विकेटका लागि ८२ रनको साझेदारी गरे।

अफगानिस्तानको कसिलो बलिङ

हङकङविरुद्ध अफगानिस्तानले कसिलो बलिङ गरेको थियो। फजहल्क, ओमाजी, रसिद खान, नुर अहमेद तथा गुल्वदिन नैवले विकेट लिए। फजहल्क र नैवले समान दुई विकेट हात पारे। हङकङको ब्याटिङमा बाबर हयातले सर्वाधिक ३९ रनको योगदान दिए। उनले ४३ बलमा तीन छक्का प्रहार गरे। यसैगरी, कप्तान यसिम मुताजले २६ बलमा १६ रन बनाए।

अफगानिस्तानको कसिलो बलिङअगाडि हङकङको ब्याटिङ कमजोर देखियो। हङकङले इनिङ्सको ०.२ ओभरमै ओपनर अंशुलाई गुमाएको थियो। हङकङले स्कोरबोर्डमा पाँच विकेट गुमाउँदा ४३ रन मात्र बनाएको थियो। सो इनिङ्समा दुई खेलाडी डकआउट भएका थिए। सात ब्याट्समयानले दोहोरो रनै बनाएनन्। निजाकत खान शून्य रनमा रनआउट हुँदा एक बल पनि सामना गर्न पाएनन्। उनी रसिद खानले सीधै फ्याँकेको बलमा रनआउट भएका हुन्। हङकङको ब्याटिङमा कुनै पनि विकेटका लागि गतिलो साझेदारी भएन।

आइसिसी टी-२० पुरुष विश्वकप आगामी फेब्रुअरीमा

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले सन् २०२६ को पुरुष टी-२० विश्वकप प्रतियोगिता आगामी ७ फेब्रुअरीदेखि ८ मार्चसम्म हुने जनाएको छ। भारत र श्रीलंकाले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन्। सन् २०१२ मा श्रीलंका र सन् २०१६ मा भारतले विश्वकप आयोजना गरेका थिए। २० राष्ट्र सहभागी हुने टी-२० विश्वकप पहिलोपटक भारत र श्रीलंकाले आयोजना गर्न लागेका हुन्।

भारतमा पाँच तथा श्रीलंकाका दुई स्थानमा विश्वकपका खेल हुने आइसिसीले जनाएको छ। विश्वकपको फाइनल भारतको अहमेदावाद वा श्रीलंकाको कोलम्बोमा हुनेछ। उपाधि भिडन्तको खेल-स्थान तय भइसकेको छैन। पाकिस्तान फाइनल पुगेको अवस्थामा खेल कोलम्बोमा हुनेछ। पाकिस्तानले फाइनल स्थान नबनाउँदा उपाधि भिडन्त भारतमा हुनेछ। केही वर्षयता पाकिस्तानले भारत तथा भारतले पाकिस्तानको भूमिमा गएर प्रतिस्पर्धा गरेका छैनन्। दुवैले तटस्थ भूमिमा प्रतिस्पर्धा गर्दै आइरहेका छन्। दुई वर्षअघि पाकिस्तानले एसिया कप आयोजना गरेको थियो। तर, भारतले पाकिस्तानमा गएर प्रतिस्पर्धा नगर्ने भएपछि खेल श्रीलंकामा सारिएको थियो। गत फेब्रुअरीमा पाकिस्तानले आयोजना गरेको आइसिसी पुरुष च्याम्पियन्स ट्रफीको खेल युएईमा भएको थियो। भारतले पाकिस्तानमा गएर प्रतिस्पर्धा नगर्ने अडान राखेपछि खेल 'हाइब्रिड' शैलीमा अपनाइएको थियो।



आगामी वर्ष भारत र श्रीलंकाले आयोजना गर्ने विश्वकपमा युरोपबाट नेदरल्यान्ड्स र इटाली पुग्दा बलियो राष्ट्र स्कटल्यान्ड छनोट हुन असफल

विश्वकपमा १५ राष्ट्र छनोट

सन् २०२६ को विश्वकपमा अहिलेसम्म १५ राष्ट्रले स्थान पक्का गरिसकेका छन्। भारत, श्रीलंका, अफगानिस्तान, अस्ट्रेलिया, बंगलादेश, इंग्ल्यान्ड, दक्षिण अमेरिका, अमेरिका, वेस्ट इन्डिज, न्युजिल्यान्ड, पाकिस्तान, आयरल्यान्ड, क्यानडा, नेदरल्यान्ड्स र इटालीले विश्वकपमा टिकट पक्का गरिसकेका छन्। सन् २०२४ को विश्वकपको आयोजक अमेरिका पहिलोपटक क्वार्टरफाइनलमा पुगेका कारण सीधै यसपटक छनोट भएको हो। गत वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा विश्वकप आयोजना गरेका थिए।

आइसिसीले यसपटक सहभागी संख्याका आधारमा चार वा पाँच समूह बनाइने जनाएको छ। आइसिसीका अनुसार प्रत्येक समूहका शीर्ष दुई टोलीले सुपर एटमा स्थान बनाउनेछन्। साथसाथै आइसिसीले सीधै आठ टोलीबिच क्वार्टरफाइनल खेल अवधारणा पनि ल्याउने तयारी गरेको छ। सुपर एट लागू भएमा शीर्ष चार टोलीले सेमिफाइनल स्थान बनाउनेछन्। गत संस्करणको फाइनलमा भारतले दक्षिण अमेरिकामाथि सनसनी जित निकाली उपाधि हात पारेको थियो। सो प्रतियोगितामा कुल ५५ खेल भएका थिए।

इटाली पहिलोपटक विश्वकपमा

युरोपियन छनोटमा अप्रत्याशित नतिजा निकाली इटालीले विश्वकपमा पहिलोपटक स्थान बनाएको हो। इटाली छनोट भएसँगै युरोपको बलियो राष्ट्र स्कटल्यान्ड विश्वकपको दौडबाट बाहिरिएको थियो। युरोपबाट नेदरल्यान्ड्स शीर्ष स्थानमा रहँदै विश्वकपमा पुगेको हो। लगातार चार विश्वकप खेलेको स्कटल्यान्ड अन्तिम बलमा न्यु जर्सीबाट पराजित हुँदा छनोट नभएको हो। अहिले एसियन छनोट हुन बाँकी छ।

■ बंगलादेशी खेलाडी जिममा अभ्यास गर्दै

काठमाडौं/ जेन-जीको आन्दोलनका कारण घर फर्कन नपाएको बंगलादेशको राष्ट्रिय पुरुष फुटबल टोलीका खेलाडी बुधबार होटेलको जिम खानामा प्रशिक्षण गर्दै छन्। दुई मैत्रीपूर्ण खेल खेल्न टोली गत साता नेपाल आएको थियो। मंगलबार दोस्रो मैत्रीपूर्ण खेल हुने तय थियो। आयोजक एन्फाले सुरक्षाको कारण जनाउँदै खेल स्थगित गऱ्यो। मंगलबार दिउँसो चार बजे बंगलादेशी टोली घर फर्कने योजनामा थियो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द हुँदै उनीहरू स्वदेश फर्कन पाएनन्। यसैबिच बंगलादेशका फुटबलर जमाल भुयानले नेपालको स्थिति ज्यादै खराब भएको बताएका छन्। उनले काठमाडौं सुरक्षित नभएको सोसल मिडियामा लेखेका छन्। 'हामी नेपालको काठमाडौंमा छौं, तर यहाँको अवस्था ज्यादै नाजुक छ। सुरक्षित नभएको अवस्थामा खेल रद्द भयो। हामी आन्दोलनका क्रममा मारिएकाहरूको आत्मको शान्ति कामना गर्छौं,' उनले भने।

तस्बिर : सोसल मिडिया



एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड स्थगित

काठमाडौं/ नेपाल खेलकुद पत्रकार मञ्चको आयोजनामा हुन लागेको एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डको २२औं संस्करण स्थगित भएको छ। मञ्चले पहिलोपटक अवार्ड २८ र २९ भदौमा पोखरामा आयोजना गर्दै थियो। पछिल्लो घटना क्रमका कारण देशको अवस्था सामान्य नभएकाले अवार्ड स्थगित गरिएको मञ्चले जनाएको छ।

'नेपाल खेलकुद पत्रकार मञ्चले यही २८ र २९ भदौमा पोखरामा आयोजना गर्न लागेको एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड ०८१ स्थगित गरिएको जानकारी गराउन चाहन्छौं। जेन-जी पुस्ताको आन्दोलन र देशमा सिर्जित पछिल्लो घटना क्रमका कारण देशको अवस्था सामान्य नभएकाले यस्तो समयमा यस्तो अवार्ड आयोजना गर्नु सान्दर्भिक हुने देखिन्न,' मञ्चले जनाएको छ।

२२औं संस्करणको अवार्डका सबै तयारी पूरा भइसकेको, तर पछिल्लो घटना क्रममले स्थगित गर्नुपरेको मञ्चले जनाएको छ। 'मञ्च परिवार अवार्डमा सहभागी हुने तयारी गरिरहेका खेलाडी, खेलकर्मी र अन्तर्राष्ट्रिय पाहुनाहरूमा पर्ने असुविधाका लागि क्षमा चाहन्छ। स्थिति सहज भएपछि स्पोर्टस् अवार्ड आयोजनाको आगामी मिति तय गरिने जानकारी गराइनेछ,' विज्ञप्तिमा भनिएको छ। पहिलोपटक उपत्यकाबाहिर लाने क्रममा यसपालि पोखरामा गर्न लागिएको अवार्डमा विगतजस्तै १० विधा समावेश छन्।

■ विश्वकप छनोट

साबिक र पूर्वविश्वकप विजेता स्तब्ध

एजेन्सी

दक्षिण अमेरिकी विश्वकप छनोट प्रतियोगितामा बुधबार बिहान साबिक तथा पूर्वविश्व च्याम्पियन टोली पराजित भएका छन्। पाँचपटकको विश्वकप विजेता ब्राजिलमाथि बोलिभियाले १-० को स्तब्ध नतिजा निकाल्यो। अर्को खेलमा साबिक विजेता अर्जेन्टिना इक्वेडरसँग १-० ले पराजित भयो। ब्राजिललाई हराएको बोलिभिया प्ले-अफमा पुगेको छ। सन् २००९ पछि पहिलोपटक बोलिभियाले ब्राजिललाई हराएको हो। यसअघि भएका चार खेलमा ब्राजिलले बोलिभियामाथि तीनभन्दा बढी अन्तरले जित निकालेको थियो। बुधबार बिहानको जितलाई बोलिभियाले ऐतिहासिक भनेको छ।

सन् २०२६ विश्वकप छनोटको अन्तिम खेलमा समुद्री सतहदेखि चार हजार एक सय ५० हजार मिटर उचाइमा प्रतिस्पर्धा भएको थियो। ब्राजिलले चार हजार एक सय ५० मिटर उचाइमा रहेको रंगशालामा प्रतिस्पर्धा गर्दा धेरै कठिनाइ सामना गरेको एजेन्सीले जनाएको छ। पाहुना टोलीका रूपमा बोलिभिया पुगेको ब्राजिली खेलाडीलाई खेल नियन्त्रणमा लिन हम्मे-हम्मे परेको थियो। ब्राजिलले केवल ४२ प्रतिशत बल नियन्त्रणमा राखेको थियो।

यसको भरपूर फाइदा बोलिभियाले लिँदै आक्रमण खेल प्रस्तुत गऱ्यो। बोलिभियाले २३ मध्ये १० प्रहार पोस्टलक्षित गरेको थियो। यसविपरीत ब्राजिलले १० मध्ये तीन मात्र अनटार्गेटमा रह्यो। ब्राजिलियन खेलाडीलाई हाइअल्टिच्युटको सामस्या भएको एजेन्सीले जनाएको छ। प्रशिक्षक एन्सेलोटीले पनि धेरै उचाइमा प्रतिस्पर्धा गर्दा खेलाडीलाई समस्या परेको जनाएका छन्। 'हामीलाई यस किसिमको उचाइमा प्रतिस्पर्धा गर्ने बानी छैन।

जसका कारण नसोचेको नतिजा आत्मसात् गर्यौं,' एन्सेलोटीले भने, 'खेल जित्न खेलाडीले हरेक प्रयास गरे, तर हाइअल्टिच्युटका कारण खेलाडीले सोचेको जस्तो प्रतिस्पर्धा गर्न सकेनन्।'

बोलिभियालाई घरेलु मैदानको फाइदा

प्रतिस्पर्धामा ब्राजिल खेलको सुरुदेखि नै बोलिभियाविरुद्ध लयमा देखिएन। सातौं मिनेटमा लुइस हाकिनको शक्तिशाली प्रहारलाई ब्राजिलियन गोलरक्षक एलिसन बेकरले उत्कृष्ट बचाउ गरे। खेलको १७औं मिनेटमा लुइसको अर्को प्रहारलाई गोलरक्षक एलिसनले बचाए। पहिलो हाफमा ब्राजिलले एक मात्र गोल प्रयास खेलको ४०औं मिनेटमा गरेको थियो। इन्जुरी समयमा बोलिभियाले पेनाल्टी पायो। मिगेल आन्जेलले गोल गर्दा बोलिभिया १-० ले अगाडि रह्यो। दोस्रो हाफमा बोलिभियाले अग्रता बनाउने अवसर खेर फाल्यो। खेलको ५४औं मिनेट र ७१औं मिनेटमा बोलिभियाको गोल प्रयासलाई ब्राजिलियन गोलरक्षक एलिसनले बचाए। यस जितसँगै बोलिभियाले इन्टर-कन्फेडेरेसन प्ले-अफ स्थान बनाउँदा भावनात्मक रूपमा विजय उत्सव मनायो। हारपछि ब्राजिल अंकतालिकामा दोस्रोबाट पाँचौं स्थानमा पुगेको छ।

अर्जेन्टिना इक्वेडरसँग पराजित

दक्षिण अमेरिकी विश्वकप छनोटको अन्तिम खेलमा अर्जेन्टिना १-० इक्वेडरसँग पराजित भयो। इक्वेडरको जितमा भ्यालेन्सियाले पेनाल्टी गोल गरेका थिए। प्रतिस्पर्धाको इन्जुरी समयमा भिआरका माध्यमबाट इक्वेडरले पेनाल्टी पाएको हो। गोलरक्षक मार्टिनेजले भ्यालेन्सियाको पेनाल्टी छेक्न उत्कृष्ट डाइभ गरेका थिए। तर, उनी असफल भएसँगै अर्जेन्टिना छनोटको अन्तिम खेलमा हारको सामना गऱ्यो। अर्जेन्टिनाका गोलरक्षक एमिलियानो मार्टिनेजले दुईपटक उत्कृष्ट बचाउ गरेका थिए। खेलको ६५औं मिनेटमा निकोलास ओटामेन्डीले भ्यालेन्सियालाई पछाडिबाट धकेलेपछि रातो कार्ड पाए। जसका कारण उनले अब विश्वकपको पहिलो खेल गुमाउनेछन्। इक्वेडरका कैसिडोले पनि खेलमा रातो कार्ड पाए। अर्जेन्टिनाका प्रशिक्षक स्कोलिनी जुलियन आल्भारेज, फ्रांको मास्तान्तुओनो, नाहुएल मोलिना र जियोभानी लो सेल्सोलाई मैदानमा उतारे।

दक्षिण अमेरिकी विश्वकप छनोटमा अर्जेन्टिना इक्वेडरसँग १-० र ब्राजिल बोलिभियाबाट १-० ले पराजित



रोनाल्डोले गरे बराबरी विश्वकीर्तिमानी गोल

पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले विश्वकप छनोटमा कार्लो लुइससँग विश्वकीर्तिमानी गोल बराबरी गरेका छन्। युरोपियन छनोटमा हंगेरीमाथि पोर्चुगलले ३-२ ले जित निकाल्दा रोनाल्डोले एक गोल गरेका थिए। विश्वकप छनोटमा लुइस र रोनाल्डोका नाममा समान ३९ गोल रहेका छन्। अर्जेन्टिनी कप्तान लियोनल मेसीले ३६ गोल गरेका छन्। ४० वर्षीय रोनाल्डोले दुई सय २३ अन्तर्राष्ट्रिय खेलमा एक सय ४१ गोल गरेका छन्। पुस्कार एरिना रंगशालामा रोनाल्डोले खेलको ५८औं मिनेटमा पेनाल्टी गोल गरेका हुन्। गत साता पोर्चुगलले अर्मेरियालाई ५-० ले हराउँदा रोनाल्डोले दुई गोल गरेका थिए। समूह 'एफ'मा पोर्चुगलले दुई खेलबाट ६ अंक जोडेको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com